नेपाल कम्युनिष्ट पार्टी (मसाल)को मुखपत्र

# मसाल

अंक-७० / २०६७ पौष

प्रकाशक

**नेपाल कम्युनिष्ट पार्टी (मसाल)**

केन्द्रीय कार्यालय

Website : www.ncpmashal.org, www.cpnmashal.org




अन्तर्राष्ट्रिय सम्मेलन विशेषाङ्क

• यसभित्र


१. सम्पादकीय - आज देश गम्भीर संकटमा डुबिएको छ

• आई.सी.ओ.आर.को अन्तर्राष्ट्रिय स्थापना सम्मेलन

२. आई.सी.ओ.आर.को स्थापना सम्बन्धी प्रस्ताव ३

३. का. स्टेफेन एन्जेलद्वारा प्रस्तुत परिचयात्मक भाषण ६

४. आई.सी.ओ.आर.को विधान ११

५. आई.सी.ओ.आर.का व्यवहारिक कार्यहरू १५

६. आई.सी.ओ.आर.को सम्मेलनमा ने.क.पा. (मसाल)का तर्फबाट प्रस्तुत शुभकामना १९

७. संगठनात्मक प्रस्तावको छलफलमा प्रस्तुत वक्तव्य १९

• मार्क्सवादी-लेनिनवादी पार्टी र संगठनहरूको दसौं अन्तर्राष्ट्रिय सम्मेलन

८. विश्व आर्थिक तथा वित्तीय संकट सम्बन्धी प्रस्ताव १७

९. तथाकथित 'आतंक' बारे युद्ध सम्बन्धी प्रस्ताव २०

१०. वातावरण सम्बन्धमा मार्क्सवादी-लेनिनवादी पार्टीहरूको संकल्प प्रस्ताव २१

११. राष्ट्रिय प्रतिवेदन २२

१२. मोर्चा तथा जनवर्गीय संगठनका गतिविधिहरू २८-३१

- वातावरणीय संकटका विरूद्ध विचारगोष्ठी सम्पन्न
- राष्ट्रिय जनअभियान कार्यक्रम माथि आक्रमण
- अन्तर्राष्ट्रिय नेपाली एकता समाजको भेला सम्पन्न
- रक्तिमको राष्ट्रिय प्रशिक्षण र भेला सम्पन्न
- अखिल नेपाल शिक्षक संघको विधिवत स्थापना
- भारतमा संघीयताका विरूद्ध मोर्चा गठन
- सीमानामा हुने लुटपाट विरूद्ध एकता समाजद्वारा विरोध
- रूपन्देही जिल्ला अधिकारीलाई ज्ञापन
- अर्घाखा राजमोको विशाल सभा
- पूजाकाण्डको खारेजी जनताको जीत
- विद्यार्थी जागरण अभियान जारी
- राजमोको 'राष्ट्रिय जनअभियान' चल्दै
- जातीय समता समाजको गतिविधि
- अखिल नेपाल जनजाति सम्मेलनको गतिविधि
- अखिल नेपाल युवक संघको गतिविधि

१३. नेपाल कम्युनिष्ट पार्टी (मसाल)का महामन्त्री का. मोहनविक्रम सिंहद्वारा जारी वक्तव्यहरू ३२-४०

■ सम्पादकीय

# आज देश गम्भीर संकटमा उभिएको छ

देश आज गम्भीर संकटको मुखमा उभिएको छ । वास्तवमा आज गणतन्त्र र राष्ट्रियता दुवैका अगाडि गम्भीर खतरा उत्पन्न भएको छ । २०६२-६३ को आन्दोलनको परिणाम स्वरूप देशमा राजतन्त्रको अन्त भएर गणतन्त्रको स्थापना भयो । करिब ६ दशकको संघर्षपछि संविधानसभाको चुनाव भयो । तर अहिलेसम्म त्यो (संविधानसभा) संविधान बनाउन असफल भएको छ । पहिले त्यसका लागि तोकिएको दुईवर्षको अवधिमा संविधानको निर्माण हुन सकेन भने त्यसका लागि थपिएको एक वर्षको अवधिमा पनि संविधानको निर्माणको सम्भावना कम हुँदै गइरहेको छ । संविधान बनेन भने गणतन्त्रलाई संस्थागत र सुदृढ गर्ने काम हुन सक्नेछैन । त्यसरी आज देशमा गणतन्त्र कायम भएपनि त्यसको अस्तित्वमा गम्भीर खतरा उत्पन्न भएको छ । देशमा कायम भएको राजनीतिक अस्थिरता, संविधानको निर्माण कार्यमा देखापरेको अनिश्चयता तथा विभिन्न राजनीतिक शक्तिहरूका अमेरिका वा यूरोपियन साम्राज्यवाद तथा भारतीय विस्तारवाद प्रतिका सम्झौतापरस्त प्रवृत्तिहरूका कारणले पनि देशको राष्ट्रियताका अगाडि गम्भीर संकटको अवस्था उत्पन्न भएको छ ।

संघीयता, जातीय राज्य, आत्मनिर्णयको अधिकार, बहुराष्ट्रिय राज्य वा एक मधेश, एक प्रदेशका अवधारणाहरूले पनि देशलाई जातीय र क्षेत्रीय द्वन्द्व तथा राष्ट्रिय विखण्डनको दिशामा लैजाँदै छन् । जन्मको आधारमा नागरिकताका कारणले विदेशीहरू, मुख्यतः भारतीयहरू ठूलो संख्यामा नेपालका नागरिकहरू बनेका छन् । बिना नागरिकता मतदाता सूचीमा नाम समावेश गर्न सकिने निर्वाचन आयोगको आदेशका कारणले पुनः भारतीयहरू ठूलो संख्यामा नेपाली मतदाता र नागरिक समेत बन्नसक्ने सम्भावना बढेर गएको छ । अहिले सर्वोच्चको आदेशले त्यो निर्णयको कार्यान्वयन स्थगित गरिएको छ । तर त्यो अन्तिम फैसला होइन । सर्वोच्चले निर्वाचन आयोगको निर्णयलाई लागू गर्ने कुनै निर्णय गऱ्यो भने पुनः विदेशीहरू ठूलो संख्यामा नेपालका मतदाताहरू बन्ने सम्भावना उत्पन्न हुनेछ र त्यसरी देशमा फिजीकरणको खतरा उत्पन्न हुनेछ ।

आज देशमा जुन प्रकारको अवस्था उत्पन्न भएको छ, त्यस सिलसिलामा मुख्य रूपले प्रतिगामी राजनीतिक शक्तिहरू तथा साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको भूमिका माथि विचार गर्नुपर्ने आवश्यकता छ । प्रतिगामी शक्तिहरूले संविधानको निर्माण र गणतन्त्रलाई संस्थागत गर्ने कार्यमा समेत सकेसम्म बाधा पुराउने प्रयत्न गर्दैछन् । साम्राज्यवादी र तिनीहरूको हस्तक्षेप, षडयन्त्रकारी भूमिकाका कारणले देशको राष्ट्रियता, सार्वभौमिकता, अखण्डता, राष्ट्रिय अर्थतन्त्र र अस्तित्वमा समेत गम्भीर क्षति पुग्ने तथा देश असफल राष्ट्रमा बदलिने सम्भावनाहरू गम्भीर बन्दैछ । त्यो अवस्थामा ती दुवै शक्तिहरूका विरूद्धको संघर्षमा विशेष जोड दिनुपर्ने आवश्यकता छ ।

प्रश्न खालि प्रतिगामी तथा विदेशी साम्राज्यवादी र विस्तारवादी शक्तिहरूको मात्र होइन । उनीहरूप्रति सम्झौतापरस्त नीति अपनाउने संविधानसभा र गणतन्त्र पक्षधर विभिन्न राजनीतिक संगठनहरूका कारणले पनि स्थिति अरू गम्भीर बनेको छ । त्यसकारण जुन शक्तिहरूले प्रतिगामी शक्तिहरू वा विदेशी साम्राज्यवादी र विस्तारवादी शक्तिहरूप्रति सम्झौतापरस्त नीति अपनाउने गर्दछन्, उनीहरूका विरूद्धको भण्डाफोरमा पनि जोड दिनुपर्ने आवश्यकता छ । त्यसरी जनताको चेतना र संघर्षको स्तर उठाएर प्रतिगामी तथा विदेशी साम्राज्यवादी वा विस्तारवादी शक्तिहरूबाट सम्भावित खतरालाई रोक्न सक्नेछौं र रोक्नु पर्दछ ।

प्रश्न यो छ : आज देशमा बढ्दै गएको संकटको समाधान कसरी गर्ने ? सर्वप्रथम र सबैभन्दा उपयुक्त तरिका यो हो : सम्बन्धित राजनीतिक दलहरूले नै, अर्थात् संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूले, शान्ति प्रक्रिया, संविधानको निर्माण तथा गणतन्त्र तथा देशको राष्ट्रियतामा बाधा पुग्ने नीति र कार्यप्रणालीमा सुधार गर्नुपर्दछ । त्यो नभएमा स्थिति अत्यन्त जटिल तथा कठिन हुनेछ र त्यसबाट देशको भविष्यमा गम्भीर आँच पुग्नेछ । त्यो अवस्थामा, अर्थात् संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूले आफ्ना नीति वा कार्यप्रणालीमा सुधार नगरेमा देशमा अशान्ति र अराजकताको अवस्था उत्पन्न हुने, गणतन्त्र असफल हुने, देश असफल राष्ट्र घोषित हुने र देशको अस्तित्व समेत समाप्त हुने खतरा हुनेछ ।

सम्बन्धित राजनीतिक शक्तिहरूले आफ्नो नीति र कार्य प्रणालीमा सुधार नगरेमा देशका अगाडि सम्भावित अवांछित प्रकारका समस्याहरूलाई रोक्नका लागि एउटै उपाय बाँकी रहने छ : जनताको भूमिका । अन्तमा जनता नै निर्णयात्मक र अजय शक्ति हुन् । तर जनताले त्यस प्रकारको भूमिका त्यो बेला नै खेल्न सक्दछन्, जब उनीहरूमा आवश्यक राजनीतिक चेतना हुन्छ । तर समस्या के हो भने जनता बारम्बार विभिन्न प्रकारका भ्रमहरूका शिकार हुने गर्दछन् । विभिन्न राजनीतिक शक्तिहरूले जुन गलत नीतिहरू अपनाउँछन्, त्यसको असर पनि जनतामा निकै परेको हुन्छ । त्यस प्रकारको भ्रमहरूका कारणले जनताले

— बाँकी ५ पेजमा

■ अन्तर्राष्ट्रिय सम्मेलन

# आई.सी.ओ.आर.को अन्तर्राष्ट्रिय स्थापना सम्मेलन

[यूरोपको कुनै देशमा भूमिगत रूपमा सम्पन्न संसारका मार्क्सवादी-लेनिनवादी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय सम्मेलनले ६ अक्टोबर २०१० मा "क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन (आई.सी.ओ.आर.)" (International Coordination of Revolutionary Parties and Organizations (ICOR) को गठन गरेको छ । त्यो सम्मेलनमा नेपाल, भारत, बंगलादेश, टर्की, कंगो, बोलिभिया, पानामा, चिली, डोमिनिकन रिपब्लिक, यूएस.ए., मेक्सिको, जर्मनी, लक्जम्वर्ग, इटाली, यूनान, बुल्गेरिया, युक्रेन, बेलायत, चेकोस्लोभाकिया, स्लोभाकिया, स्वीटजरलैण्ड र उरूग्वेका मार्क्सवादी-लेनिनवादी पार्टी र संगठनहरूका प्रतिनिधिहरू सहभागि भएका थिए । त्यो सम्मेलनमा ने.क.पा. (मसाल)को तर्फबाट महामन्त्री मोहनविक्रम सिंहले भाग लिनुभएको थियो ।

अगष्ट २००७ मा २१ देशका संगठनहरूले त्यस प्रकारको अन्तर्राष्ट्रिय संगठन निर्माण गर्ने निर्णय गरेका थिए । ती संगठनहरूमा ने.क.पा. (मसाल) पनि उपस्थित थियो । त्यसको तयारीको सिलसिलामा एसिया, अफ्रिका, अमेरिका, यूरोपमा महाद्विप स्तरीय सम्मेलनहरू भएका थिए । एसिया महादेशको दोस्रो सम्मेलन ने.क.पा. (मसाल) को आयोजनामा काठमाडौंमा भएको थियो । त्यस प्रकारको विश्वव्यापी तयारी पछि नै आई.सी.ओ.आर. को स्थापना सम्मेलन सम्पन्न भएको थियो । उक्त अन्तर्राष्ट्रिय सम्मेलनमा पारित महत्वपूर्ण दस्तावेज र निर्णयहरू यहाँ दिइएका छन् ।]

## आई.सी.ओ.आर.को स्थापना सम्बन्धी प्रस्ताव

क्रान्तिकारी पार्टी र संगठनहरूको समन्वय र आपसी सहयोगको पहल कदमीमा भएको विश्व सम्मेलनले सबैलाई नै अन्तर्राष्ट्रिय संगठनको रूपमा निर्माण गर्ने निर्णय गर्दछ । यसको नाम क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-आर्डिनेशन International Co-ordination of Revolutionary Parties and Organization (ICOR) हुनेछ ।

(क) आई.सी.ओ.आर.को स्थापना यो समझदारी अनुसार भएको छ : उच्च रूपमा संगठित भूमण्डलीयरूपमा अन्तर-सम्बन्धित अन्तर्राष्ट्रिय वित्तिय पूँजी र यसको साम्राज्यवादी विश्वव्यवस्थालाई कुनै नयाँशक्ति- अन्तर्राष्ट्रिय क्रान्तिकारी, मजदुर वर्गीय आन्दोलन, अन्तर्राष्ट्रिय आपसी सहयोग र समन्वयको नयाँ चरणमा व्यापक जनसमूहको संगठित शक्ति र व्यवहारिक क्रियाकलापको सहायताले प्रतिकार गर्ने समय परिपक्व भइसकेको छ ।

नव-उपनिवेशवादी नीति लिएको साम्राज्यवाद संकट तर्फको उन्मुखताको प्रवृत्तिमा मात्र अरू बढी समय अस्तित्व कायम गर्न सक्छ, जसले नाटकीय रूपमा मानवजातिको अस्तित्वमा प्रश्न उठाउने छ । यो सन् २००८ को आर्थिक तथा वित्तिय संकट, उत्पादन र पुनरूत्पादनको पूँजीवादी व्यवस्थाको संरचनात्मक संकट, ऋण संकट, भूमण्डलीय वातावरणीय संकट, सर्वहारा र मानव जनसमूहको परिवारको बढ्दै गइरहेको अनुपस्थिति, राजनीतिक संकट, बढ्दै गईरहेको अन्तर्राष्ट्रिय युद्धको चुनौती, बढ्दै गइरहेको साम्राज्यवादी आक्रमणको प्रतिक्रियाको आम प्रवृत्तितर्फ बढिरहेको छ ।

संसारका कामदार वर्ग र व्यापक जनसमूहलाई सुविधा दिनसक्ने नभएकोले पूँजीवादको भविष्य छैन । त्यसकारण, आई.सी.ओ.आर.ले संसारका सबै क्रान्तिकारीहरूलाई लेनिनको 'संगठित नहुँदा कामदार केही होइनन्, संगठित हुँदा तिनीहरू सबथोक हुन्' (लेनिन १९१३, मजदुर वर्गको एकता) भन्ने भनाई अनुसार एकजुट हुन आह्वान गर्छ ।

आई.सी.ओ.आर.ले अन्तर्राष्ट्रिय स्तरमा संगठित रूपमा सञ्चालन गरिएका क्रान्तिकारी र मजदुर वर्गीय आन्दोलनका उपलब्धिहरूलाई ग्रहण गर्दछ । तिनीहरूमा १८७१ मा भएको पेरिस कम्युनको महान् क्रान्तिकारी कारवाही, १९१७को सफल रूसी अक्टोवर क्रान्ति, १९४५ देखि १९४९ सम्मको चिनीया क्रान्ति, विश्व उपनिवेशवादी नीतिलाई ध्वस्त गर्न द्वितीय विश्व युद्धपछि समाजवादी शिविरको उदयलाई क्रान्तिकारी मुक्ति आन्दोलनहरूको रूपमा स्वीकार गर्दछौं ।

आई.सी.ओ.आर. पहिलो, दोस्रो र तेस्रो अन्तर्राष्ट्रिय जस्ता अन्तर्राष्ट्रिय संगठनहरूको ऐतिहासिक उदाहरणका समृद्ध अनुभवहरूमा आधारित छ । यसले यस्तो संगठनलाई आवश्यक पर्ने आजको वस्तुस्थिति, आवश्यकता, हक र सम्भावनाहरूलाई ध्यान दिन्छ । यसले कार्लमार्क्सको "संसारका मजदुरहरू एक होऔं" त्यस्तै लेनिनको "सबै देशका मजदुरहरू र उत्पीडित जनताहरू एक होऔं" भन्ने महान क्रान्तिकारी नाराहरूलाई व्यवहारमा उतार्छ ।

सोभियत युनियनको १९५६ को विसौं पार्टी अधिवेशनबाट शुरू भएको संशोधनवादी गद्दारीले गर्दा अन्तर्राष्ट्रिय साम्यवादी तथा मजदुर वर्गीय आन्दोलनले यति बेलासम्म ठूलो हार सहन गर्नु परेको छ र पहिले कहिल्यै नभएको परिमाणमा विभाजनमा पुगेको छ । पूँजीवादको पुनर्स्थापनाले साम्यवाद विरोधी तथा प्रतिक्रान्तिको डरलाग्दो प्रवाह पैदा गर्‍यो ।

संकीर्णता र अराजक प्रवृत्तिका कारणले पनि केही मात्रामा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन र मजदुर आन्दोलनलाई नोक्सान पुर्‍यायो । यस्तो भएता पनि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको वृद्धिको लागि मुख्य खतरा

मजदुर आन्दोलन र जनआन्दोलनमा सुधारवादी र संशोधनवादीहरूको प्रभाव रह्यो र रहन्छ ।

१९९० को दशकको सुरूमा सोभियत संघको अन्त्य संगै आधुनिक संशोधनवादले आफ्नो केन्द्र गुमायो । १९९० को दशकमा साम्राज्यवादी पूँजीपतिहरूले विश्वव्यापी रूपमा कम्युनिष्ट विरूद्धमा आक्रामक बन्न यसबाट फाइदा लिनसके । सोभियत संघको संशोधनवादी प्रतिरक्षा कमजोर बन्नाले यसै समयमा यो समाजवादको लागि विश्वव्यापी संघर्षको नयाँ विकासको लागि महत्वपूर्ण कुरा बन्न सक्दछ ।

करोडौं सर्वहारावर्ग र व्यापक जनसमूह एकजुट भएर अन्तर्राष्ट्रिय स्तरमा पनि संगठित हुन्छन् र आफ्नो मुक्तिको लागि संघर्ष गर्छन् र राष्ट्रिय र सामाजिक स्वतन्त्रताको लागि जनताको संघर्षमा नेतृत्वदायी भूमिका खेल्छन् भने यो शक्ति अन्तिममा साम्राज्यवाद भन्दा उच्च शक्ति हुन्छ ।

(ख) उच्च रूपमा विकसित र अन्तर्राष्ट्रिय रूपमा सम्पर्क कायम गरेका उत्पादक शक्तिहरू सहितको साम्राज्यवादको वर्तमान अवस्थामा समाजवादको लागि भौतिक पूर्वाधारहरू ठूलो मात्रामा परिपक्क भइसकेका छन् ।

यसै समयमा विश्वव्यापी वित्तिय पूँजीको अधिनायकत्व अन्तर्गत अति ध्वंसात्मक र विनाशकारी शक्तिहरूले निम्न असरहरू पारिरहेका छन् :

- साम्राज्यवादद्वारा लुटिएका र दबाइएका राष्ट्रहरूमा यी राष्ट्रहरूको सम्पत्ति लुटिएको, कुनै क्रान्तिकारी गतिविधिको विरूद्ध सैनिक धम्की, वातावरणीय विनाश, भोकमरी र निर्वासनले गर्दा जनसमूहको दरिद्रता बढिरहेको छ ।
- उच्च विकसित पूँजीवादी देशहरूमा पनि ज्यादै बढेको शोषणको साथ-साथ जनसाधारणको बढ्दो गरिबी, पूँजीवादी प्रजातान्त्रिक अधिकार र स्वतन्त्रतालाई विस्तारै घटाउने कार्य र राज्य संयन्त्रको फासिवादीकरण बढिरहेका छन् ।
- साम्राज्यवादी पूँजीपति वर्गहरूले राष्ट्रिय राज्यको सार्वभौमिकता र अखण्डता माथि निरन्तर चुनौति दिइरहेका छन् । यसले साम्राज्यवादी देशहरूको परराष्ट्रनीतिलाई सैनिकीकरण गरेको छ, जसलाई मुस्किलले मात्र संयुक्त राष्ट्र संघीय मिसन र मानवीय करूणाको मुकुण्डोले ढाक्ने प्रयास गरिरहेको छ ।
- साम्राज्यवादीहरू खास गरेर साम्राज्यवादीहरूका मुख्य शक्तिहरू बीचको प्रतिद्वन्दिताले लगातार विश्व युद्धको खतरालाई शक्ति प्रदान गर्दछ । विश्वको पुन: विभाजनको लागि गरिएको संघर्षलाई क्षेत्रीय सशस्त्र द्वन्द्वतिर लैजान्छ ।
- आजको पूँजीवादी उत्पादन प्रणालीले पहिले नै देख्न सकिने गरी भविष्यमा मानव जातिको अस्तित्व असम्भव बनाउनसक्ने भूमण्डलीय, वातावरणीय संकट खडा गरेको छ ।
- बच्चाहरू र युवाहरूको भविष्य साम्राज्यवादद्वारा लुटिएको छ र विश्वमा आम महिलाहरू दोहोरो शोषण तथा दमनद्वारा बोल्न चल्न नसक्ने वनाइएका छन् । ती देशका महिलाहरू जो साम्राज्यवादद्वारा दवाइएका छन्, खास गरेर जातीय र धार्मिक भेदभावको शिकार भएका छन् ।
- शोषण र दमनबाट मुक्त समाजको इच्छा र खोजी समाज परिवर्तन गर्ने शक्ति भएको छ, जसले साम्राज्यवादका आधारभूत खराविहरूमाथि विजय प्राप्त गर्नेछ ।

विश्व साम्राज्यवादी व्यवस्थाको अस्थिरतालाई साम्राज्यवाद विरूद्धमा र समाजवादको पक्षमा भईरहेको क्रान्तिकारी मुक्ति संघर्षको स्तर उच्च रूपमा बढाएर जवाफ दिनुपर्ने व्यवहारिक आवश्यकताबाट आई.सी.ओ.आरको उदय भएको हो ।

प्रत्येक देशमा क्रान्तिकारी पार्टीहरूको गठन र सुदृढीकरण गर्नु साम्राज्यवादलाई फ्याक्ने र समाजवाद निर्माण गर्ने संघर्षको विकासका लागि निर्णयात्मक तत्व हो । त्यसले राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय तहमा आम जनताको संयुक्त संघर्षको लागि अन्य संगठनात्मक रूपहरू र मञ्चहरूको निर्माण गर्ने कार्य पनि गर्दछ ।

यो ऐतिहासिक चुनौतिले अन्तर्राष्ट्रिय रूपमा आपसी सहयोग, समन्वय र विश्वव्यापी रूपमा जोडतोडले चल्ने संघर्षको क्रान्तिकारीकरणलाई पहिलेभन्दा बढी आवश्यक बनाउँदछ ।

**(ग) किनभने**

- धेरै पार्टी र संगठनहरूले समान अधिकारको आधारमा रचनात्मक सहकार्यको इच्छा वृद्धि गरेका छन् ।
- आम जनताहरू र औद्योगिक सर्वहारा वर्गले विभिन्न राष्ट्रहरूको विभाजनलाई बुझ्दै गइरहेका छन् । जसमाथि विजय प्राप्त गरिनुपर्छ, जुन कुरा अन्तर्राष्ट्रिय संघर्षको प्रारम्भमा देख्न सकिन्छ ।
- धेरै अन्तर्राष्ट्रिय क्रान्तिकारी संगठनहरूका रूपहरू (सम्मेलनहरू, फोरमहरू, मञ्चहरू) देखापरिसकेका छन् ।
- "संसारका मजदुरहरू एक होऔं" त्यस्तै "सम्पूर्ण देशका मजदुरहरू र उत्पीडित जनताहरू एक होऔं" भन्ने नाराहरूलाई अन्तर्राष्ट्रिय स्तरको संगठनबाट मात्र वास्तविकतामा बदल्न सकिन्छ ।
- प्रत्येक देशहरू र प्रत्येक संगठनहरूमा फरकखालका वर्ग संघर्षको सामाजिक अवस्था र परम्परा रहेका छन् ।
- क्रान्तिको तयारी र कार्यान्वयनको उत्तरदायित्व हरेक देशका जनआन्दोलन, पार्टीहरू र मजदुर वर्गमा रहन्छ ।
- संसारका क्रान्तिकारीहरूमा अझै धेरै वैचारिक-राजनीतिक भिन्नताहरू छन् ।
- संयुक्त संगठित क्रान्तिकारी कारवाहीलाई अघि बढाउन यी सबै भिन्नताहरू समाधान हुने बेलासम्म पर्खिन सकिंदैन ।

आई.सी.ओ.आर.ले स्वयंमा अन्तर्राष्ट्रिय क्रान्तिकारी र मजदुर वर्गीय आन्दोलनको भातृ-भावनामा आधारित एकतालाई प्रवर्धन र योगदान पुऱ्याउँछ । यसले स्पष्ट वैचारिक-राजनीतिक न्यूनतम सहमतिका आधारमा र विषयहरूको सन्दर्भमा फराकिलो र गहन आधारहरूमा छलफल र स्पष्टताको जीवित प्रक्रिया संगै क्रान्तिकारी कारवाहीहरूको एकता खोज्दछ ।

स्थापना सम्मेलले घोषणा गर्दछ कि आई.सी.ओ.आर.ले सधैं लगातार रूपमा सबै क्रान्तिकारी पार्टीहरू तथा संगठन र अन्य अन्तर्राष्ट्रिय संगठनहरूप्रति ढोका खुलाको नीति अवलम्वन गर्ने छ ।

यसको मुख्य विषय वर्गसंघर्ष र व्यवहारिक एकात्मकतालाई व्यवस्थित गर्न सहयोग र समन्वय गर्नु हो ।

यसले संसारका अरू प्रगतिशील अन्तर्राष्ट्रिय संगठनहरूसंग घनिष्ट एकता र सहायता खोज्दछ र स्पष्टताका साथ आफूलाई तिनीहरूको प्रतिस्पर्धी मान्दैन । यसले संसारभरका सर्वहारावादी पार्टीहरू र संगठनहरूको एकताको नयाँ गुण स्थापना गर्छ र सुनिश्चित गर्दछ ।

(घ) साम्राज्यवादी विश्व व्यवस्था माथि विजय प्राप्त गर्ने र समाजवादी सामाजिक सम्बन्धहरू स्थापना गर्ने रणनीतिक उद्देश्यका साथ स्थापना सम्मेलनले आपसी सहयोगको निम्ति आवश्यक वैचारिक-राजनीतिक आधारहरू निश्चित गर्दछ :

- समाजवादी समाजको उद्देश्य दावी गर्दै पूँजीवाद/साम्राज्यवादको सामाजिक अवस्थालाई आवश्यक रूपान्तर गर्ने, आम जनसमूहको लागि प्रजातन्त्रको रूपमा सर्वहाराको अधिनायकत्वको स्थापना, शोषण र दमनबाट मानवताको मुक्तिको लागि खतरनाक शत्रुहरूलाई दमन गर्नु जस्ता कुराहरूलाई पहिचान गर्नु ।
- संशोधनवाद, ट्राटस्किवाद तथा अराजकतावाद र शत्रुतापूर्ण हमला र कथित "स्टालिनवाद" वा "माओवाद" र सर्वहाराको अधिनायकत्वको विरूद्धको अभियान चलाउने पूँजीवादीहरू जस्ता कुनै पनि रूपको साम्यवाद विरोधीहरूसित स्पष्ट विभाजन रेखा खिच्नु ।

(ङ) स्थापना सम्मेलनले निर्णय गर्दछ कि यसको संगठनात्मक सिद्धान्त स्वायत्त, स्वतन्त्र, आत्मनिर्भर पार्टी र संगठनहरूको सहमतिपूर्ण समन्वय र सहयोग हुनेछ ।

आधारभूत दस्तावेजहरूमा मतदान गर्दा सम्मेलनले सहमतीय आधारमा निर्णय होस् भन्ने चाहन्छ । सैद्धान्तिक, वैचारिक प्रश्नहरू र आधार भूत राजनीतिक सवालहरूलाई मतदानको विषय बनाइनु हुँदैन । तथापी, व्यवहारिक आवश्यकताका प्रश्नहरूमा स्थापना दस्तावेजहरूको सम्बन्धमा व्यापक छलफल पछि वैचारिक-राजनीतिक भिन्नताहरूलाई समाधान गर्दै बहुमतीय निर्णय लिन सकिने छ । यसको निम्ति उपस्थित प्रतिनिधिहरूको न्यूनतम ८० प्रतिशत मत आवश्यक पर्नेछ । तत्कालका विषयहरूमा सबै निर्णय सामान्य बहुमतबाट लिन सकिने छ । बराबरी मतभएमा अस्वीकार भएको मानिने छ ।

हरेक संगठनले कुन योजना र कुन क्रियाकलापहरूलाई समर्थन गर्ने भन्ने कुरा उ आफैले निर्णय गर्दछ । यो स्वीकृत कार्यहरूलाई संयुक्त रूपमा व्यवहारमा लैजान पूर्ण जिम्मेवारीको भावना सहित विश्वसनीयताको सिद्धान्तसंग सम्बन्धित छ ।

यसले, प्रत्येक देशहरूमा वर्गसंघर्ष र क्रान्तिकारी पार्टी निर्माणमा सहयोग र आपसी मद्दतलाई जोड दिन्छ ।

आई.सी.ओ.आर.ले विश्वव्यापी, महादेशीय, क्षेत्रीय स्तरमा सामान्यत: मुख्य कार्यहरूका साथै सीमित समयको लागि तय गरिएका छुट्टाछुट्टै योजनाहरूमा सहयोग गर्नेछ ।

यसले विभिन्न प्रक्रियाहरू र क्रियाकलापहरूमा सहमतिमा पुग्नको लागि समन्वयका साथसाथै संयुक्त योजनाहरू र व्यावहारिक कार्यहरूमा सहयोगको अभ्यास गर्दछ ।

यो आपसी सम्मान र सदस्य राष्ट्रहरूको सार्वभौम अधिकारको सम्मानमा आधारित छ र संगठनहरूको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने कुराप्रति यो स्वयं प्रतिवद्धत छ ।

यो विचार निर्माणमा, समझदारी विकास गर्नमा र साझा व्यवहार लागू गर्न छलफलको सर्वहारावादी संस्कृतिप्रति स्वयंले प्रतिवद्धता व्यक्त गर्दछ ।

संसारभरका मजदुरहरू एक होऔं !
सम्पूर्ण देशका मजदुरहरू र उत्पीडित जनताहरू एक हाऔं !•

सम्पादकीयको बाँकी.....

विभिन्न देशी वा विदेशी प्रतिक्रियावादी शक्तिहरूलाई पनि आफ्नो समर्थन दिने गर्दछन् । कतिपय अवस्थामा विभिन्न प्रकारका लाभ, प्रलोभन र आतंकका कारणले पनि जनताले विभिन्न गलत नीति वा शक्तिहरूलाई समर्थन गर्ने गर्दछन् । त्यसरी जनता निर्णयात्मक र अजय शक्ति हुन् । तर उनीहरूमा देखापर्ने विभिन्न भ्रमहरूका कारणले जनता प्रायशः आफ्नो त्यसप्रकारको भूमिका खेल्न असमर्थ हुने गर्दछन् । एकातिर विभिन्न राजनीतिक शक्तिहरूले आफ्नो नीतिमा सुधार नगर्ने र जनताले आफ्नो शक्ति प्रयोग गर्न नसक्ने - त्यही प्रकारको अवस्थामा संसारका कैयौं देशहरूले र नेपालले पनि लामो समयसम्म विभिन्न प्रकारका प्रतिगामी, अधिनायकवादी व्यवस्था कायम हुने गर्दछन् वा अवांछित प्रकारको स्थितिको सामना गर्नु परेको हुन्छ । यो साँच्चिकै गम्भीर प्रश्न हो : गणतन्त्रको स्थापना तथा संविधानसभाको चुनाव पछि देशमा कहीं त्यही प्रकारको स्थितिको सृजना त हुँदै छैन ?

देशमा अवांछित प्रकारको स्थिति उत्पन्न हुन नदिनका लागि ने.क.पा. (मसाल) ले लगातार योजनावद्ध र सचेत रूपले प्रयत्न गर्दै आएको छ । त्यही सिलसिलामा त्यसले गणतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा र संघीयताका विरूद्ध चरणवद्ध प्रकारले कैयौं कार्यक्रम, आन्दोलन वा अभियानहरूको सञ्चालन गर्दै आएको छ । त्यसरी हामीले, एकातिर, जनताको चेतना र संघर्षको स्तर उठाएर उनीहरूलाई निर्णयात्मक आन्दोलनमा उत्रनका लागि आधार तयार पार्ने प्रयत्न गर्दछौं भने, आर्कातिर, सम्भावित दुष्परिणामहरूलाई रोक्न सबै सम्भव प्रयत्न गर्दछौं । त्यसका लागि हामीले सम्पूर्ण जनतासित समर्थन र सहयोगका लागि अपील गर्दछौं ।•

■ अन्तर्राष्ट्रिय सम्मेलन

## क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन कमिटी(आई.सी.ओ.आर.)को स्थापना सम्मेलनमा अन्तर्राष्ट्रिय तयारी समूहका तर्फबाट का. स्टेफेन एन्जेलद्वारा प्रस्तुत

# परिचयात्मक भाषण

**प्रिय कामरेडहरू,**

अन्तर्राष्ट्रिय समूह र तयारी प्रक्रियाको प्रारम्भिक अवस्थाको अस्थायी प्रमुख संयोजकको तर्फबाट म यहाँहरूलाई आई.सी.ओ.आर.को स्थापना सम्मेलनमा स्वागत गर्न चाहन्छु ।

क्रान्तिकारी पार्टी र संगठनहरूको पार्टी निर्माण र वर्ग संघर्षका व्यवहारिक कार्यहरूको आपसी सहयोग र संयोजनको लागि अन्तर्राष्ट्रिय संगठन स्थापना गर्न हामी यहाँ जम्मा भइरहेका छौं ।

तेस्रो अन्तर्राष्ट्रिय विघटन भएको ६७ वर्ष पछि हामीले आफ्नो मुक्तिको लागि लडिरहेका क्रान्तिकारी सर्वहारा र आम शोषित उत्पीडित जनसमूहहरूको नयाँ अन्तर्राष्ट्रिय संगठनको स्थापनातिर शाहसिक पाइला चालिरहेका छौं । विश्व साम्राज्यवादले आफ्नो नवउपनिवेशवादी तरिकाद्वारा ठूलो संख्याका आश्रित र शोषित देशहरूको असैह्‌य रूपमा गरिरहेको शोषण र दमनका विरूद्धको संघर्षको स्तर उठाउन यो पहलकदमी आवश्यक छ ।

निश्चय नै यो सर्वहारावारी विश्व क्रान्तिको प्रतिरक्षाको रूपमा समाजवादी सोभियत रूसलाई केन्द्र मानेर गठन भएको कोमिन्टर्नको पुनर्स्थापना होइन र त्यस्तो उद्देश्य पनि राखिएको छैन ।

यसको उद्देश्य बितेको समयबाट पाठहरू सिक्दै र वर्तमान र भविष्यको ठोस अवस्था र हामीले गर्नुपर्ने कार्यहरूलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय क्रान्तिकारी मजदुर वर्गीय आन्दोलनलाई पुनर्संगठित गर्न योगदान दिनु हो ।

क्रान्तिकारी पार्टी र संगठनहरूको कार्य र अन्तर्राष्ट्रिय संयोजनले तिनीहरूको वैचारिक-राजनीतिक विभाजन र विभिन्नता माथि विजय प्राप्त गर्दै, एक अर्कोलाई आफ्नो देशमा चलाईरहेको वर्गसंघर्षलाई समर्थन गर्दै र एकदम स्पष्ट अन्तर्राष्ट्रिय शक्ति निर्माण गर्न योगदान दिनुपर्दछ ।

१९५६ मा भएको सोभियत संघको कम्युनिष्ट पार्टीको बीसौं महाधिवेशन पछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा भएको गहिरो फुटले गर्दा अन्तर्राष्ट्रिय क्रान्तिकारी र मजदुर वर्गीय आन्दोलनले ठूलो क्षति व्यहोरेर पछाडि पर्नुपर्‍यो ।

कुनै बेलाका सशक्त क्रान्तिकारी मजदुर वर्गीय पार्टीहरू सुधारवादी र बुर्जुवा पार्टीहरूमा पतित भए, कैयौं क्रान्तिकारी संगठनहरू निराशाजनक रूपमा फुटेर टुक्रा-टुक्रा भए, विभिन्न देशमा क्रान्तिकारी मजदुर वर्गीय आन्दोलन स्वयं शक्तिविहीन अवस्थामा पुगे र प्रतिक्रियावादी कम्युनिष्ट विरोधी विचारहरू जनसमुहमा गहिरो रूपमा प्रवेश गर्‍यो ।

> तेस्रो अन्तर्राष्ट्रिय विघटन भएको ६७ वर्ष पछि हामीले आफ्नो मुक्तिको लागि लडिरहेका क्रान्तिकारी सर्वहारा र आम शोषित उत्पीडित जनसमूहहरूको नयाँ अन्तर्राष्ट्रिय संगठनको स्थापनातिर शाहसिक पाइला चालिरहेका छौं ।

क्रान्तिकारी कम्युनिष्ट पार्टी र संगठनहरूले पुन: मुख्य रूपमा, सर्वप्रथम आपसी सहयोग खोज्न वस्तुपरक रूपमा विभिन्नताहरू स्पष्ट गर्न र एक अर्कोलाई विश्वासमा लिन लामो समय लाग्यो ।

यो कार्य १९८० को दशकको अन्त्य देखि अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन र सार्वजनिक छलफल गर्दै शुरू भएको हो ।

अहिले संगठित आपसी सहयोग तर्फ महत्वपूर्ण कदम अगाडि बढाउन व्यवहारमा नै स्थायी किसिमको परिस्थिति परिपक्व भइसकेको छ ।

आई.सी.ओ.आर.को स्थापना अन्तर्राष्ट्रिय क्रान्तिकारी तथा मजदुर वर्गीय आन्दोलनको एकताको निमित्त कोशे ढुंगा बन्ने छ ।

क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय व्यवहारिक सहयोगको आवश्यकता सम्बन्धमा ज्ञानको सकारात्मक प्रक्रियालाई वस्तुगत विकासले अगाडि बढायो ।

सोभियत संघ र पहिलेको सी.एम.ई.ए (CMEA) को विघटनपछि १९९० को दशकमा पूँजीवादी विश्व अर्थतन्त्रमा अन्तर्राष्ट्रिय उत्पादनलाई उदारिकरणका आधारमा पुनर्गठन गरियो ।

पूँजीवादी उत्पादनको अन्तर्राष्ट्रियकरण तर्फको आम प्रवृत्तिको आधारमा अभूतपूर्व केन्द्रिकरणको अन्तर्राष्ट्रिय प्रक्रियाले श्रमको पूँजीवादी विभाजनलाई अन्तर्राष्ट्रिय तहसम्म उठायो ।

त्यसले साम्राज्यवादी विश्व व्यवस्थालाई व्यापक सामाजिक परिवर्तन तर्फ लग्यो । मानवताले विस्तारै विस्तारै मात्र विकासको व्यापक असर संग सामना गरिरहेछ ।

सबभन्दा भयानक असरहरू "अन्तर्राष्ट्रिय आतंकवाद विरूद्धको" लडाईको नाममा अफगानिस्तान र इराक विरूद्ध गरिएको सशस्त्र आक्रमण र २००८ मा शुरू भएको विश्व आर्थिक तथा वित्तिय संकट, जसको गहिराई, क्षेत्र र बाटो पूँजीवादको इतिहासमा अतुलनीय छ ।

बजार, उत्पादन र व्यापारको अन्तर्राष्ट्रियकरणले मजदुर र आम जनताहरूको मुक्तिको संघर्षमा उस्तै किसिमको परिवर्तन आवश्यक बनायो ।

राष्ट्रिय रूपको स्पष्टसंग देख्न सकिने वर्ग संघर्षका प्रवृत्तिका साथ-साथै अन्तर्राष्ट्रिय रूपमा वर्ग संघर्षलाई आफैले स्थापित गरे :

- के विश्वभरका ६६० शहरका करिब १ करोड ९० लाख जनताहरूले अमेरिकी साम्राज्यवादको इराक विरूद्धको १५ फरवरी २००३ को आक्रमण विरूद्ध संगसंगै प्रदर्शन गरेनन् र ?

- के २००९ को डिसेम्वरमा कोपेन हेगनमा साम्राज्यवादीहरू र एकाधिकारवादी द्वारा विश्व जलवायुलाई निर्दयतापूर्वक विनासबाट बचाउन १०० देशमा सक्रिय अन्तर्राष्ट्रिय प्रतिरोधात्मक संजाल आफैले स्थापित गरेन र ?

- के २००५ मा भएको बन्दरगाहका कामदारहरूको अन्तर्राष्ट्रिय हड्तालले यूरोपीयन बन्दरगाह उदारिकरण कानूनलाई असफल बनाएन र ?

- के लेटिन अमेरिकी देशहरूले संयुक्त संघर्षद्वारा योजनावद्ध अमेरिकी प्रभूत्व भएको दक्षिण अमेरिकी स्वतन्त्र व्यापार क्षेत्रलाई पराजित गरेनन् र ?

- भरखरै मात्र २००४ देखि यूरोपमा संस्थानव्यापी र अन्तर्राष्ट्रिय हडतालहरू दोहोरिरहेका छैनन् र ?

जनताले अन्तर्राष्ट्रिय वर्गसंघर्षहरूलाई संयोजन नगरिकन अन्य कुन उपायबाट अन्तर्राष्ट्रिय एकाधिकारवादीहरू र साम्राज्यवादीहरूको अन्तर्राष्ट्रिय रूपमा संयोजित गतिविधिहरूको विरूद्ध आफूहरूलाई सुरक्षित गर्न सक्छन् ?

२००८ मा विश्वआर्थिक तथा वित्तिय संकटको सुरूवात संगै विश्वले बीसवटा सबभन्दा ठूला औद्योगिक देशहरू तथा तिनीहरूका एकाधिकारीहरूको अन्तर्राष्ट्रिय संकट व्यवस्थापनलाई विश्वले देख्यो, संगसंगै ती देशहरू विश्व घरेलु उत्पादनको ९० प्रतिशतभन्दा बढी उत्पादको लागि जिम्मेवार छन्, जुन अहिलेसम्मको नदेखिएको दृश्य हो ।

विश्व वित्तिय व्यवस्थाको ह्रासलाई संरक्षण गर्न, विश्व अर्थतन्त्रको अनियन्त्रित ह्रासलाई जोगाउन, विशेष गरेर अन्तर्राष्ट्रिय क्रान्तिकारी विरोधको आधारको रूपमा रहने सामाजिक असन्तुष्टिलाई सम्भावित रोकथामको लागि अहिलेसम्म विश्वभर २४० खरब अमेरिकन डलरभन्दा बढी नै खर्च गरिएको छ र सबै देशको राष्ट्रिय बजेट निर्ममतापूर्वक खोसिएको छ ।

निश्चयनै, मुख्य एकाधिकारवादी र साम्राज्यवादी सरकारहरूको अन्तर्राष्ट्रिय संकट व्यवस्थापन उनीहरूले आफ्नो उत्तम प्रकारको फाइदा खोज्न आपसी कडा प्रतिद्वन्द्विताद्वारा पुन:प्रतिस्थापन नगरून्जेलसम्मको लागि अस्थायी स्वभावको मात्र थियो ।

यसभन्दा अझ बढी, यो विवाद रहित तथ्य हो कि अन्तर्राष्ट्रिय संकट व्यवस्थापनले राज्यको दिवालियापनको खतरालाई बढाउँछ, जसले २०१० को सुरूमा यूरो संकटतिर लग्यो । यस्ता भयानक संकट व्यवस्थापनको प्रयासलाई आफूले चाहेको जुनसुकै समयमा दोहोऱ्याउन सकिंदैन, किनभने शासक वर्गहरूको निम्ति साम्राज्यवादी विश्व व्यवस्थाको आम अस्थिरतालाई खतरापूर्ण किसिमले वृद्धि नगरिकन इच्छाअनुरूप सबै संकटको असीमित बोझलाई व्यापक जनसमूहको काँधमा थोपर्न सम्भव छैन ।

> १९५६ मा भएको सोभियत संघको कम्युनिष्ट पार्टीको बीसौं महाधिवेशन पछि अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा भएको गहिरो फुटले गर्दा अन्तर्राष्ट्रिय क्रान्तिकारी र मजदुर वर्गीय आन्दोलनले ठूलो क्षति व्यहोरेर पछाडि पर्नुपऱ्यो ।

जनसमूहको पिठ्युँमा बोकाइएको यो संकटको भारिलाई फाल्न त्यसका विरूद्धमा संसारका सबै ठाउँहरूमा विरोध, जुलुस र संघर्षहरू भइरहेका छन् । तर धेरै घटनामा यो अझै संयोजन विना, स्वतस्फूर्तरूपमा र प्राय: सुधारवादी र अवसरवादीहरूले नेतृत्व लिएको अवस्थामा रहेको छ जसले निश्चय नै, तिनीहरूको समाज परिवर्तनको तीव्र चाहनाले गरेको संघर्षलाई धोखादिने, सफलतालाई घटाउने र तिनीहरूलाई हारमा पुऱ्याउने गर्दछ ।

विश्व साम्राज्यवादी व्यवस्थामा संकटतर्फको उन्मुखता बढ्नुका साथै भविष्यमा क्रान्तिकारी संकट तर्फको प्रवृत्ति पनि देखिने र बढ्ने छ ।

आम जनसमूह, मजदुर वर्ग, किसान, विद्यार्थीहरू र महिलाहरूले आफ्नो संघर्षमा, आफ्नो सोचाईमा, भावनामा र क्रियाकलापमा यसको निम्ति आफूलाई तयार राख्नुपर्दछ ।

त्यसको निम्ति तिनीहरूलाई अन्तर्राष्ट्रिय एकता आवश्यक छ, जसले तिनीहरूलाई साम्राज्यवादको विरूद्ध र समाजवादी समाजको लागि गरिने संघर्षमा अजेय शक्ति निर्माण गर्नेछ । विश्वभरीको क्रान्तिकारी सम्भावनाहरूको एकीकरण एउटा वस्तुगत आवश्यकता हो - हरेक देशहरूमा चल्ने वर्ग संघर्षको लागि पनि ।

यो क्रान्तिकारी शक्तिहरूको विभाजनमाथि विजय प्राप्त गर्ने र संसारलाई साम्राज्यवादीहरूको विरूद्धमा केन्द्रित गर्ने समय हो ।

**प्रिय कामरेडहरू,**

स्वभाविक रूपमा प्रत्येक देशको वर्गसंघर्षको आफ्नै महत्व छ ।

यही नै सर्वहारावादी अन्तर्राष्ट्रियवादको राजनीतिक आधार हो, किनकि पूँजीवादी र साम्राज्यवादी शक्तिहरूको सत्ता राष्ट्रिय राज्यतहमा संगठित हुनेकामको निरन्तरता कायम छ ।

सम्पूर्ण अन्तर्राष्ट्रिय एकता र ध्यान केन्द्रिकरण गर्नुका बाबजुद विश्व साम्राज्यवादसँग साझा सत्ता-संयन्त्र छैन । त्यही नै यस्तो आधारभूत कमजोरी हो, जसलाई यसले पूँजीवादी सामाजिक व्यवस्थाको संरचनाभित्र समाधान गर्न सक्दैन । संयुक्त क्रान्तिकारी शक्तिहरूले अगाडि बढ्ने क्रममा साम्राज्यवादी विश्व व्यवस्थालाई कमजोर पार्न र आफ्नो शक्तिलाई मजबूत पार्नको निम्ति अन्तरसाम्राज्यवादी अन्तरविरोधहरूबाट कसरी फाइदा लिने भनेर जान्नैपर्छ ।

प्रत्येक देशका मजदुर वर्ग र आम जनसमूहहरूले अन्तर्राष्ट्रिय संघबिना र एकअर्काेबाट स्वतन्त्र रूपमा तिनीहरूका आफ्ना बुर्जुवाहरूलाई नियन्त्रणमा राख्नुपर्छ भन्ने माग गर्नु हुनै नसक्ने र ज्यादै केटाकेटी कुरा हुनेछ ।

के "अन्तर्राष्ट्रिय आतंकवाद" विरूद्धको रणनीति र कार्यनीति शासक वर्गको शाझा मञ्च होइन ? तिनीहरूको सम्बन्धमा आउने कुनै पनि चुनौतीलाई जुनसुकै देश भए पनि सकेसम्म निर्ममतापूर्वक दवाउने शासक वर्गहरूको साझा मञ्च छैन र ?

"विश्व घरेलु नीति"को अवधारणा अनुसार साम्राज्यवादीहरूले संसारभरका सबै देशहरूका मामिलाहरूमा भएको हस्तक्षेप र आवश्यक भएमा क्रान्तिकारी विद्रोहको विरूद्ध तिनीहरूको सशस्त्र कारवाहीको अधिकारलाई उचित ठहऱ्याउँछन् ।

यस्तो रणनीतिक परिस्थितिमा अन्तर्राष्ट्रिय संगठन नखोजिकन प्रत्येक देशको क्रान्तिकारी संघर्षको स्वतन्त्रतामा मात्र जोड दिनु निश्चय नै पराजयतिरको बाटो हुनेछ । के मार्क्स र एंगेल्सले पेरिस कम्युनको पराजयको कारण अन्तर्राष्ट्रिय सर्वहारा वर्ग आ-आफ्ना देशका क्रान्तिकारी कार्वाहीहरूमा अल्झेर पेरिसका आफ्ना वर्गबन्धुहरूलाई मद्दत गर्न आएनन्, वरू बर्जुवाहरूलाई उच्च प्रतिक्रान्ति गर्न दिएको तथ्यमा देखेनन् र ?

के १९१७ को अक्टोबर क्रान्तिपछिको अन्तर्राष्ट्रिय सर्वहारावादी क्रान्तिको विस्तार असफल भएन ? के प्रतिक्रान्तिले विभिन्न क्रान्तिकारी विद्रोह र संघर्षहरूलाई प्रत्येक साम्राज्यवादी देशहरूमा - खास गरेर जर्मनीमा - आत्मगत पूर्वाधारहरू (१९१८ देखि १९२३ सम्म)को क्रान्तिकारी संकटका बाबजुद परिपक्व भइनसकेकाले रगतमा डुवाइएन र ?

हामीले यस्तो फेरि हुनदिने छैनौं कि राष्ट्रिय अलगावको कारणले र अन्तर्राष्ट्रिय एकताको अभावमा क्रान्तिकारी शक्तिहरू, क्रान्तिकारी विद्रोहहरू, बहादुरीपूर्ण मुक्ति आन्दोलनहरूलाई अन्तर्राष्ट्रिय प्रतिक्रान्तिद्वारा दवाइयोस् ।

क्रान्तिकारी पार्टीहरू र संगठनहरूको व्यवहारिक गतिविधिको संयोजनको निम्ति अन्तर्राष्ट्रिय संगठनको निर्माणले साम्राज्यवादमाथि विजय प्राप्त गर्नु, अन्तर्राष्ट्रिय क्रान्तिकारी मुक्ति संघर्षको लागि आत्मगत अवस्थाहरूको निर्माणमा तीव्र विकास गरेको छ ।

**प्रिय कामरेडहरू,**

अगस्त २००७ मा एक्काइसवटा संगठनहरूले क्रान्तिकारी पार्टी र संगठनहरूको व्यवहारिक आपसी सहयोगको निम्ति एउटा अन्तर्राष्ट्रिय संगठन निर्माण गर्ने निर्णय गरे ।

त्यसबेला देखि अमेरिका, एशिया, अफ्रिका र यूरोपमा व्यवस्थित विकेन्द्रित छलफल प्रक्रियामा ठूलो संख्यामा संगठनहरू समावेश भएका छन् ।

सत्तरीवटा भन्दा बढी संगठनहरू यसमा सक्रियतापूर्वक र रचनात्मक ढंगले सहभागी भए । जसले आफूलाई स्थापना प्रक्रियाको अंगको रूपमा ठान्दछन्, यद्यपि तिनीहरूमध्ये सबै उपस्थित हुन सकेनन् ।

त्यस बाहेकका संगठनहरूले पनि यसको छलफलमा भाग लिएका छन् र यसलाई सकारात्मक रूपमा लिएका छन् । तर अहिलेसम्म अन्तर्राष्ट्रिय संगठनको निर्माण प्रक्रियामा सक्रियतापूर्वक सहभागि हुने निर्णय गरिसकेका छैनन् ।

आई.सी.ओ.आर. अरू प्रगतिशील, प्रजातान्त्रिक र क्रान्तिकारी संगठनहरूप्रति आपसी सरसहयोगको निम्ति खुला हुनुपर्छ र आफूलाई एकपक्षीय रूपमा तिनीहरूको प्रतिस्पर्धी ठान्ने गल्ति गर्नै हुँदैन । निश्चय नै, आज सर्वहारावादी अन्तर्राष्ट्रवादको अझ उच्च र संगठित स्वरूप निर्माण गर्न लागेको बेलामा क्रान्तिकारी बाटोलाई कमजोर बनाउन खोज्ने र संसारका क्रान्तिकारी शक्तिहरूको एकतालाई विरोध गर्ने शक्तिहरूप्रति हामी सतर्क रहिरहनुपर्छ । तर हामीलाई अनावश्यक रूपमा विभाजन गर्ने र हाम्रो क्रान्तिकारी समुदायलाई कमजोर पार्ने किसिमले शंकालु स्वभावले एकअर्काप्रति अविश्वास गर्ने र स-सानो कुराहरूमा छुद्र बहस गर्ने कार्यभन्दा त्यो फरक विषय हो ।

- विश्व ऐतिहासिक महत्वका घटनाहरू परिपक्क हुन समय लाग्दछ :
- त्यसमा अहिलेसम्म संगै काम नगरेका संगठनहरूको बीचमा विश्वास निर्माणको प्रक्रिया समावेश छ ।
- आफ्नो भिन्दाभिन्दै देशहरूमा निकै फरक परिस्थितिमा संघर्ष गरिरहेका विभिन्न संगठनहरूका व्यवहारिक आपसी सहयोगको प्रक्रिया समावेश छ ।
- सहिष्णुतापूर्वक वैचारिक राजनीतिक आदान-प्रदान, सर्वसम्मत आलोचनात्मक-आत्मआलोचनात्मक छलफल र एकीकरण समावेश छ ।

यस्तो हुँदा-हुँदै पनि हामी यो विन्दुमा आईपुगेका छौं, जहाँ यसको निर्माणको प्रक्रियालाई गतिदिन, सुधार गर्न र नयाँ गुणमा अगाडि बढाउन यो अन्तर्राष्ट्रिय संगठन निर्माणतिर अगाडि बढ्न सक्छौं ।

> अहिले संगठित आपसी सहयोग तर्फ महत्वपूर्ण कदम अगाडि बढाउन व्यवहारमा नै स्थायी किसिमको परिस्थिति परिपक्व भइसकेको छ । आई.सी.ओ.आर.को स्थापना अन्तर्राष्ट्रिय क्रान्तिकारी र मजदुर वर्गीय आन्दोलनको एकताको निमित्त कोशे ढुंगा बन्ने छ ।

आजको यो स्थापनाको प्रक्रियामा आउनुभन्दा अगाडि प्रसस्त भ्रमहरू हटाउनु परेको थियो । सबभन्दा महत्वपूर्ण शंकाहरू मध्ये एउटा के हो भने धेरै संगठनहरू अझै आफूलाई वर्तमान समयसम्म पनि अन्तर्राष्ट्रिय क्रियाकलापहरूमा सहभागि हुनसक्ने स्थितिमा रहेको ठान्दैनन् ।

आ-आफ्नो संगठनहरूको सबै भौतिक, वैचारिक वा आर्थिक सीमाहरूका बाबजुद जेभएता पनि यो गम्भीर आपत्ति एक पक्षीय छ, किनभने सारांशमा अन्तर्राष्ट्रिय संगठनहरूले धेरै संगठनहरूलाई असाधारण फाइदा दिन्छ भन्ने कुरामा उनीहरूले ध्यान दिँदैनन् ।

तिनीहरूले अब अरू संगठनहरूका विभिन्न प्रकारका धेरै अनुभवहरूलाई

हेरेर सहायता लिन सक्दछन्, प्रत्यक्ष भौतिक मद्दत प्राप्त गर्न सक्दछन् र यसरी आफ्ना कमजोरी माथि छिटो विजय प्राप्त गर्न सक्छन् ।

अरू शंकाका सोचाईहरू यो प्रश्नसंग सम्बन्धित छ, यो संगठनले कसरी सफलता पूर्वक सबै आवश्यक वैचारिक-राजनीतिक विषयहरूमाथिका विचारहरूको एकीकरणलाई पूरा गर्न सक्दछ, जुन अझैसम्म भएका छैनन् । यद्यपि, केही आवश्यक प्रश्नहरूमा संयुक्त अभ्यास, संयुक्त संघर्ष, क्रमिक वैचारिक-राजनीतिक एकीकरण आवश्यक छ । सबै आवश्यक प्रश्नहरूमा सहमति हुनैपर्छ भन्ने छैन । के हाम्रो क्रान्तिकारी व्यवहारमा संयुक्त कार्वाही र संयुक्त मोर्चाको राजनीतिमा हामीहरूसंग विभिन्न किसिमका धेरै अनुभवहरू छैनन् र ?

के हामी सधैं फासिष्ट विरोधी प्रदर्शन र गतिविधिहरूमा विभिन्न सहभागिहरूलाई व्यवहारमा तिनीहरूसंग संग-संगै काम गर्नु अगाडि तिनीहरूका विभिन्न विश्वदृष्टिकोणहरू र राजनीतिक विचारहरूको बारेमा सोध्दछौं र ?

यदि राजनीतिक-वैचारिक मत भिन्नताहरूलाई एकातिर पन्छाएर आफ्ना आर्थिक-राजनीतिक मागहरूलाई लागू गराउन संगै लडेनौ भने कारखानामा कुनै हडताल सञ्चालन गर्न सकिदैन । यसको विपरित, अनुभवले के देखाउँछ भने संयुक्त क्रान्तिकारी अभ्यासले वैचारिक-राजनीतिक भिन्नतामाथि विजय प्राप्त गर्न मद्दत गर्छ ।

विपरितहरूको एकता र संघर्ष द्वन्द्वात्मक सिद्धान्त हो, जसलाई प्रत्येक क्रान्तिकारीले जान्नै पर्दछ, यदि आफैमा एक्लिएर आफूलाई कमजोर नबनाउने हो भने । आई.सी.ओ.आर.को प्रक्रियामा समावेश भएका संगठनहरू विश्व दृष्टिकोण, राजनीतिक विश्लेषण, कार्यक्रमिक सवालमा तिनीहरूको विचारहरूमा रहेका सबै भिन्नताका बाबजुद महत्वपूर्ण आधार भूत विषयहरूमा सहमतिमा पुगेका छन् ।

यो सहमति भएको छ कि समाधान हुन नसकेका मानवताका सबै समस्याहरूको जरो यो साम्राज्यवादी विश्व व्यवस्था हो, विश्व साम्राज्यवादी व्यवस्था माथिको विजयले मात्र मानवताका समस्या समाधान गर्नसक्छ ।

यो साझा समझदारी भएको छ कि त्यो कार्य क्रान्तिकारी विधिद्वारा मात्र गर्न सकिन्छ ।

पुरानो राज्यसत्ता फ्याकिनुपर्छ र तिनीहरूको संरचनालाई सर्वहारावर्गको अधिनायकत्व र जनताको शक्तिद्वारा प्रतिस्थापित गरिनुपर्छ ।

हाम्रा दस्तावेजहरूमा यो आधार भूत एकतालाई परिभाषित गर्दा यो तथ्यमा आँखा चिम्लनु हुँदैन कि निश्चय नै अझै केही प्रतिशत समाधान हुन बाँकी रहेका वैचारिक-राजनीतिक मतभिन्नताका समस्याहरू छन्, जसलाई हामीले पछि समाधान गर्ने किसिमले अहिलेलाई वाँकी राख्नुपर्छ र त्यो आई.सी.ओ.आर. निर्माणको अन्य प्रक्रियामा क्रमश: स्पष्ट हुँदै जान सक्छ ।

हामीले यहाँ विल्कुलै फरक संगठनहरूको बीचमा काम गर्नु परेको छ :

ती परिपक्व पार्टीहरू जोसंग दशकौंको अनुभव, जनप्रभाव र क्रान्तिकारी वर्गसंघर्षको अनुभव छ ।

ती पार्टीहरूका क्रान्तिकारीहरू जोसंग अवैधानिक कामहरूको अनुभव छ ।

ठूला पार्टीहरू र साना पार्टीहरूसंग ।

पूर्व समाजवादी देशहरूबाट आएका ती पार्टीहरू जसले पूँजीवादको पुनर्स्थापनाको अवस्थामा पूर्व समाजवादी देशहरूको पतनको अनुभव प्राप्त गरेका छन् र जसले संशोधनवादको निरर्थकताको अनुभव गरेका छन् ।

नयाँ स्थापित पार्टीहरू जो यो मान्यतामा आधारित छन् कि क्रान्तिकारी नयाँ-नयाँ विचारको सिर्जना बिना क्रान्तिकारी वर्गीय आन्दोलनमा विजय प्राप्त गर्न सक्दैन । यो अरूभन्दा कम महत्वपूर्ण कुरा होइन कि क्रान्तिकारी पार्टी र संगठनहरू वैचारिक र राजनीतिक कारणले फरक छन्, खास गरेर त्यसको जरा विश्वदृष्टिकोण, इतिहास वा सामाजिक अर्थशास्त्रमा अन्तरनिहित हुन सक्दछ ।

यदि हामी समान आधारमा संगसंगै रहन चाहन्छौं भने, यदि हामी संयुक्त अन्तर्राष्ट्रिय शक्तिबन्न चाहन्छौं भने, वैचारिक-राजनीतिक भिन्नता, फरक अवस्थाहरू, योग्यताहरू, अनुभवहरू मात्र होइन कामको गुणलाई पनि सम्मान गर्नुपर्दछ र सम्मान, जसलाई हामीले महत्व दिनैपर्छ ।

एकपटक सोभियत संघ भएजस्तो एउटालाई सवल क्रान्तिकारी केन्द्र नवनाइकन समानताको आधारमा आदर पूर्वक संग-सँगै काम गरेर मात्र क्रान्तिकारी संगठन प्राप्त गर्ने एउटा अवसर हुनेछ जसमा यो साम्राज्यवाद भन्दा माथिल्लो शक्ति बन्न सम्भव हुनसक्छ ।

यो बताइरहनु पर्दैन कि गठनको कार्यले मात्र यो काम पूरा हुन सक्दैन । यसले अरू क्रान्तिकारी संगठनहरूलाई यो महत्वपूर्ण साझा हितको कुरालाई समर्थन गर्न संकेत गर्दछ र अन्तर्राष्ट्रिय रूपमा संगठित आपसी सहयोग वास्तविकतामा परिणत भएको विचार निर्माण गर्दछ ।

केही आवश्यक विषयमा भएको आपसी सहयोगको प्रक्रियालाई सबै आवश्यक कुराहरूमा आपसी सहयोग तर्फ अगाडि बढ्नु कठोर र दीर्घकालिन बाटो हो । जसलाई ठूलो आपसी विश्वास आवश्यक छ र यसलाई कम आँकलन गनुँ हुँदैन ।

वर्गशत्रुबाट अझ बढी आक्रमण गरिन सक्छ, जसले निश्चय नै अन्तर्राष्ट्रिय सञ्चार माध्यम र यातायातका बाटाहरू नियन्त्रण गर्छन् । यही कुराबाट हाम्रो आपसी सहयोगलाई ठूलो प्रभाव पार्न सक्छन् ।

प्रत्येक बैठकको लागि भिसा निवेदनहरू दिनुपर्छ, प्रत्येक इमेलको निम्ति इन्टरनेट, विद्युतीय मेल सेवा वा टेलिफोन प्रयोग गर्नु आवश्यक छ, जुन चीजहरू शासक वर्गहरूद्वारा नियन्त्रण गरिएका छन् ।

"आतंकवाद" विरूद्धको तथाकथित अन्तर्राष्ट्रिय लडाईले मुख्यत: क्रान्तिकारी गतिविधिमा बाधा पुऱ्याउन सहयोग गर्छ ।

आर्थिक तथा संगठन सम्बन्धी

साधनहरूलाई पनि कम आँकलन गर्नु हुँदैन। जसले गर्दा धेरै संगठनहरूलाई खास गरेर अफ्रिका, लेटिन अमेरिका र एसियाका संगठनहरूलाई यस्ता बैठकहरूमा भाग लिन बाधा पुऱ्याउँछ ।

यी सबै कुराहरूका बाबजुद हामीले आज यो स्थापना सभाको तयारी गर्न र वास्तवमा यो समूहमा जम्मा हुन सफल भएका छौं ।

यस्तो हुँदा-हुँदै पनि आई.सी.ओ.आर. निर्माणको मुख्य भाग हाम्रो अगाडि छ ।

हामीले ज्यादै फरक कसिमका क्रान्तिकारी पार्टी र संगठनहरूलाई मुख्य गरेर महादेशीय र क्षेत्रीय स्तरमा संगठित गर्नैपर्छ र पार्टी निर्माण र वर्ग संघर्षमा वास्तविक व्यवहारिक आपसी सहयोगको व्यवस्था गर्नुपर्छ ।

यो महादेशीय र क्षेत्रीय समन्वय समितिको मुख्य कार्य हुनेछ। जसको निम्ति योग्य कामरेडहरूको आवश्यकता मात्र होइन, सबै सहभागिहरूमा ऐक्यवद्धताका लागि यो आपसी सहयोगलाई जिवन्त बनाउने दृढ इच्छाशक्ति हुनुपर्छ ।

निश्चय नै, हामीहरूसँग सफलताहरू मात्रै हुने छैनन्, हार पनि सहनु पर्नेछ र सायद हामीहरूले कठिन परिस्थितिबाट पछाडि पर्ने र निराशाजनक धक्काहरू आउने स्थितिलाई पनि स्वीकार गर्नु पर्नेछ ।

त्यो गर्नुपर्ने कामको प्रकृति छुट्याइएको सापेक्ष शक्तिमा भरपर्छ ।

हाम्रो क्रान्तिकारी उत्साह, हाम्रा आधारभूत विश्वासहरू र हाम्रो कठोर प्रयासले हामीले विस्तारै आपसी सहयोगको समस्याहरूलाई बुझ्न र सामना गर्नैपर्छ र यो गर्न एकअर्कालाई सहयोग र समर्थन गर्नुपर्छ ।

हामीले एकताको नयाँ भावना विकास गर्नैपर्छ ।

यो सर्वहारावादी अन्तर्राष्ट्रियवादको नयाँ चरण हो, जसमा जोकोहीले पनि उसको आफ्नो देशमा वर्गसंघर्ष, पार्टी निर्माणको निम्ति आफूलाई उत्तरदायी सम्झने मात्र होइन कि त्यस्तै किसिमले अफ्रिका, अमेरिका, एशिया, यूरोप र

यो स्थापना सम्मेलनमा पनि हामीले आफूलाई निश्चित परिधिमा राख्नु आवश्यक छ, स्थापना सम्मेलनका दस्तावेजहरू छलफल र पारित गर्नुपरेको छ, स्थापना विधि वा कार्य निश्चित गर्नुपरेको छ, अन्तर्राष्ट्रिय संरचनाहरूका निम्ति आवश्यक कार्यकर्ताहरूलाई काममा लाग्नका लागि जिम्मेवारी दिनुपरेको छ । वर्तमान अवस्थामा हामीले पूरा गर्न नसकिने धेरै र ठूला निर्णयहरू गरेर कुनै अर्थ छैन ।

अष्ट्रेलिया, जहाँ हामीहरू कहिल्यै नगएका र सायद निकै थोरै जानेका देशहरूमा पनि वर्गसंघर्ष र पार्टी निर्माणको निम्ति उत्तरदायी छु भन्ने बुझ्नु पर्दछ ।

यी सबैको निम्ति यसमा समावेश भएका सबैले आफैलाई परिवर्तन गर्ने प्रक्रियामा आउन आवश्यक छ । जसमा हामी सिद्धान्तविहीनता र अवसरवाद वा संकीर्णवादमा पतन नभइकन पुराना वानीहरू छोड्नुपर्छ । यो प्रक्रियालाई पनि हामीले संयुक्त रूपमा छलफल गर्नुपर्छ, मूल्यांकन गर्नुपर्छ, समीक्षात्मक, आत्मसमीक्षात्मक रूपमा बारम्बार निष्कर्ष निकाल्नुपर्छ ।

यो काम छलफलको सर्वहारावादी संस्कृतिलाई अभ्यास गर्दै गरिनु पर्दछ ।

निश्चयनै, सामान्यतया अझै पनि अपेक्षाकृत नाजुक रूपमा विकसित पार्टीहरू हामीसँग छन् । हामीले हाम्रो शक्तिलाई बढी बोझ नपारिकन अन्तर्राष्ट्रिय कार्यलाई उच्च तहमा विस्तार गर्न सक्ने छैनौं ।

यसकारण हामीले शक्ति केन्द्रिकरणको सिद्धान्तलाई पालना गर्नुपर्दछ र विस्तारै व्यवस्थित किसिमले हाम्रा योजनाहरूलाइ विस्तार गर्नुपर्दछ ।

यो स्थापना सम्मेलनमा पनि हामीले आफूलाई निश्चित परिधिमा राख्नु आवश्यक छ, स्थापना सम्मेलनका दस्तावेजहरू छलफल र पारित गर्नुपरेको छ, स्थापना विधि वा कार्य निश्चित गर्नुपरेको छ, अन्तर्राष्ट्रिय संरचनाहरूका निम्ति आवश्यक कार्यकर्ताहरूलाई काममा लाग्नका लागि जिम्मेवारी दिनुपरेको छ । वर्तमान अवस्थामा हामीले पूरा गर्न नसकिने धेरै र ठूला निर्णयहरू गरेर कुनै अर्थ छैन ।

सिद्धान्त र व्यवहारमा भिन्नता रहनु निम्न पूँजीवादी राजनीतिज्ञहरूको खराब बानिमध्ये एउटा हो । जसले प्रसस्त निर्णयहरू गर्न मनपराउँछन् तर तिनीहरूलाई व्यवहारमा उतार्न असमर्थ हुन्छन् ।

सुरू देखि नै हामीले यो खराब वानिलाई कब्जा जमाउन दिनु हुँदैन र हामीले जिम्मा लिएका कामहरू वास्तविक रूपमै पूरा गर्नुपर्छ ।

हामीहरू यो सिद्धान्तद्वारा सुरू देखि नै निर्देशित हुनुपर्छ । यो सिद्धान्त र व्यवहारको एकताबाट संधै सबभन्दा ठूलो कुरा अरूलाई विश्वास दिलाउन सक्ने शक्ति प्राप्त हुन्छ ।

शक्तिहरूको केन्द्रिकरणले हामीलाई आफूले सफल पार्न सकिने कार्यहरू निश्चित गर्न मद्दत गर्नेछ, जसलाई हामीले दृढनिश्चयता, अनुशासन र विश्वसनियताका साथ पूरा गर्न चाहन्छौं ।

आई.सी.ओ.आर. का विचारहरू राम्रा छन् र यसको सम्भावनाहरू अनन्त छ । मुख्य कुरा यी विचारहरूलाई परिणामदायी बनाउनु हो । यो साझा चासोलाई स्थापना सम्मेलनले सम्बोधन गर्नुपर्दछ ।

**आई.सी.ओ.आर.लाई अगाडि बढाऔं !**

**साम्राज्यवादी विश्व व्यवस्था मुर्दावाद !**

**समाजवाद तर्फ अगाडि बढौं !**

स्थापना सम्मेलन यसरी उद्घाटन भयो ।

•

# आई.सी.ओ.आर.को विधान

**१. प्रस्तावना** :

"संसारका मजदुरहरू, एक होऔं" कार्ल मार्क्स र फ्रेडेरिक एंगेल्सको यो महत्वपूर्ण आह्वान, जुन कम्युनिष्ट घोषणापत्रको अन्तमा दिइएको छ, त्यो संसारभरका क्रान्तिकारी सर्वहारा वर्गको मुक्ति संघर्षको पथप्रदर्शक नीति र सिद्धान्तको रूपमा प्रतिपादन गरिएको थियो ।

साम्राज्यवादी विश्व व्यवस्थाको विकास ज्यादै नै विरोधाभासपूर्ण छ । अहिलेसम्मको सबभन्दा ठूलो धनराशी संचय भएको छ र प्रसस्त सम्भावनाहरू तयार भएका छन्, जसले जीवन सम्पन्न बनाउँछ र स्वास्थ्य र शान्ति सबै मानव जातिको लागि सम्भव बनाउँछ । त्यस्तो बेलामा विश्वव्यापी भोक र आम गरिबी अभूतपूर्व रूपमा बढेको छ । श्रमिक वर्गको विश्वव्यापी वृद्धि र श्रम उत्पादकत्वको प्रगतिको साथै ठूलो परिणाममा किसानको अस्तित्वको विनास, आम वेरोजगारी, अर्धवेरोजगारी साथ-साथै रहेका छन् । वैज्ञानिक-प्राविधिक प्रगातिले मानव जीवन र प्रकृतिको एकतालाई सम्भव बनाइरहेको समयमा वातावरणमा भएको नाटकीय परिवर्तनले मानव अस्तित्वको आधारलाई नै खतरामा पुऱ्याइरहेका छन् ।

समाजवादी अवस्थाहरूको विकासको लागि भौतिक तयारी अहिले जस्तो परिपक्व पहिले कहिल्यै भएका थिएनन् । यही समयमा साम्राज्यवादी विश्व व्यवस्थाको संकट उन्मुखता मानवीय अस्तित्वको प्रश्न उठाउने तर्फ प्रवृत्त भएको छ । विध्वंसकारी साम्राज्यवादी युद्धको खतरा दशकौं देखि मानवता माथि बोझ भएको छ । भूमण्डलीय वातावरणीय संकटले मानव अस्तित्वको आधारलाई नै धम्कि दिइरहेको छ । खास गरेर महिलाहरू र बच्चबच्चीहरूको स्थितिको सन्दर्भमा दीर्घकालिन विकृति सहितको आम जनसमूहको परिवारको अनुपस्थिति विश्वव्यापी रूपमा बढिरहेको छ । करोडौं जनताहरूको अति शोषणले २००८ को विश्व आर्थिक तथा वित्तीय संकट पैदा गऱ्यो जसले विश्वलाई हल्लाएको छ ।

यी सबैले नयाँ व्यवस्थाद्वारा पूँजीवादको प्रतिस्थापनलाई निम्त्याइरहेको छ, जसमा उत्पादक शक्तिहरूलाई मानव जातिको हितको लागि प्रयोग गर्न सकिने छ । विश्वका आम जनसमूह पूँजीवादी पाशविकतामा रहन चाहँदैनन् । अन्तर्राष्ट्रिय वित्तीय पूँजीको मानवता विरोधी राजनीतिले शोषण, दमन, विपत्ति, वातावरणीय विनास र युद्ध बिनाको समाज तर्फ मानवताको क्रान्तिकारी अभियानलाई चुनौती दिन्छ जसले युवाहरूलाई दुरदृष्टि प्रदान गर्दछ ।

संशोधनवाद मार्फत समाजवादी शिविरको पतन संगै मजदुर वर्गीय आन्दोलनले इतिहासमा सबभन्दा गम्भीर पराजय व्यहोर्नु पऱ्यो र दशकौंसम्म यसले अन्तर्राष्ट्रिय क्रान्तिकारी आन्दोलनलाई कहिल्यै सफल हुन सकिदैन भन्ने विश्वासको भावनामा डुवाईदियो, जुन पहिले कहिल्यै भएको थिएन र यसले तिनीहरूको पंक्तिमा विघटन, विभाजन र विखण्डन हुने कामलाई बढावा दियो ।

यी सबै चिजका बाबजुद क्रान्तिकारी पार्टी र संगठनहरू क्रान्तिकारी पार्टी निर्माणमा जुटिरहे र राष्ट्रिय र सामाजिक मुक्तिको निम्ति संघर्ष जारीराखे । यसले नयाँ क्रान्तिकारी र मार्क्सवादी-लेनिनवादी पार्टी र संगठनहरूको निर्माण, तिनीहरूको वर्गसंघर्षलाई नेतृत्व दिनको लागि बढिरहेको क्षमता र तिनीहरूको अन्तर्राष्ट्रिय सहयोगको सुरूवात गर्ने क्रममा विभिन्न किसिमको निष्कर्ष निकाल्ने र अनुभव प्राप्त गर्ने तर्फ लागे ।

यसरी क्रान्तिकारी तथा मजदुर वर्गीय आन्दोलनको अन्तर्राष्ट्रिय सहयोग र साम्राज्यवाद विरूद्ध अन्तर्राष्ट्रिय संयुक्त मोर्चाको विकासको नयाँ चरणको लागि समय परिपक्व भएको छ ।

हामीलाई क्रान्तिकारी पार्टी निर्माण र वर्ग संघर्षका निम्ति, संसारका क्रान्तिकारीहरूको गतिविधिहरूलाई अन्तर्राष्ट्रिय सहयोग र समन्वयको निम्ति संगठनात्मक स्वरूप आवश्यक छ ।

आई.सी.ओ.आर.को स्थापना सम्मेलनले विश्वको पहिलो समाजवादी राज्यका तेजस्वी नेता लेनिनको दृष्टिकोणलाई अनुसरण गर्दछ कि सर्वहारावादी अन्तर्राष्ट्रियवादलाई संगठनको आवश्यक रूपहरूमा मात्र महसुस गर्न सकिन्छ ।

"पूँजी अन्तर्राष्ट्रिय शक्ति हो, यसलाई पराजित गर्न अन्तर्राष्ट्रिय मजदुरहरूको एकता, अन्तर्राष्टिय मजदुरहरूको भातृत्व आवश्यक छ" (लेनिन संकलिन रचना चौथो अंग्रेजी संस्करण, प्रगति प्रकाशन मास्को, १९६५, ग्रन्थ ३० पेज २९१-२९७, युक्रेन एप्रोपसका किसान र मजदुरहरूलाई डेनिकिन माथिको विजयको चिठी १९२०)

आई.सी.ओ.आर.ले फरक फरक व्यवहारिक, संगठनात्मक र राजनीतिक अनुभव, तिनीहरूको ऐतिहासिक वैचारिक आधारहरू, रणनैतिक कार्य र सामाजिक-आर्थिक अवस्थाहरूको सम्बन्धमा फरक-फरक पार्टी र संगठनहरूलाई एकत्रित गर्दछ । तिनीहरूले एक अर्कोलाई अदारपूर्वक सहयोग गर्नुपर्छ र तिनीहरूको संयुक्त संघर्षको निम्ति एक अर्कोबाट सिक्नुपर्छ ।

आफ्नो उद्देश्यहरू पूरा गर्न आइ.सी.ओ.आरको स्थापना सम्मेलनले निम्न विधान स्वीकार गरेको छ ।

**२. नाम** :

यसको नाम क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-आर्डिनेशन (International Co-ordination of Revolutionary Parties and Organizations (ICOR) हुनेछ ।

**३. बनोट** :

(क) विश्व सम्मेलन

१. आई.सी.ओ.आर.को सर्वोच्च अंग आई.सी.ओ.आर. अन्तर्गतका सबै पार्टीहरू र संगठनहरूका प्रतिनिधिहरूको विश्व सम्मेलन हो । विश्व सम्मेलन प्रत्येक तीन वर्षमा आयोजना गरिनेछ । मतदानमा प्रत्येक सदस्य संगठनको एउटा मत हुन्छ ।

यदि सदस्य संगठनहरूको ५० प्रतिशतभन्दा बढीको प्रतिनिधित्व भयो र प्रत्येक सदस्यलाई कम्तिमा तीन महिना अगाडि निमन्त्रणा पठाइयो भने विश्व सम्मेलनको गणपुरक संख्या पुग्दछ । यदि विशेष अवस्थाहरू र मनासिव कारणहरूले ५० प्रतिशत भन्दा बढी पुग्न सकेनन् भने कम्तिमा ५० प्रतिशत सदस्य राष्ट्रहरूको वैधानिकता रहनु पर्दछ । यस्तो भएता पनि निरपेक्ष न्यूनतम गणपुरक संख्याको रूपमा एकतिहाईभन्दा बढी सदस्य संगठनहरूको प्रतिनिधित्व हुनुपर्दछ । थप कुरा, प्रत्येक महादेशबाट कम्तिमा दुई प्रतिनिधि मण्डल उपस्थित हुनुपर्दछ ।

२. सर्वप्रथम विश्व सम्मेलनले सम्मेलन सञ्चालन गर्नको लागि प्रस्ताव र प्रक्रियाको नियमहरू स्वीकार गर्छ । यो सम्मेलनमा निर्वाचित अध्यक्षमण्डलद्वारा नेतृत्व गरिन्छ । विश्व सम्मेलनमा बहुपक्षीय रूपमा तयारी, सञ्चालन र आर्थिक सहयोग गर्ने गरिन्छ ।

विश्व सम्मेलन साझा रूपमा स्वीकार गरिएको सम्मेलनको प्रक्रियाका नियमहरूको अनुशरण गर्दै समान अधिकार र कर्त्तव्यको आधारमा सञ्चालन हुनेछ ।

सम्मेलनको मुख्य भाषा अंग्रेजी हुनेछ । सम्मेलनले सम्भव भएमा अन्य भाषाको अनुवादको व्यवस्था गर्दछ ।

विश्व सम्मेलनले आई.सी.ओ.आर.को सम्मेलनहरू बीचको कामको समन्वय गर्नको निम्ति अन्तर्राष्ट्रिय संयोजन समिति र लेखापरीक्षक निर्वाचित गर्नेछ ।

आधारभूत दस्तावेजहरूमा मतदान हुँदा सम्मेलनले सहमतिको आधारमा तिनीहरूको निर्वाचन होस् भन्ने चाहन्छ । सैद्धान्तिक र आधारभूत राजनीतिक विषयहरूलाई मतदानमा लगिदैन । यस्तो भएता पनि व्यवहारिक आवश्यकताका प्रश्नहरूमा स्थापना दस्तावेजहरूको सम्बन्धमा र व्यापक छलफल पछि वैचारिक-राजनीतिक भिन्नताहरूलाई सम्मान गर्दै बहुमतीय निर्णय लिन सकिने छ । यसको निम्ति उपस्थित प्रतिनिधिहरूको न्यूनतम ८० प्रतिशत मत आवश्यक छ । तत्कालिन विषयहरूमा सबै निर्णयहरू सामान्य बहुमतबाट लिन सकिन्छ । वरावरि मत भएमा अस्वीकार भएको मानिने छ ।

आई.सी.ओ.आर.को प्रत्येक सदस्य संगठन साझा योजनाहरू स्वीकार गर्न र लागू गर्न स्वायत्त र स्वतन्त्र छन् । यो वर्गसंघर्ष र क्रान्तिकारी पार्टी निर्माणमा आ-आफ्नो कार्य पूरा गर्नको लागि स्वतन्त्र रूपमा जिम्मेवार छ र गरिएका प्रतिज्ञाहरूको विश्वसनीय रूपमा निगरानी राख्नुपर्छ ।

**(ख) महादेशीय सम्मेलन**

आई.सी.ओ.आर. महादेशीय सम्मेलनको साझा कामको सुरूआत अफ्रिका, अमेरिका, एशिया (अष्ट्रेलिया/प्रशान्त क्षेत्र ओसिया समेत) र युरोपमा गरिनुपर्छ ।

मतदानमा सबै सदस्य संगठनहरूको एउटामत हुनेछ । सम्मेलनको भाषा सम्बन्धित महादेशका सदस्य राष्ट्रहरूद्वारा निर्धारित गरिन्छ ।

सम्बन्धित महादेशीय सम्मेलनले महादेशीय संयोजन समिति (सी.सी.सी.) र लेखापरीक्षकको निर्वाचन गर्दछ ।

अन्य कुरामा विश्व सम्मेलनका नियमहरू नै तदनुरूप मान्य हुनेछन् ।

**(ग) क्षेत्रीय सम्मेलन**

आई.सी.ओ.आर.का गतिविधि र यसको सदस्य संगठनहरूको विस्तारको साथमा महादेशलाई उपयुक्त क्षेत्रमा उपविभाजन गरिने छ । उपविभाजनको संख्याबारे आई.सी.ओ.आर.को उच्च निकायसंग समझदारी स्थापित गरिनुपर्दछ ।

**(घ) अन्तर्राष्ट्रिय समन्वय समिति (आई.सी.सी.)**

आई.सी.सी., विश्व सम्मेलनहरू बीचमा र यसका सदस्य राष्ट्रहरू आई.सी.ओ.आर.का गतिविधिहरूलाई संयोजन गर्ने केन्द्र हुनेछ र सार्वजनिक रूपमा आई.सी.ओ.आर.लाई प्रतिनिधित्व गर्दछ ।

आई.सी.सी.मा कम्तिमा ७ र बढिमा ९ सदस्य रहनेछन् । जसको समान अधिकार र कर्त्तव्य हुन्छ । यी सदस्यहरूलाई सम्बन्धित पार्टी र संगठनहरूले विश्व सम्मेलनमा प्रस्तावित गर्नेछन् र यसबाट निर्वाचित हुनेछन् । निर्वाचित आई.सी.सी. सदस्यहरू रहेका पार्टी र संगठनहरूले आई.सी.सी.मा ती सदस्यहरूको कार्य सम्पादनको लागि सामूहिक जिम्मेवारी लिन्छन् ।

सदस्यहरूको वारिस प्रतिनिधित्व सम्भव छ । प्रत्येक सदस्य संगठनले आई.सी.सी.बाट आफ्नो सदस्यलाई गम्भीर कारण देखाएर प्रत्याह्वान गर्न सक्छ र यस्तै किसिमले प्रतिस्थापन गर्नसक्छ । यस्तो भएता पनि, त्यो व्यक्ति सोही संगठनको हुनुपर्छ र सम्बन्धित पार्टी वा संगठनको नेतृत्वबाट स्पष्ट लिखित मञ्जुरी प्रस्तुत गरिनुपर्छ ।

आई.सी.सी.मा प्रत्येक महादेशबाट कम्तिमा एकजनाको प्रतिनिधित्व हुनुपर्छ । प्रत्येक महादेशीय सम्मेलनले एक प्रतिनिधि आइ.सी.सी.मा पठाउँनेछ जसलाई आफ्नो पार्टी वा संगठनले तोकेको हुनैपर्छ । तिनीहरूले एउटा जगेडा प्रतिनिधिलाई निश्चित गर्नुपर्छ उसलाई पनि तोकिएको हुनुपर्दछ ।

आई.सी.सी.ले विश्व सम्मेलनको निर्देशनलाई पालना गर्दछ र यसका निर्णयहरूलाई कार्यान्वयन गर्दछ । यसले आधारभूत सिद्धान्तहरू र राजनीतिक मुख्य प्रश्नहरूमा कुनै निर्णय गर्न सक्दैन । यस्तो भएता पनि आई.सी.ओ.आर.सदस्यहरूको साझा कामको संयोजन गर्ने सम्बन्धमा आई.सी.सी.ले सदस्य संगठनहरूको घोषणा र प्रस्तावहरू तर्जुमा गर्नु र आवश्यक परेमा छलफलको प्रक्रियाबाट निर्णयमा पुग्ने छन् ।

कम्तिमा वर्षको एकपटक आई.सी.सी.को नियमित रूपमा बैठकहरू बस्नेछ । बैठकको आधिकारिक माइनट हुनेछ । कम्तिमा आधासदस्यहरू उपस्थित भए यसको गणपुरक संख्या पुगेको मानिने छ ।

आई.सी.सी.ले आई.सी.ओ.आर.का अन्य सदस्यहरूलाई पनि आफ्नो बैठकमा आमन्त्रण गर्न सक्छ । यस्तो भएता पनि तिनीहरूको आई.सी.सी.मा मत दिने अधिकार हुनेछैन ।

आई.सी.सी.ले आफ्ना गतिविधिहरूको विवरण लिखित रूपमा

विश्व सम्मेलनमा प्रस्तुत गर्दछ । कोषाध्यक्षले आर्थिक रिपोर्ट विश्व सम्मेलनमा प्रस्तुत गर्दछ र लेखापरीक्षकहरूले पनि त्यही गर्नेछन् । आई.सी.सी.ले आफ्ना सदस्यहरू मध्येबाट प्रमुख संयोजक, सह-प्रमुख संयोजक र कोषाध्यक्ष निर्वाचिन गर्दछ । यी सबैबाट आई.सी.ओ.आर.को सचिवालय बन्दछ । प्रमुख संयोजक र उपसंयोजक आई.सी.ओ.आर.का मुख्य प्रतिनिधिहरू हुने र आई.सी.ओ.आर विश्व सम्मेलनका निर्णयहरूद्धारा तिनीहरू अनुबन्धित हुनेछन् ।

**(ङ) महादेशीय संयोजन समिति (सी.सी.सी.)**

आई.सी.सी.का नियमहरू सम्बन्धित महादेशीय संयोजक समिति (सी.सी.सी.)लाई तदनुसार पनि लागू हुन्छन् ।

सम्बन्धित महादेशीय सम्मेलनहरूले स्वयं आफ्नो सदस्यहरूको संख्या निर्णय गर्दछन् ।

सी.सी.सी.ले आफ्नो सदस्यहरूबाट महादेशीय संयोजक, महादेशीय उपसंयोजक र कोषाध्यक्ष निर्वाचित गर्छन् । जसबाट सी.सी.सी.को सचिवालय बन्दछ ।

महादेशीय संयोजक अथवा यदि उ/उनी उपस्थित हुन असमर्थ भएमा उस्को/उनको उपप्रमुखलाई सी.सी.सी.को बैठकमा आमन्त्रण गरिने छ ।

**(च) क्षेत्रीय संयोजक समिति (आर.सी.सी.)**

आई.सी.सी.का नियमहरू सम्बन्धित क्षेत्रीय संयोजक समितिलाई तदनुरूप नै लागू हुनेछन् ।

सम्बन्धित क्षेत्रीय सम्मेलन आफैले आफ्नो सदस्य संख्या निर्धारण गर्दछ ।

आर.सी.सी.ले आफ्ना सदस्यहरू मध्यबाट क्षेत्रीय संयोजक, क्षेत्रीय सह-संयोजक र कोषाध्यक्ष निर्वाचित गर्दछ र तिनीहरू सबै मिलेर आर.सी.सी.को सचिवालय बन्दछ । क्षेत्रीय संयोजक अथवा उ/उनी नभएमा उस्को/उनको उपसंयोजकलाई आई.सी.सी.को बैठकमा आमन्त्रण गरिन्छ ।

**४. आई.सी.ओ.आर.को सदस्यता सम्बन्धमा :**

**(क) सामान्य टिप्पणी**

१. संसारका विभिन्न देशका स्वतन्त्र र आत्मनिर्भर पार्टी र संगठनहरूले आई.सी.ओ.आर.को सदस्यता प्राप्त गर्नेछन् ।

२. आई.सी.ओ.आर.मा सदस्यताको लागि पूर्वशर्त विश्व सम्मेलनका सिद्धान्तहरू र आधारभूत निर्णयहरू स्वीकार गर्नु हो ।

३. विश्व सम्मेलनका सिद्धान्तहरू र आधारभूत निर्णयहरू स्वीकार गर्नु र तिनीहरूको कार्यान्वयनमा आफ्नो प्रतिवद्धता प्रकट गर्ने कुराहरू सम्बन्धित सदस्य संगठनको कर्त्तव्य हुनेछ । आई.सी.ओ.आर.को सदस्यता निर्णयकर्ता सभाद्धारा निश्चित गरिनेछ । आई.सी.ओ.आर.द्धारा वैचारिक-राजनीतिक योग्यता हेरिने छैन ।

४. सदस्य राष्ट्रहरूको आई.सी.ओ.आर.मा भर्ना आई.सी.ओ.आर.को विश्व सम्मेलनले अपनाएको सम्मेलनमा उपस्थित सदस्यहरूको ८० प्रतिशतभन्दा बढीको पूर्ण बहुमतले पास गर्ने प्रक्रियाद्धारा गरिन्छ ।

५. आई.सी.ओ.आर.को सदस्यता, सदस्य राष्ट्रहरूको समान अधिकार र कर्त्तव्यसंग बाँधिएको हुन्छ ।

६. आफ्ना स्वतन्त्र र आत्मनिर्भर सदस्यहरूको सहमतीय संयोजन र सहयोग आई.सी.ओ.आर.को साझा संगठनात्मक सिद्धान्त हो ।

७. साझा कार्यहरू आई.सी.ओ.आर.को सम्बन्धित अंगहरूमा आफ्नो क्षेत्र (विश्व, महादेश, क्षेत्र) अनुसार छलफल गरिने र निर्णय गरिने छन् ।

**(ख) सदस्यताको लागि शर्तहरू**

१. आई.सी.ओ.आर.को सदस्यताको लागि सामान्य आधार सम्बन्धित सदस्य संगठनको क्रान्तिकारी चरित्र हुनुपर्दछ ।

२. यसले फरक फरक वैचारिक-राजनीतिक धारणाहरू र खास सदस्य राष्ट्रहरूको आधारहरूलाई स्वीकार गर्दछ । जहाँसम्म तिनीहरूले आई.सी.ओ.आर.का विशेषतासंग शत्रुतापूर्ण अन्तरविरोध राख्दैनन् ।

३. आई.सी.ओ.आर.का सदस्य संगठनहरूको साझा राजनीतिक उद्देश्य साम्राज्यवादी-पूँजीवादी विश्व व्यवस्था माथि विजय प्राप्त गर्नु र समाजवादी समाजसंग सम्बन्धित सम्बन्धहरूलाई स्वीकार गर्नु हो ।

४. आई.सी.ओ.आर.को साझा रणनीतिक उद्देश्य फरक रणनीति र कार्यनीति भएका सदस्य संगठनहरूद्धारा सम्बन्धित देशहरूमा र फरक रणनीति र कार्यनीति भएका सदस्य राष्ट्रहरूद्धारा निर्णय गरिएका संगठनहरूले कार्यान्वयन गर्न सक्दछन् । जसलाई प्रत्येक देशका सदस्य संगठनहरूद्धारा निर्णय गरिएको हुन्छ ।

५. आई.सी.ओ.आर. को सदस्यताका लागि आधारभूत शर्तहरू :

- शोषित उत्पीडित जनसमूहको साथ लिएर उनीहरूको बीचमा सम्बन्धित देशमा वास्तविक क्रान्तिकारी कार्यहरू गर्नु ।
- वर्गीय जुझारू राजनीति अपनाउनु र एकाधिकारवादी शासक र तिनमा कठपुतलीहरूसंग वर्ग समन्वयको अस्वीकार गर्नु ।
- सामाजिक सम्बन्धहरूको क्रान्तिकारी परिवर्तन र जुनसुकै रूपको भएपनि, सर्वहाराको अधिनायकत्वको स्थापनाको आवश्यकतालाई स्वीकार गर्नु ।
- संशोधनवाद, ट्राटस्किवाद, अराजकतावादको साथै तथाकथित "स्टालिनवाद" वा "माओवाद" र सर्वहारा वर्गको अधिनायकत्वका विरूद्ध शत्रुतापूर्ण आक्रमण तथा घृणित अभियान कार्य जस्ता कुनै रूपको साम्यवाद विरोधीहरूसंग स्पष्ट विभाजन रेखा कोर्नु ।
- पार्टी निर्माण र वर्गसंघर्षमा सदस्य राष्ट्रहरूको अन्तर्राष्ट्रिय सहयोगको तथा समन्वयको सिद्धान्त र व्यवहारको निम्ति साझा बन्धनको रूपमा सर्वहारा अन्तर्राष्ट्रवादलाई स्वीकार र कार्यान्वयन गर्नु ।

## (ग) सदस्य राष्ट्रहरूको अधिकार र कर्तव्य

१. प्रत्येक सदस्य राष्ट्रहरूको निम्न अधिकारहरू हुनेछन् :

- अन्तर्राष्ट्रिय, महादेशीय र क्षेत्रीय तहमा आपसी समन्वय र सहयोगमा सहभागि हुने र सक्रिय भूमिका खेल्ने ।
- कार्यक्रम र सम्मेलनहरूमा सहभागि हुन र आई.सी.ओ.आर.का साझा गतिविधिहरूमा भाग लिने तथा तिनीहरूको निम्ति प्रस्ताव तयार पार्ने ।
- उत्तरदायी अङ्गहरूको चुनावमा भागलिने र तिनीहरूमा निर्वाचित हुने ।
- प्रतिनिधिहरू वितरण अनुसार मतदान दिने अधिकार सहित निर्णय गर्ने सम्मेलनमा सहभागि हुने ।
- विशेष रूपमा सहयोग गर्न, वस्तुगत रूपमा छलफल गर्न वा अरू सदस्य संगठनहरूको आन्तरिक मामिलामा कुनै पनि हस्तक्षेप नगरिकन सल्लाह, सुझाव दिनका निम्ति आई.सी.ओ.आर.का हरेक अन्य सदस्य संगठनहरूलाई तुरून्तै जिम्मेवारी दिनु ।
- आई.सी.ओ.आर.का बहुमतको धारणालाई आपसी सम्मान गर्दै विवादास्पद सवालहरूलाई स्वीकार गर्नुबाट रोक्नु र आवश्यक परे कसैको आफ्नो देशमा सामान्य रूपले स्वीकार गरिएको निर्णयको विरूद्धमा स्वतन्त्र रूपले निर्णय गर्नु ।
- आई.सी.ओ.आर.भन्दा बाहिरका कुनै पनि अन्य संगठनहरूसँग पनि एकता कायम गर्ने अथवा स्पष्ट रूपमा आई.सी.ओ.आर.का विरूद्ध नजाने अरू संगठनहरूमा सहभागि हुने ।
- सहमती गरिएका नियमानुसार साझा प्रकाशनहरूमा सहभागि हुने ।

**२. प्रत्येक सदस्य संगठनको निम्न कर्तव्य हुनेछ**

- साझा राजनीतिक मञ्चको आधारमा सबै आवश्यक प्रश्नहरूमा आई.सी.ओ.आर.को क्रमिक वैचारिक, राजनीतिक एकतालाई सक्रियता पूर्वक समर्थन गर्ने र त्यसको निम्ति पहलकदमीलाई प्रोत्साहित गर्नु ।
- आफ्ना सम्भावना अनुसार दृढ ऐक्यवद्धता र आपसी व्यवहारिक सहयोगको अभ्यास गर्नु ।
- सदस्य संगठनहरूको बीचमा सर्वहारावादी छलफलको संस्कृतिको अभ्यास गर्नु ।
- आपसी सम्मान, स्वतन्त्रताको संरक्षण, अरू सदस्य संगठनहरूको आन्तरिक मामिलाहरूमा अहस्तक्षेप र समानताको अधिकारको पालना गर्नु ।
- गरिएका सहमतिलाई विश्वसनीय रूपमा पालना गर्नु ।
- आफ्ना सम्भावना अनुसार आई.सी.ओ.आर.लाई आर्थिक सहयोग गर्ने कार्यमा सहभागि हुनु ।

## (घ) प्रवेश अथवा निस्काशन प्रक्रिया

१. आई.सी.ओ.आर.मा प्रवेश सामान्यत: सहमतीय रूपमा गरिनेछ ।

२. आई.सी.ओ.आर.को सिद्धान्तको आधारमा प्रवेश माथि आपत्ति उठाउनुपर्छ उदाहरणको लागि आई.सी.ओ.आर.को कार्यमा प्रभाव पार्ने द्विपक्षीय धारणाको भिन्नताको आधारमा होइन ।

३. प्रवेशको लागि निवेदन दिने पार्टी वा संगठनले आई.सी.ओ.आर.का सिद्धान्तहरू सम्बन्धमा आफ्नो सहमति भएको घोषणा गरेर आफूलाई लिखितरूपमा आई.सी.ओ.आर.मा प्रवेश गराउनु ।

४. प्रवेश जिम्मेवार क्षेत्रीय सम्मेलनद्वारा वा अहिलेसम्म कुनै छैन भने महादेशीय सम्मेलनबाट सहमतीय आधारमा गरिनुपर्छ । यो उद्देश्यको निम्ति जिम्मेवार संयोजन समितिले त्यस क्षेत्र वा महादेशका सदस्य संगठनहरूसंग परामर्शात्मक प्रक्रियाको व्यवस्था गर्दछ । यदि यो तरिकाले सहमतिमा पुग्न सकिएन भने क्रमश: आउँदो क्षेत्रीय सम्मेलन वा महादेशीय सम्मेलनले कम्तिमा ८० प्रतिशतको बहुमतले निर्णय गर्न सक्नेछ ।

५. आई.सी.ओ.आर.बाट बाहिरिनका लागि लिखित र आधिकारिक घोषणा गरेर वाहिरिन सकिने छ ।

६. एक वा धेरै सदस्य संगठनहरूको अनुरोधमा सदस्य संगठनको निस्कासन सम्पन्न गरिनेछ । यो अनुरोध लिखित रूपमा प्रमाणित गरिएको हुनुपर्छ । मतदिन पाउने ८० प्रतिशत सदस्य संगठनहरूले निस्काशनलाई मञ्जुरी दिनैपर्छ ।

## (ङ) आर्थिक सम्बन्धमा

१. आई.सी.ओ.आर. आर्थिक रूपमा स्वतन्त्र छ । यसले आफ्नो साझा कामको लागि आफै आर्थिक व्यवस्थापन गर्नेछ । आम जनसमुहमा भरपर्दै यसले आफ्ना गतिविधिको लागि आर्थिक स्रोतको व्यवस्थापन गर्नेछ ।

२. यही तरिकाले आई.सी.ओ.आर. अन्तर्गतका पार्टी वा संगठनहरूको सम्बन्धमा अर्थव्यवस्थापनको स्वतन्त्रता हुनेछ ।

३. प्रत्येक संगठनले आफ्नो सम्भावना अनुसार आई.सी.ओ.आर.को काम र संगठन निर्माणका निम्ति आर्थिक योगदान गर्न प्रतिवद्धता प्रकट गर्दछन् । यसले आपसी सहयोग र एकतालाई स्वीकार गर्दछ ।

४. प्रत्येक सदस्य संगठनले यो उद्देश्यको निम्ति आई.सी.ओ.आर.लाई आफैले निर्धारित गरेको मात्रामा वार्षिक योगदान गर्नुपर्नेछ ।

५. प्रत्येक सदस्य संगठन आई.सी.ओ.आर.को आर्थिक सवलीकरणको निम्ति पहलकदमीको विकास गर्न आफू वचनवद्ध छन् । यसको केही अंश चन्दाको रूपमा योगदान वा क्रान्तिकारी साहित्यको विक्रीबाट भएको फाइदा र यस्तै अवसरहरू पर्दछन् ।

६. आई.सी.ओ.आर.को आर्थिक साधनहरूलाई सम्बन्धित संयोजन समितिहरूले व्यवस्थापन गर्नुपर्छ । यो उद्देश्यको लागि महादेशीय वा क्षेत्रीय संयोजन समिति र अन्तर्राष्ट्रिय संयोजन समितिले आफूमध्येबाट कोषाध्यक्ष निर्वाचित गर्नेछन् । महादेशीय वा क्षेत्रीय सम्मेलन र विश्व सम्मेलनले लेखापरीक्षक निर्वाचित गर्नेछन् । •

# आई.सी.ओ.आर.का व्यवहारिक कार्यहरू

"क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (आई.सी.ओ.आर.)ले मजदुर वर्गको आन्दोलनको संयोजन गर्ने अन्र्तराष्ट्रिय परियोजनालाई सर्मथन गर्दछ ।

यस अन्र्तगत अन्र्तराष्ट्रिय मोटरगाडी मजदुरहरूको सभा २०१२ र अन्र्तराष्ट्रिय खानी मजदुरहरूको सम्मेलन २०१२ (सुझावको रूपमा) पर्दछन् ।

"क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (आई.सी.ओ.आर) ले ४ देखि ८ मार्च, २०११ मा भेनेजुयलामा हुने आम महिलाहरूको विश्व महिला सम्मेलनको तैयारी र आयोजनाका लागि सकृय सहयोग र सर्मथन गर्नेछ ।

"क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (आई.सी.ओ.आर)ले मार्क्सवादी लेनिनवादी पार्टी निर्माणमा आपसी सहयोग, द्विपक्षीय र बहुपक्षीय समन्वय र सहमति गर्नेछ ।

### 'क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन' (आई.सी.ओ.आर.) को वेभसाइट :

"क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (आई.सी.ओ.आर.)ले निम्न लक्ष्य प्राप्त गर्न वेभसाइट स्थापना गर्नेछ :

- अन्तर्राष्ट्रिय संगठनको रूपमा "क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (आई.सी.ओ.आर.)को निर्णयहरू, यसका साझेदारी परियोजनाहरू र राजनीतिक वक्तव्यहरूको सार्वजनिक प्रतिनिधित्वको लागि,
- "क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (आई.सी.ओ.आर.)को कृयाकलाप र विकासबारे सूचनाको माध्यमद्वारा नयां सदस्य संगठनमा पहुँच पुऱ्याउन,
- "क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (आई.सी.ओ.आर.) का सदस्यहरू बीच आपसी सूचनाको जिवन्त आदान प्रदानका लागि,
- व्यक्ति, पार्टी र संगठनहरू, अन्तर्राष्ट्रिय संगठन र यसका सहभागिहरू बीच सूचनाको आदान प्रदान सम्भव बनाउन,

क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन (आई.सी.ओ.आर.) बीच संचारको र सन्धिको संभावनाका लागि

वेभसाइटमा प्रकाशनका लागि योगदान गर्दा क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन (आई.सी.ओ.आर.)को मूल मर्मलाई मात्र समेटिएको हुनेछ ।

प्रत्येक पार्टी र संगठनहरूले एउटा लेख वा सूचना आफैले छानेर सम्बन्धित स्थानमा महिनाको एक पटक राख्न सक्नेछन् ।

वेभसाइटको राजनीतिक, सांगठानिक र कानूनी जिम्मेबारी आइ.सी.सी. संग रहनेछ । महाद्वीपीय र क्षत्रीय को-अर्डिनेशन समितिलाई महाद्वीपीय र क्षत्रिय वेभसाइटलाई जिम्मेबारीको साथ समान ढंगले अगाडि बढाउन यो सुझाब दिइन्छ ।

### आई.सी.ओ.आर.को झण्डा र प्रतिक चिन्ह :

आई.सी.ओ.आर.ले "ICOR" भन्ने अक्षर लेखिएको एउटा साझा (रातो कपडामा) झण्डा बनाउने छ ।

आई.सी.ओ.आर.ले एउटा प्रतिक बनाउने छ । यसको ढाँचा बनाउने काममा आई.सी.सी.जिम्मेवार हुनेछ ।

### संघर्षका साझा दिनहरू :

"क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (आई.सी.ओ.आर.)का सदस्यहरूले विश्वव्यापी रूपमा मजदुर वर्ग र आम जनसमुदायलाई सचेतपूर्वक संयुक्त रूपमा प्रत्येक वर्ष निम्न चार दिनहरू अन्तर्राष्ट्रिय दिवशका रूपमा मनाउने छन् ।

१. मे दिवस : यो १०० वर्ष भन्दा बढी समय देखि अन्तर्राष्ट्रिय मजदुर वर्गको संघर्षको रूपमा रहेको छ । यसलाई सँस्थागत गर्ने कार्य १८८९ मा पेरिसमा भएको दोस्रो समाजवादी अन्तर्राष्ट्रियको स्थापना अधिबेशनले गरेको थियो । यसको प्रसंग चाहिं मे १, १८८६मा सिकागोमा आठ घण्टा कामको माग गरिरहेका मजदुरहरू माथि रक्तपातपूर्ण दमन गरिएको थियो ।

२. मार्च ८ : महिला मुक्तिको सर्घषको अन्तर्राष्ट्रिय दिवस । यस दिनलाई १९१० मा कोपन हेगेनमा भएको अन्तर्राष्ट्रिय समाजवादी महिलाहरूको सम्मेलनले निर्णय गरेको थियो ।

३. फासीवाद तथा युद्धका विरूद्ध संघर्षको अन्तर्राष्ट्रिय दिवस: प्रत्येक देशमा परंपराका आधारमा मे ८/९, अगष्ट ६ वा सेप्टेम्वर १ मा यो दिवश मनाउन सकिने छ । मे ८, १९४५ मा हिटलरी फासिवादले हार खाएको थियो । अगष्ट ६ मा हिरोसिमामा पहिलो आणविक वम खसालिएको थियो र सेप्टेम्वर १, १९३९ दोस्रो विश्व युद्धको पहिलो दिन थियो ।

४. प्राकृतिक वातावरणको संरक्षणकालागि संघर्षको अन्तर्राष्ट्रिय दिवस: डिसेम्वरको शुरूका दिनलाई प्राकृतिक वातावरणको संरक्षणकालागि संघर्षको अन्तर्राष्ट्रिय दिवस मनाइयोस् । प्राकृतिक विनासका विरूद्ध अन्तर्राष्ट्रिय कार्यवाहीहरू सन् २००५ देखि यसै समयमा भइरहेका छन् । डिसेम्वर २००९ मा एक सयभन्दा बढी मुलुकद्वारा कोपेन हेगेनमा विश्व वातावरण सम्मेलन गरेर आमरूपमा नै जनविरोध प्रदर्शन गरे । प्राकृतिक वातावरणको संरक्षणकालागि संघर्ष गरिने अन्तर्राष्ट्रिय दिवसले सक्रिय प्रतिरोधको अन्तर्राष्ट्रिय मोर्चालाई प्रोत्साहन दिनेछ र प्राकृतिक वातावरणको उद्दार गर्नेछ ।

**अन्तर्राष्ट्रिय साहित्य र संस्कृतिको आदान-प्रदानको निर्माण** :

क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन (आई.सी.ओ.आर.)को अन्तर्राष्ट्रिय समन्वय समिति (आईं.सी.सी.)ले अन्तर्राष्ट्रिय साहित्य र सँस्कृतिको आदान-प्रदानको निर्माणको दिशामा ठोस कदम चाल्नका निमित्त निर्देशित गर्दछ र यो दिशामा सबै प्रकारका पहललाई प्रबर्धन गर्छ ।

क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन (आई.सी.ओ.आर.) सदस्यहरूको प्रकाशनलाई त्यसको अनुवाद, मूल्य र उपलब्ध गर्न सकिने स्रोतको विस्तृत जानकारी पनि वेभसाइटमा प्रकाशित हुनेछ ।

सांस्कृतिक कृयाकलाप र सांस्कृतिक आदान-प्रदानका अतिरिक्त सांगीतिक तथा नाट्य समूह, कार्यक्रम, यात्राहरू, फिल्म, पुस्तक डिजिटल माध्यमका संगीत, कला र हस्तकलाहरूको प्रबर्धन गरिनेछ ।

**एशिया महाद्विपीय सम्मेलनको पहल** :

एशियामा "कृषक मोर्चाले भोगेका समस्याहरू" विषयक एशिया महाद्विपीय सम्मेलनको आयोजना गर्न पहल गर्ने ।

- "क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (आई.सी.ओ.आर.)को प्रस्ताव

"क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (आई.सी.ओ.आर.)को संस्थापन सम्मेलनले "कृषक मोर्चाले भोगेका समस्याहरू" विषयक एशियामा एशिया महाद्वीपीय सम्मेलनको आयोजना गर्ने पहलको सर्मथन गर्नेछ । •

पेज २१ को बाँकी

देखिएको रूग्ण र घृषित रूपमा चलाइएको इस्लाम विरूद्धको राजनीतिको विरोध गर्नुपर्दछ ।

१०. विश्वभरी नै वामपन्थी लहर रोक्नको लागि अभूतपूर्वरूपमा कम्युनिष्ट विरोधी अभियान चलाइएको छ । खासगरी आक्रमण विन्दु भनेको तथाकथित "माओवाद" र "स्टालिनवाद" रहेको छ । यस्तो कदम यूरोपीयन युनियनका मन्त्रीहरूको अगुवाइमा सुरू गरिएको थियो । पछि सन् २००६ मा कम्युनिष्टहरूलाई आतंकको प्रमुख कारकको रूपमा परिभाषित गरियो । उनीहरूले आक्रमणको निशानामा संशोधनवादीहरूलाई पारेका छैनन् र मुख्य निशाना भनेको संसारभरका मार्क्सवादी एवं लेनिनवादी क्रान्तिकारीहरू नै हुन् ।

११. कथित "आतंकवाद"को विरूद्ध डर उत्पन्न गराई आन्तरिक रूपमा फासिवादको प्रयोग गरिएको छ । आफूलाई प्रजातान्त्रिक ठान्ने बुर्जुवा राजनीतिज्ञहरू फासिवादका आन्तरिक एजेण्ट हुन् । बुर्जुवाहरूको संसदले फासिवाद बढाउने खालका कानूनहरू बनाउँछ र यसले गर्दा पुलिसका ज्यादती बढ्ने एवं आप्रवासी एवं शरणार्थी जनताका विरूद्ध अपराधपूर्ण कार्यहरू बढिरहेका छन् र आम जनताका आधार भूत अधिकारमाथि प्रतिबन्ध एवं सेन्सर लगाउने कार्य भइरहेको छ । बुर्जुवा शासन पद्धति भएका देशले फासिवादलाई खुला छुट दिएका छन् । कतिपय अवस्थामा यी राज्यले फासिवाद बढाउने संस्कार हरूलाई चलाएका छन् । टर्कीमा भएको एरजेन्कोन ट्रायल्सबाट के थाहा भएको छ भने कतिपय अवस्थामा फासिवादलाई नागरिक समाज विरूद्ध सेना पुलिस र न्यायालयको समेत संरक्षण हुँदो रहेछ । जर्मनीमा एन.पी.डी. प्रतिबन्ध सम्बन्धी राज्यको प्रस्ताव आयो, तरपछि थाहा भयो कि त्यस पार्टीमा एकतिहाई जति गोप्य पुलिसका एजेण्टहरू थिए ।

१२. राज्य आफैले आतंकवादलाई प्रश्रय दिएको छ । फासिवाद र प्रतिक्रियावादी बुर्जुवा प्रजातन्त्र एउटै सिक्काका दुईपाटा हुन् । दुवै बुर्जुवा अधिनायकवादका पृष्ठपोषक हुन् । बुर्जुवा शक्तिलाई सर्वहारावर्गको क्रान्तिबाट उसको अस्तित्वमा खतरा महसुस भयो भने उसले प्रजातान्त्रिक चरित्रको मुकुण्डो फालिदिन्छ । अधिनायकवादी एवं फासिवादी चरित्र ग्रहण गर्दछ । आज प्रतिक्रियावादी बुर्जुवा पार्टीहरूले फासिवादको बढावामा हुने क्रियाकलाप बढाउनुको अर्थ उनीहरू यस्ता कदमबाट भविष्यमा सर्वहारा वर्गबाट हुने वर्गसंघर्षको आँधी बेहोरीबाट बच्न आज देखि नै तयारी गर्दैछन् भन्ने हो । त्यसैले क्रान्तिकारी कम्युनिष्ट पार्टी आफ्ना वर्गशत्रुबाट हुने यस्ता सबै आक्रमणबाट आफूलाई बचाउन आज देखि नै प्रयास गर्नु पर्दछ । यस्तो अवस्थामा वर्तमान कानूनी सीमालाई आदर गरेर मात्र नबसी, वर्गशत्रुबाट हुने सम्भावित खतराको उपेक्षा नगरी, क्रान्तिकारी पार्टीहरूले आफ्नो आत्मबल बढाउँदै आउने दिनमा बढ्दै जाने वर्ग संघर्षको निश्चिततालाई बुझेर आफूलाई तैयार राख्नु पर्दछ र यसलाई तत्कालिन व्यवहारिक राजनीतिक कार्यको रूपमा लिनुपर्छ ।

१३. अहिले संसारभरि नै फासिवादको विरोधमा हुने लडाई रोक्न गरिने प्रयत्न र आम जनताका अधिकार र स्वतन्त्रतामाथि हुने आक्रमणको विरोधमा गोलबन्द हुनु आवश्यक छ र आन्तरिक, फासिवादको पनि विरोध गर्नुपर्दछ । आज क्रान्तिकारी कम्युनिष्टहरूले उनीहरूलाई फासिवादीहरूले अपराधिक तत्वहरूको रूपमा देखाउने प्रयासको विरोध गर्नुपर्दछ । यसको लागि अन्तर्राष्ट्रिय सर्वहारावर्गको ऐक्यवद्धतालाई बढाउनु पर्दछ र बुर्जुवा एवं फासिवादीहरूको कम्युनिष्टहरूलाई बदनाम गर्ने र फुटाउने कार्य गर्दै जाँदा त्यसको विरूद्धमा सशक्त भई प्रतिवाद गर्नुपर्दछ ।

१४. मार्क्सवादी एवं लेनिनवादी पार्टीहरूको दशौं सम्मेलनले साम्राज्यवादी युद्ध, फासिवाद र साम्राज्यवादी आक्रमण र हस्तक्षेपको विरोध गर्छ । यो सम्मेलन संसारभरीका स्वतन्त्रता आन्दोलनहरूको समर्थन गर्दछ र इराक, अफगानिस्तान, पाकिस्तान, फिलिपिन्स, कोलम्बिया र फिलिपन्सका जनताको राष्ट्रिय सार्वभौमिकताको लागि लडेको युद्धलाई समर्थन गर्दछ ।

**युद्ध मच्चाउने साम्राज्यवाद मुर्दावाद !**
**फासिवादको पृष्ठपोषक पूँजीवादको विरूद्ध अन्तर्राष्ट्रिय रूपमा संघर्ष गरौं !**
**अन्तर्राष्ट्रिय ऐक्यवद्धता जिन्दावाद !**•

# मार्क्सवादी-लेनिनवादी पार्टी र संगठनहरूको दसौं अन्तर्राष्ट्रिय सम्मेलन

[सन् २०१० को अक्टोबरमा युरोपको कुनै स्थानमा मार्क्सवादी-लेनिनवादी पार्टी र संगठनहरूको दसौं अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो । त्यो सम्मेलनमा नेपाल, भारत, जर्मनी, लक्जम्वर्ग, बंगलादेश, फिलिपिन्स, फ्रान्स, टर्की, अमेरिका, पनामा, बोलिभिया, अर्जेटिना, पाराग्वे, कंगो, डोमिनिकन रिपब्लिक, नेदरलैण्ड र इरानका पार्टी वा संगठनहरू उपस्थित भएका थिए । त्यो सम्मेलनमा ने.क.पा. (मसाल)का महामन्त्री का. मोहनविक्रम सिंहले भाग लिनुभएको थियो । त्यो सम्मेलनले आजको विश्वको राजनीतिक परिस्थिति तथा बेग्ला बेग्लै देशको स्थिति माथि विचार गर्दै कैयौं प्रस्तावहरू पारित गरेको छ । जुन तल दिइएका छन् :]

## विश्व आर्थिक तथा वित्तीय संकट सम्बन्धी प्रस्ताव

१. हामीहरू अहिले पूँजीवादको इतिहास मै गहिरो विश्व आर्थिक तथा वित्तीय संकटबाट गुज्रिरहेका छौं । यसको सुरूवात अमेरिकामा भयो, जुन साम्राज्यवादी व्यवस्थाको प्रमुख शक्ति हो । यो संकटको शुरूवातदेखि यसका प्रचारकहरूले विश्व आर्थिक तथा वित्तीय संकटको गहनता र क्षेत्रका बारेमा न्यून आंकलन गर्ने प्रयाश गरे । बुर्जुवा अर्थशास्त्री र सरकारहरूले आर्थिक प्रतिस्थापनको प्रकृयाको बारेमा आशावादी भएको प्रचार गरिरहेका थिए । तर नाम चलेका आर्थिक पूँजीका प्रतिनिधिहरू जस्तै स्ट्राउस काहँ, अर्न्तराष्ट्रिय मौद्रिक कोषका प्रमुखले हामीले तत्काल संकटको समाधान गर्ने कल्पना गर्न सक्दैनौं भनि खबरदारी गरे ।

२. संकट यति गहिरिंदो थियो कि जुन वित्तीय संकटको रूपमा सेप्टेम्वर २००८ मा बिस्फोट भयो । बुर्जुवा अर्थशास्त्री र राजनीतिज्ञहरूले के घोषणा गरेका थिए भने सम्पूर्ण संकट वित्तीय संकट हो जसको आधार केही लालची बैक संचालक र दलालहरू हुन्, अत्यधिक मानिसहरूले उनीहरूको भनाईमा विश्वास गर्न पुगे । यो एउटा सफेद झुट थियो । वास्तविक रूपमा संकट सापेक्ष रूपको अतिउत्पादनको एउटा अभिव्यक्ति बाहेक अरू केहि होइन र यो एकाधिकार पूँजिवादको नाफादरको गिरावट प्रवृतिको परिणाम पनि हो । यसको मूलकारण उत्पादनको सामाजिक चरित्र र उत्पादित बस्तु र सम्पत्तिमा नीजि स्वामित्वमा भएको अन्तरद्वन्द्व हो जुन पूँजिवादी साम्राज्यवादी उत्पादन प्रणालीको आधारभुत अन्तरद्वन्द्व हो ।

३. बुस सरकारले घाटा बजेट निर्माण गरेर र राज्यलाई उच्च ऋणयुक्त गराएर ठुला बैंक र एकाधिकारीहरूलाई समाप्त हुनबाट बचाउने प्रयास गऱ्यो । यसले ठुलो पैमानामा सरकारी ऋण-पत्र र अमेरिकी डलर जारी गऱ्यो । जी-८ अन्तर्गतका साम्राज्यवादी देशहरूले त्यस्तै खाले प्रयासहरू गरे । जी- २० को शिखर बैठकमा समेत ठूला साम्राज्यवादी शक्तिहरूका सरकार र अर्न्तराष्ट्रिय वित्तीय पूँजिले अभुतपूर्व संकट व्यवस्थापनको योजना अगाडि ल्याए । २०१० मई सम्ममा करिव २७ खर्व अमेरिकी डलर विश्वभर अर्न्तराष्ट्रिय वित्तीय संस्था, बैंक र एकाधिकारको संरक्षणका लागि खर्च गरिएको थियो । राष्ट्रिय उत्प्रेरणा कार्यक्रम र आम जनसमुदायमा पर्ने संकटको असरलाई न्युनिकरणका लागि खर्च गरिएको थियो । यो राशी २००७ को विश्वको बार्षिक कुल राष्ट्रिय उत्पादनको करिव आधा हो । यसो गर्नुको कारण उनीहरूको सम्पूर्ण वित्तीय प्रणाली तासको घर झै भत्कने डर थियो र उनीहरू आम जनसमुदायको क्रान्तिकारी चेतनाको वृद्धिबाट अतालिएका थिए ।

यसै बीचमा अन्तर्राष्ट्रिय संकट व्यवस्थापन आफैंमा यूरो संकटका कारणले संकट ग्रस्त रह्यो र यसले गर्दा राज्य नै टाट पल्टने बढ्दो खतरा देखियो । ग्रीक संकटपछि उनीहरूले प्रत्यक्ष संयमित कार्यक्रम लागु गरे, जसबाट संकटको भार जनताको काँधमा बोकाइयो; ज्याला कटौति, स्वास्थ्य सुविधामा कटौति, वेरोजगारी, सामाजिक सुरक्षा कटौति र मुल्य अभिवृद्धि कर आदिमा वृद्धि गरियो ।

४. चीनले सार्वजनिक कोषको परिचालनको सहायताले संकटको सामना गर्ने प्रयास गरेको छ, जुन अमेरिका र युरोपको भन्दा उच्च छ । उसको निर्यात ध्वस्त भएकाले १.३ खर्व अमेरिकी डलर उपभोग उत्प्रेरित गर्नलाई लगानी गऱ्यो । यही कारणले गर्दा चीनले मुद्रा स्फितिको गम्भीर जोखिमलाई उठायो, विशेष गरेर सम्पत्तिको मुद्रा स्फितीय मुल्य र घरजग्गा कारोवारको क्षेत्रमा ।

५. २००९ मा, परनिर्भर राष्ट्र र साम्राज्यवादीबाट उत्पीडित राष्ट्रले, संकटको भार साम्राज्यवादी राष्ट्रहरूले जनताका काँधमा बोकाएकाले परेको गम्भीर असरलाई निर्यात कटौति (कुल विश्व व्यापार २००९ मा १२ प्रतिशतले कमी), तिनीहरूको उत्पादनको मुल्यमा गिरावट, विदेशी कामदारको विप्रेषण आयमा ठूलो परिमाणले घाटा भएपछि मात्र महशुस गरे । धेरै प्रश्नहरूमा अर्न्तराष्ट्रिय मुद्राकोषले वैदेशिक ऋणको भुक्तानीलाई

सुनिश्चित गर्न सरकारी खर्चमा कटौति र ज्याला घटाउने माग गऱ्यो । जसले मुख्य गरेर जनताको उपभोगमा गिरावट आएर परनिर्भर र उत्पीडित राष्ट्रहरू प्रभावित बनि रहने हुन्छन् । उदाहरणको लागि चीनीया प्रतिस्पर्धा र केहि राष्ट्रहरूमा भएको सीमित सापेक्ष पुनरुउत्थान, जुन केही देशहरूमा छ ।

६. हामीहरू साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा बाँचिरहेका छौं । यो संकटले विश्वमा आज विकाश हुँदै गरेका सम्पूर्ण अन्तरद्वन्द्वहरूलाई प्रष्ट पारेको छ । असमान विकासको नियमका कारणले पुँजिवादी देशहरू र केही साम्राज्यवादी देशहरू यो संकटको असर नपरिकन मुक्त हुनेछन् । महत्वपूर्ण परिवर्तनका सापेक्षिक सबलताहरू तिनीहरूमा देखा परेका छन । अमेरिकी साम्राज्यवाद कमजोर भएको छ । चीन र युरोपियन साम्राज्यवादी मुलुकहरूले प्रभाव बढाएर यसको फाईदा लिएका छन् । रूसले समेत अन्तर्राष्ट्रिय गतिविधिमा कदम बढाएको छ । ब्राजिल, रूस, भारत र चीन जस्ता राष्ट्रहरूले अर्न्तराष्ट्रिय राजनीतिमा भूमिका बढाई रहेका छन । अमेरिका र यूरोपसंग प्रतिस्पर्धा गर्दै चीनले अफ्रिका माथि आफ्नो चासो बढाएको छ । उदाहरणको लागि सैनिक चासोका साथ बढेको छ । ल्याटिन अमेरिकामा चीनको लगानी ५० अर्व अमेरिकन डलर पुगेको छ ।

७. साम्राज्यवादी देशहरूमा खुल्ला वा अव्यक्त सरकारी संकटसंग सम्बन्धित बुर्जुवा पार्टीहरूको जनआधार खस्कँदो छ । फासिवादी र जातिवादी शक्तिहरूको प्रबर्द्धन गर्दै, जस्तै, अमेरिकामा चियापार्टी आन्दोलन वा नेदरल्याण्ड, बेल्जियम, फ्रान्स र अन्य देशहरूका बुर्जुवाहरूले वर्ग संघर्षलाई घनीभूत पार्नका लागि तयारीलाई तीव्र पारेका छन । यसै समयमा फासिवादीकरणका उपायहरू र राज्य संयन्त्रलाई समेत सक्रिय पारेका छन । यस्तो संक्रमणदेखि खुल्ला रूपमा आम जनताको थाप्लोमा संकटको बोझ सार्ने क्रममा विभिन्न लडाई, हडताल र प्रदर्शनहरू विकसित भैरहेका छन् जसको सम्बन्ध पूँजिवादी संसद र पार्टीहरू प्रति विश्वासको ह्राससंग जोडिएको छ ।

८. ल्याटिन अमेरिकामा मजदुर वर्ग, गरिव किसान, विद्यार्थी, आदिवासी जनजातिहरूले संघर्षको विकास गर्दै अगाडि बढिरहेका छन् । समुन्नत संगठनात्मक स्वरूप भएका ठूला लोकप्रीय विद्रोहहरूले साम्राज्यवाद समर्थक र जहानीया तानाशाहहरूलाई विभिन्न देशहरूमा फ्याँकेका छन वा प्रतिकृयावादीहरूलाई थिलोथिलो पारेका छन । कैयौं प्रतिकृयावादी सत्ता परिवर्तनहरू असफल भएका छन । मजदुर वर्गले उच्च ज्याला र संकटको भार उनीहरूको थाप्लोमा सार्ने प्रयासको विरूद्ध संघर्ष बढाएका छन । जनताको संघर्षको उचाई र अमेरिका विरोधी विभिन्न सरकारको उदय, युरोपीयन, रसीयन, चीनिया साम्राज्यवादीहरू (जो आपसमा प्रतिस्पर्धी पनि हुन) को बढ्दो प्रभाव, आर्थिक शक्तिको रूपमा ब्राजिलको विकासले पनि सपेक्षित रूपमा अमेरिकी साम्राज्यवादलाई कमजोर बनाएको छ । जे भए पनि यो अझै ल्याटिन अमेरिकाको मुख्य रणनीतिक शत्रु हो ; यसले फोर्थ फ्लिटलाई परिचालित गरेको छ, कोलोम्बियामा सातवटा सैनिक अखडाहरू खडा गरेको छ , भुकम्पको कारणले हाईटिलाई कब्जा गरेको छ, होण्डुरसको सत्ता परिवर्तनलाई प्रोत्साहन गरेको छ र पेरूसंग नयाँ सैनिक सहमति गरेको छ ।

९. जनताको विरोधलाई रोक्न नसके पनि अमेरिका र उसका पक्षधर राष्ट्रहरूले इराकमा कब्जा जमाई रहेका छन । उनीहरूले अफगानिस्थानमा पनि निरन्तर कब्जा जमाई रहेका छन । उनीहरूले आफ्ना शैन्य बललाई सम्वृद्ध बनाउँदा बनाउँदैं पनि परिस्थितिलाई नियन्त्रणमा राख्न झन भन्दा झन गाह्रो भइरहेको छ । उनीहरूले यो महशुस गर्नु पर्छ कि उनीहरूले युद्ध हारिरहेका छन । यसको साथै अमेरिकी साम्राज्यवादले साम्राज्यवादी युद्धद्वारा संकटको समाधान गर्नका लागि हतियार उत्पादनलाई सय प्रतिशत भन्दा बढि दरमा बढाई रहेको छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदले इरानलाई तर्साउने उपायहरू अपनाई रहेको छ । प्यालिस्टिनी जनताहरूले बीरतापूर्ण तरिकाले इजरायलको दमन (जुन अमेरिकाद्वारा समर्थित छ)लाई प्रतिरोध गरेका छन । यो प्रतिरोधलाई व्यापक जनताको समर्थन छ ।

१०. आर्थिक रूपले दोहित अफ्रिकी महादेशका जनताले जागिर र आय मात्र गुमाई रहेका छैनन, विश्व आर्थिक तथा वित्तीय संकटको परिणाम स्वरूप अभावग्रस्त मानव जीवन पनि गुमाई रहेका छन । उत्पीडित अफ्रिकी जनताहरूलाई साम्राज्यवादी लुट र आफ्नो असंगठित अवस्थाका विरूद्ध संघर्ष गर्ने नयाँ युगको प्रतिरोध क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ । यो कार्य क्रान्तिकारी केन्द्रको पुन: निर्माण, मार्क्सवादी-लेनिनवादी पार्टीहरूको उच्च दरमा विकास र विश्वका क्रान्तिकारी शक्तिहरूको समन्वयबाट मात्र सम्भव छ ।

११. एसियामा मजदुर र मेहनतकश आम जनसमुदायहरू आफ्नो जनजिविकाको लागि, प्रजातान्त्रिक अधिकार र स्वतन्त्रताका लागि गम्भीर शोषण र दमनका विरूद्ध, जुन संकटको भार साम्राज्यवादीहरूले उनीहरूको काँधमाथि बोकाएका छन्, त्यसलाई फ्याँक्नका लागि संघर्ष गरिरहेका छन् । आम जनसमुदायमा विकास भईरहेको जुझारूपनले जसबाट आम जनसमुदायमा बृहत आपसि सम्बन्ध कायम गर्न आफैं सवल हुनु र आम जनसंघर्षको, केहि मात्रामा क्रान्तिकारी सशस्त्र मुक्ति संघर्षहरूको उठान गर्नका लागि जुझारू सर्वहारा पार्टीहरूलाई राम्रो अवसर खुल्ला गरेको छ ।

१२. विश्व आर्थिक संकटले मजदुर वर्गमा नराम्रोसंग असर पुऱ्याएको छ, उत्पीडित जनता र देशहरूमा निरन्तर परिरहने छ । अमेरिकामा मात्र आधिकारिक रूपमा ७० लाख मानिसहरूले रोजगार गुमाएका छन । विश्वभरमा आधिकारिक रूपमा गणना अनुसार दुई अर्व १२ करोड मानिसहरू आम रूपमा भोकबाट पीडित, आवास, पानी, शिक्षा विहीन अवस्थामा छन् । विषेश गरेर महिला र बालबालिकाहरू बढि प्रभावित रहेका छन र असुरक्षित छन । विश्व आर्थिक तथा वित्तीय संकट आक्रमक रूपमा साम्राज्यवादी मुलुकहरूमा अगाडि बढेको छ, बजार र आफ्नो प्रभावका क्षेत्रहरूको पुन: विभाजन माथिको संघर्ष, जहाँ युद्धको खतराका तत्वहरू विकाश भएका छन ।

# आई.सी.ओ.आर.को सम्मेलनमा ने.क.पा. (मसाल)का तर्फबाट प्रस्तुत वक्तव्यहरू

## शुभकामना

हामी ने.क.पा. (मसाल) को तर्फबाट यहाँ उपस्थित सबै प्रतिनिधि कामरेडहरूलाई स्वागत अभिवादन गर्न चाहन्छौं। हाम्रो पार्टीले आई.सी.ओ.आर.को स्थापनाको प्रस्तावलाई हार्दिक रूपमा समर्थन र स्वागत गर्दछ। हामीलाई विश्वास छ कि अन्तर्राष्ट्रिय रूपमा एकताबद्ध भएको यस्तो क्रान्तिकारी संगठनको माध्यमबाट मात्रै साम्राज्यवादबाट उत्पन्न खतराको सामना गर्दै संसारलाई समाजवादी क्रान्तिको बाटोमा अग्रसर गराउनु सम्भव हुनेछ।

क्रान्तिकारी शक्तिहरूको अन्तर्राष्ट्रियकरण बढ्दै जानु र संसारभरी आर्थिक संकट बढ्दै जानुको कारणले गर्दा आज समाजवादी क्रान्तिको लागि वस्तुगत परिस्थिति तयार बन्दै गइरहेको छ। तर वस्तुगत शक्ति र आत्मगत अवस्थाको बीचमा तालमेल हुन नसकेको अवस्था पनि छ। यस्तो ऐतिहासिक अन्तर्राष्ट्रिय पृष्ठभूमिको सन्दर्भमा आई.सी.ओ.आर.को स्थापना अवश्य पनि एउटा ऐतिहासिक घटना हो। तर विश्व कम्युनिष्ट आन्दोलनको इतिहास र कैयौं क्रान्तिकारी संगठनहरूको असफलताले के देखाउँछ भने कुनै पनि क्रान्तिकारी आन्दोलन र संगठन पनि सही राजनीतिक र सैद्धान्तिक दिशा बिना अगाडि बढ्न सक्दैनन् र क्रान्तिकारीहरूलाई यी कुरा बुझ्न र तिनीहरूलाई राम्ररी समात्न पक्कै पनि समय लाग्ने छ। तर हामी विश्वास एवं आशा गर्दछौं कि यो अन्तर्राष्ट्रिय संगठनले यी सबै तथ्यहरूलाई गम्भीरतापूर्वक हृदयगंम गर्नेछ। अन्त्यमा हामी यो सम्मेलनको सफलताको कामना गर्दछौं।

## संगठनात्मक प्रस्तावको छलफलमा प्रस्तुत वक्तव्य

संगठनको काममा संगठनात्मक सिद्धान्तहरूको महत्वपूर्ण भूमिका हुन्छ। तर तिनीहरू यान्त्रिक र जथाभावीरूपमा बनाइएका नभई संगठनको विकासको स्तर र वास्तविक अवस्थामा आधारित हुनुपर्छ। अहिले आई.सी.ओ.आर. प्रारम्भिक अवस्थामा छ र यसले अझै वास्तविक स्वरूप लिन बाँकी नै छ। त्यसैले यी कुरालाई मनन गर्दै संगठनात्मक सिद्धान्तहरूलाई गहिराईमा समात्नुपर्दछ।

हामीले सैद्धान्तिक र संगठनात्मक क्षेत्रमा अझै बढी काम गर्नुपर्छ। यसै प्रक्रियाबाट हामीले आई.सी.ओ.आरमा आवद्ध भएकाहरूलाई शैद्धान्तिक एवं राजनीतिक एकताको सुत्रमा ल्याउन सक्छौं। यो प्रक्रिया अवश्य केही लमो हुनसक्छ। त्यसैले संगठनात्मक सिद्धान्तहरूमा लचकता भएको हुनुपर्छ र बढीभन्दा बढी जोड सर्वसम्मतिमा दिँदै सहभागिहरूलाई स्वतन्त्र भूमिका खेल्ने अवसर पनि दिनुपर्छ। प्रजातान्त्रिक ढंगबाट निर्णय लिंदा त्यो कुरालाई विर्सन हुँदैन।

जनवादी केन्द्रियताको सिद्धान्त केही जटिल र व्यापक भएको हुँदा विभिन्न पार्टीहरू एवं संगठनहरू यस विषयमा सैद्धान्तिक एवं व्यवहारिक रूपमा फरक फरक मत राख्दछन्। प्रत्येक संगठनको यस सम्बन्धमा आफ्नै धारणा र अभ्यास रहिआएको छ। त्यसैले आई.सी.ओ.आर यो विषयलाई बुझ्न केही समय लाग्न सक्दछ। हामीहरू यस सम्बन्धमा यो विषयलाई व्यवहारमा लागू गर्ने क्रममा होसियार हुनुपर्दछ।

संगठनात्मक सिद्धान्तको बारेमा कुरा गर्दा हामी यसको सदस्यताको सम्बन्धमा पनि चनाखो हुनुपर्छ। यो प्रश्नले बढी महत्व राख्दछ कि आई.सी.ओ.आर.ले दक्षिणपन्थी, संशोधनवादीहरू, उग्रवामपन्थीहरू, विखण्डनवादी संगठनहरूको प्रवेशमा रोक लगाउने केही नियम अपनाउँछ कि अपनाउँदैन। यदि त्यस्ता संगठनहरूलाई प्रवेश गर्न दिइयो भने आई.सी.ओ.आर. ब्रसेल सम्मेलन जस्तो हुन जानेछ। तर क्रान्तिकारी संगठन हुनेछैन। हामीले यो प्रयास गर्नुपर्छ कि आई.सी.ओ.आर. त्यस्तो बाटोमा अर्थात् ब्रसेल सम्मेलनको बाटोमा नजाओस्।

---

यसका साथै शोषित उत्पीडितहरूको संघर्ष शोसक र दमनकर्ताका विरूद्ध बढिरहेको छ। कान्तिकारी परिवर्तनका हावाहरू विश्वभर चलिरहेका छन्। वर्तमान अवस्थामा मजदुरहरूको अन्तर्राष्ट्रिय एकताको गहनतालाई महत्व दिनु पर्छ, जसले साम्राज्यवाद विरोधी उत्पीडित जनता र देशको अर्न्तराष्ट्रिय एकतालाई, साम्राज्यवादीहरूको हस्तक्षेपका विरूद्ध, जनता र उनीहरूका कान्तिकारी नेताहरूको उत्पीडनका विरूद्ध संघर्ष गर्न आवश्यक छ। तीव्र रूपमा परिवर्तित राजनैतिक परिस्थिति अनुसार अर्न्तराष्ट्रिय कान्तिकारी तथा मजदुर वर्गको आन्दोलनको तयारी गर्नु पर्दछ, जसले आम जनसमुदायहरू वास्तविक कान्तिकारी विष्फोटको रूपमा परिणत हुन सम्भव हुनेछ।

१३. मजदुर वर्ग र जनताहरूले संकट आफ्नो काँधमा आउनबाट रोक्नलाई आन्दोलनको विकास गरिरहेका छन। शासक वर्गहरू कान्तिकारी उत्साहबाट डराई रहेका छन। तर हामीलाई थाहा छ कि त्यो प्राप्त गर्नका लागि कामदार वर्ग र जनताहरूले मार्क्सवादी-लेनिनवादी पार्टीहरू (आफ्नो देशको अनुभवहरूको सार खिच्दै) ले कान्तिका लागि नेतृत्व गर्न सक्छन् उनीहरूले प्रजातान्त्रिक, कृषि कान्ति, साम्राज्यवाद विरोधी, नयाँ जनवादी वा समाजवादी व्यवस्थालाई आफ्नो अन्तिम लक्ष्यको रूपमा राखेर संकटको मूल्य चुकाउन पर्नेछ। यसले सर्वहारा वर्गको कान्तिकारी पार्टी जसको आम जनसमुदायसंग बलियो सम्वन्ध रहेको होस र त्यो व्यवहारमा सर्वहारा अन्तर्राष्ट्रवादको अभ्यास सहितको पार्टी होस। नत्र पूँजिवाद आफैं ध्वस्त हुँदैन। त्यसैले क्रान्तिको आत्मगत शक्तिहरूको विस्तार र सवलीकरणका लागि हामीले हाम्रो प्रयत्नलाई अर्न्तराष्ट्रिय रूपमा नै बढाउनु पर्छ। विभिन्न संसोधनवादी र सुधारवादी सिद्धान्त, जस्तो एक्काईसौं सताब्दीको समाजवादका केही प्रतिनिधिले भने जस्तो बुर्जुवा राज्य ध्वस्त .नगरिकन समाजवाद स्थापना गर्न सकिन्छ भन्छन् यिनीहरूका बारेमा छलफल गर्न आवश्यक छ। सर्वहारा वर्गको अधिनायत्व विना समाजवाद सम्भव छैन। •

# तथाकथित 'आतंक' बारे युद्ध सम्बन्धी प्रस्ताव

१. "अन्तर्राष्ट्रिय आतंकवादको विरूद्धमा युद्ध" यो नारा अहिले सबै देशका साम्राज्यवादी एवं बुर्जुवा शक्तिहरूले चर्कोरूपमा लगाउने गरेका छन् । यो नाराको आडमा अमेरिकी नेतृत्वको साम्राज्यवादले विभिन्न देशमा काम गरेको छ र त्यसका पिछलग्गू देशहरूले आफ्नो देशका सेनालाई विदेशी भूमिमा पठाइ त्यहाँका जनताको सार्वभौम अधिकारको हनन् गर्दै आफ्नो स्वार्थको लागि अड्डा जमाई बसेका छन् । यी देशहरूले कामदार वर्गको लोकतान्त्रिक अधिकारको हनन् गर्न, उत्पीडित जनताको हिंसात्मक रूपमा दमन गर्न र फासिवादको अभ्यास गर्न पनि "आतंकवादको विरूद्धमा लडाई" भन्ने चर्को नारा दिइरहेका हुन्छन् ।

२. उनीहरूले जुनकुरालाई "आतंकवाद" भन्दछन् वास्तवमा त्यो एउटा उथलपुथल पार्ने राजनीति हो, जसले पूँजीवादमाथि प्रश्न उठाउँछ, साम्राज्यवादको विरोधमा झण्डा उठाउँछ र साम्राज्यवादबाट मुक्ति पाउँन लडिरहेकाहरू प्रति ऐक्यवद्धता देखाउँदै स्वतन्त्रताको पक्षमा भएका प्रयासलाई अघि बढाउँछ । इराक र अफगानिस्तानमा भएका युद्धहरूलाई आज आतंकवादको विरूद्धमा भएको युद्धको रूपमा चित्रित गरिएको छ । साम्राज्यवादी शक्तिहरूले झुटा कुराहरू बोलेर आफ्ना जनताको समर्थन पाउने कुत्सित चाल चलिरहेका छन् । त्यसैले अमेरिकी साम्राज्यवादले सद्दामको इराकमा बिनासकारी हातहतियार छ भनि झुटो हल्ला फैलायो र त्यसैको बहानामा पछि इराकमा आक्रमण गरी त्यहाँको तेल सम्पदा माथि अधिकार जमायो ।

३. ११ सेप्टेम्बर २००१ मा न्यूयोर्कमा भएको आतंककारी आक्रमण र त्यसको कारण तीन हजारभन्दा बढीको मृत्यु भएको घटनालाई अमेरिकी साम्राज्यवादले आफ्नो पक्षमा प्रयोग गर्ने क्रममा अमेरिकी भूतपूर्व राष्ट्रपति जर्ज बुसले भने कि, "अब हामी आतंकको निर्यात गर्ने व्यक्तिहरू र ती व्यक्तिहरूलाई शरण दिनेहरू माथि युद्ध सुरू गर्छौं ।" त्यसको परिणामस्वरूप अफगानिस्तानमाथि आक्रमण गरियो । जनतालाई अमानवीय यातना दिइयो । यो कुरा बिर्सनु हुन्न कि अहिले अमेरिकामा आक्रमणकारी भनेका अलकायदा र तालिवान संगठनहरू अमेरिकी साम्राज्यवादका नै उपजहरू हुन् ।

४. आज प्रजातन्त्र र स्वतन्त्रताको रक्षाको लागि आतंकवादको विरूद्ध लडाई गरिएको भन्ने कुरा झुठा हो । वास्तवमा यो लडाई साम्राज्यवादीहरूले संसारभरी आफ्नो आधिपत्य जमाउन यो लडाई लडेका हुन् । यो लडाईको उद्देश्य साम्राज्यवादीहरूको आवागमनमा जताततै वेरोकटोकसंग होस् र मध्यपूर्व लगायतका ठाउँमा रहेका बहुमूल्य खनिज पदार्थको दोहन एवं शोषण गर्नु हो ।

५. वाराक ओवामा अमेरिकाको राष्ट्रपति भएपछि पनि आधारभूत स्थितिमा कुनै अन्तर आएको छैन । आज पनि अफगानिस्तान, पाकिस्तान एवं इराकमा अमेरिकी सेनाका गतिविधिहरू कायमै छन् । जर्ज बुसले खडा गरेका ग्वान्टानामो टापूको जेल अहिले पनि कायमै छ । ओवामाले मुस्लिम देशहरूमा जनताको नाममा दिएको सन्देशमा उनले कुनै प्रकारको हिंसा सहन नसकिने कुरा गरेका छन् । यसरी उनले सबै प्रकारका उत्पीडित र विदेशी हस्तक्षेप एवं अतिक्रमणको विरूद्धको संघर्षलाई आतंकवादको संज्ञा दिन खोजेका छन् ।

६. साम्राज्यवादी शक्तिहरूको विदेशी भूमि माथिको अतिक्रमण र हस्तक्षेपको विरूद्धमा विश्वभरका उत्पीडित जनता संघर्षरत छन् । यस्ता संघर्षमा संसारभरीको सबभन्दा ठूलो सैन्यशक्ति विरूद्ध लडेको घटना पनि एउटा उदाहरण हो । त्यसैले साम्राज्यवादी शक्ति र तिनका स्थानीय पिठ्ठूहरूका विरूद्धको संघर्षलाई न्यायपूर्ण मान्नु पर्दछ ।

७. वास्तविक आतंकवादी भनेका साम्राज्यवादी शक्तिहरू नै हुन् चाहे ती विदेशमा अथवा आफ्नै देशमा किन नहोउन् । बाहिरी रूपमा यस्तो आतंकवाद विदेशमा अपराधिक आक्रमण, आधिपत्य र सैनिक अखडा कायम राख्ने रूपमा आएको पाइन्छ । अर्थात् अर्काको भूमिमा आधिपत्य जमाउने युद्धको रूपमा साम्राज्यवादी आतंक देखापर्छ । यसको उदाहरणको रूपमा २८ जुन २००९ मा प्रजातान्त्रिक रूपमा चुनिएका होण्डुरसका राष्ट्रपति म्यानुयल जेलायालाई जवरजस्ती अमेरिकी साम्राज्यवादको स्पष्ट स्वीकृतिमा छिमेकी मुलुक कोस्टारिका पठाइएको घटना एउटा उदाहरण हो । आज बाराक ओवामाको नेतृत्वमा अमेरिकी साम्राज्यवादले कोलम्वियामा ७ वटाभन्दा बढी सैनिक अखडा स्थापित गरेको पाइन्छ र यमनमा पनि सैनिक हस्तक्षेप बढिरहेको छ । अमेरिकी साम्राज्यवादले फिलिपिन्समा पहिले देखि नै राखिएको ८०० सैनिकहरू माथि पुन: ३,००० सैनिक तैनाथ गरी त्यो देशसंग साझा सैनिक अभ्यास गर्ने कुरा गरेको छ । यसले सिधै अतिक्रमणको खतरालाई बढाएको छ । त्यसैगरी अमेरिकी समर्थक इजरायलले फिलिस्तानी भूमिमाथि आधिपत्य जमाएको छ ।

८. जनता विरूद्ध अपराधपूर्ण कार्य गर्न, जनताविरूद्ध लड्न सबै साम्राज्यवादी शक्ति एक हुन्छन् । उनीहरूले आतंकको विरोधमा एक हुनु भनेको आफ्नो स्वार्थलाई बचाउने क्रममा एक आपसमा सहयोग बढाउनु नै हो ।

९. आन्तरिक रूपमा यो नीति फासिवादको रूपमा देखापरेको छ र यसले जातीय रंग दिन्छ । इस्लाम धर्म मान्नेहरूका विरूद्धमा एउटा घृणाजनक भावना उत्पन्न गराइ जनताको अभिमतलाई प्रभावित गरी अन्य जाति र संस्कृतिका जनता विरूद्ध पनि घृणापूर्ण भावना उठाएको छ । त्यसैले मार्क्सवादी-लेनिनवादी पार्टीहरूले विश्वका सबै मुलुकमा, खास गरी पश्चिमी मुलुकमा

बाँकी १६ पेजमा

# वातावरण सम्बन्धमा मार्क्सवादी-लेनिनवादी पार्टीहरूको संकल्प प्रस्ताव

१. साम्राज्यवादी शक्तिहरूले आफ्नो स्वार्थ पूर्ति गर्नका लागि पृथ्वीमाथि गरेको अपूरणीय शोषणले गर्दा वातावरण संरक्षणको प्रश्न आज सबैको लागि ठूलो चिन्ताको विषय बनेको छ । यस सम्बन्धमा अन्तर्राष्ट्रिय सम्मेलनले पनि मार्क्सवादी-लेनिनवादी पार्टीहरूमा थुप्रै कमजोरीहरू रहेको कुरा उल्लेख गरेको छ । साम्राज्यवादी शक्तिहरूका अगाडि लुट र शोषण गर्नु बाहेक अर्को कुनै नैतिक मूल्य नभएकाले उनीहरू प्राकृतिक स्रोत र साधनहरूको शोषण गर्न जुनसुकै सीमासम्म पनि पुग्न सक्दछन् ।

२. ओजोन तहको दिन प्रतिदिन विनास हुँदैछ र यसको लागि औद्योगिक एवं धनी राष्ट्रहरूमा रहेका उद्योगहरूबाट निस्कने विषालु धुँवा र ग्याँस जिम्मेवार छ । यस्ता देशमा अमेरिका, जापान, जर्मनी, क्यानडा, ब्रिटेन र फ्रान्स पर्दछन् । रसिया, चीन, ब्राजिल जस्ता देशहरूले पनि उनीहरूको सिको गरिरहेका छन् । हरितगृहको प्रभाव बढ्दै जाँदा वातावरणमा ठूलो संकट आइपरेको छ र यसले धर्तीमा सम्पूर्ण जीवनको आधारस्तम्भलाई खतरामा पुऱ्याएको छ ।

३. लुटको एकाधिकार जमाइराखेका एकाधिकारवादी शक्तिहरूले प्रदूषण बढाउने खालका उद्योगहरूको स्थापनालाई उचित ठहऱ्याउँछन् र नै आज संसारका विभिन्न भागमा कहालीलाग्दो वन विनास भएको छ भने नदी, तलाव, समुद्र जस्ता जलाशयहरू पनि प्रदूषित हुन पुगेका छन् । आज कृषिको क्षेत्रमा पनि बढी उत्पादन गर्ने निहुँमा विषालु रासायनिक तत्वहरूको प्रयोग भइरहेको छ । यसले गर्दा ठाउँठाउँमा बेमौसमी वाढी आउने, तालहरू सुकेर जाने, हिउँ पग्लेर आउने र नदीनालाहरू प्रदूषित हुने घटनाहरू वृद्धि भइरहेका छन् । साम्राज्यवादीहरूले आफू समस्याबाट मुक्त हुन प्रदूषित उद्योगहरूलाई उत्पीडित देशहरूमा स्थानान्तर गरिदिने गरेका छन् । यी सबै कारणले गर्दा सम्पूर्ण मानवजातिमा र खास गरी कामदार वर्गमा श्वास-प्रश्वास सम्बन्धी समस्याहरू बढी आउने गरेका छन् र यसलेगर्दा विरामीको संख्यामा पनि वृद्धि हुँदै गइरहेको छ ।

४. अनुभवले के देखाएको छ भने क्योटो र कोपनहेगनमा भएका वातावरण सम्बन्धी सम्मेलनहरू खासै उपलब्धिमूलक भएका छैनन् । ती घटनाहरूले वातावरण विनासको विरूद्धका योगदान पुऱ्याउनु भन्दा पनि आम जनसमुदायमा एउटा धोखा र भ्रम मात्र सिर्जना गरेका छन् । यो एउटा निराशाजनक कुरा हो कि अझै पनि धनी देशहरूले प्रदूषण बढाउने खालका चीजहरूको वेरोकटोक आयात र निर्यात गर्न सक्दछ । यस सन्दर्भमा मार्क्सवादी-लेनिनवादी पार्टीहरूले साम्राज्यवादी शक्तिहरूको शोषण नीतिको सशक्त रूपमा विरोध गर्नुपर्छ र वातावरण विनासको योजनाको पर्दाफास गरी वातावरण प्रतिको जनचेतना बढाउनु पर्दछ । यस सिलसिलमा यी पार्टीहरूले सर्वहारा वर्गको लडाईलाई एकतावद्धरूपमा अगाडि लैजानुपर्दछ र साम्राज्यवादी एवं पूँजीवादी देशहरूको वातावरण विनासको सट्टामा वातावरण प्रेमी नीति अगाडि ल्याउनु पर्दछ र आफ्नो समस्याको समाधान गर्न सकिन्छ ।

५. मार्क्सवादी-लेनिनवादी पार्टीहरूले आ-आफ्ना देशमा वातावरण विनास विरूद्धको संघर्षलाई अघि बढाउनु पर्छ र २०१० मा कोचाबाम्बामा जलको संरक्षण र आदिवासी जनताको जल र भूमिको लागि भएको भेलामा जस्तै अन्य भेलाहरूमा पनि भाग लिनुपर्छ । उनीहरूको वातावरण विनासको विरूद्धमा हुने सबै संघर्षमा ऐक्यवद्धता देखाउनुपर्छ । उदाहरणको लागि हामी आणविक भट्टीको निर्माण र त्यस्ता उद्योगबाट निस्केका कुँडा करकट फाल्ने कुरालाई पनि संघर्षको आधार विन्दु बनाउन सक्छौं । यसैगरी हामी दक्षिण अमेरिकी मुलुक उरूग्वेको नदीलाई प्रदूषित पारिएको, १९८४ मा भारतको भोपालमा भएको ग्याँको चुहावट, बंगलादेशको मागुरचारा र टेङ्ग्राटिलामा २००२ मा भएका विस्फोटकहरू र २०१० मा मेक्सिकोको खाडी (ब्रिटिस पेट्रोलियम कम्पनीले) तेल चुहाएको जस्ता घटनाहरूलाई पनि वातावरण विनासका घटनाको रूपमा लिएर संघर्ष बढाउन सक्छौं । यसैगरी अफगानिस्तानमा र इराकमा भएका बमवारीका घटनाहरूलाई पनि हामी वातावरण विनासको रूपमा लिई संघर्ष चलाउन सक्छौं ।

६. मार्क्सवादी-लेनिनवादी पार्टीहरूले आ-आफ्ना संघर्षहरूलाई ऐक्यवद्ध पार्दै लैजानु पर्दछ र ती संघर्षहरूलाई अन्तर्राष्ट्रिय प्रतिरोधका रूपमा विकसित गरी साम्राज्यवादी शक्तिहरूको लोभ र शोषणपूर्ण नीतिको भण्डाफोर गर्नुपर्दछ । कामदार वर्गले यस्ता संघर्षहरूमा अग्रणी भूमिका निभाउनु पर्दछ र सबै इमान्दार वातावरण संरक्षणवादीहरूसंग एकतावद्ध हुँदै अघि बढ्नु पर्दछ । वातावरण संरक्षणको सही समाधान भनेको नै मानवजाति र प्रकृतिको बीचमा एकता कायम गर्नु हो र यसका लागि समाजवादी दर्शन एउटा बलियो आधार हुनसक्छ । किनकि यसले कसैको लोभ र स्वार्थलाई भन्दा समग्र मानवजातिको हितलाई नै आधारविन्दु बनाउँदछ ।

७. मार्क्सवादी-लेनिनवादी पार्टीहरूको संगठनले डिसम्बर ४ तारिखको दिनलाई प्राकृतिक वातावरण संरक्षणको लागि अन्तर्राष्ट्रिय संघर्षको दिनको रूपमा मनाउन आग्रह गर्दछ र यस्तो संघर्ष र विरोधको आधार माथि उल्लेखित बुँदाहरू हुनेछन् । •

# राष्ट्रिय प्रतिवेदन

(यूरोपको कुनै देशमा सम्पन्न मार्क्सवादी-लेनिनवादी पार्टी र संगठनहरूको १० औं अन्तर्राष्ट्रिय सम्मेलनमा ने.क.पा. (मसाल)का तर्फबाट का. मोहनविक्रम सिंहले प्रस्तुत गरेको राष्ट्रिय प्रतिवेदन)

**(क)**

१. नेपाल तिब्बतको पठारबाट भारतीय उपमहादेश छुट्याउने हिम श्रृङ्खलाको फराकिलो भू-भागमा अवस्थित छ । यो उत्तर र दक्षिणका विशाल देशहरूको तुलनामा सानो भएपनि विभिन्न किसिमका समुदाय, भाषा र संस्कृति भएको देश हो । नेपालको भूगोलले जनता र संस्कृतिको संगमलाई साथ दिएको छ । सन् १८१६ मा ब्रिटिस इण्डियाबाट गोर्खा अधिराज्यको पराजय र तत्पश्चातको सुगौली सन्धिले देशको वर्तमान सीमा निर्धारण गरेको हो । सुधार र विकासलाई नाप्ने सबै मापदण्डहरूले नेपाललाई सधैं सबभन्दा गरिब देशहरूमा देखाउँछन् ।

२. नेपाल उत्तरमा चीन, दक्षिण पूर्व र पश्चिममा भारतको बीचमा अवस्थित छ । यसको जनसंख्या करिब २ करोड ५८ लाख छ र यसको क्षेत्रफल १,४७,१८१ वर्ग किलोमिटर छ । यो देशको राजधानी काठमाडौं हो । नेपालमा १०१ भन्दा बढी जातीय समूहहरू र ९२ भन्दा बढी बोलिने भाषाहरू छन् । नेपाली भाषा राष्ट्रिय भाषा हो र यो देशभर बोलिने र बुझ्िने गर्दछ । नेपाल हिन्दू र बुद्धमार्गी जनताहरूको वाहुल्यता रहेको धर्म निरपेक्ष राज्य हो ।

३. संसारका थोरै गन्तव्यस्थलहरू मध्ये हिमाल आरोहण, पैदल यात्रा, मोटरसाइकल यात्रा, प्राकृतिक स्थल यात्रा, जलयात्रा आदिको विश्व अनुभवको विभिन्नता नेपालसंग मिल्दाजुल्दा छन् । हिमालय क्षेत्रबाट हिउँ पग्लेर उत्पन्नभई ठूलो आवाजका साथ बगिरहेका नदीहरूको बाटोभएर जल यात्रा गर्न मिल्ने नदीहरूसंग विश्वका केही नदीहरू मात्र मिल्दाजुल्दा छन् । सगरमाथा सहित संसारका सबभन्दा अग्ला आठ वटा हिमालहरूको कारणले नेपाल हिमाल आरोहणको विशिष्ट उपलब्धिहरू प्राप्त गर्ने स्थानको रूपमा रहेको छ ।

४. विशिष्ट भौगोलिक स्थिति र उचाईको विविधताले प्राप्त जैविक विविधताको सन्दर्भमा नेपाल संसारको सबभन्दा धनि देशहरू मध्ये एक हो । देशको उँचाई समुद्र सतहबाट ६० मीटर देखि पृथ्वीको सबभन्दा उच्च विन्दुसम्म अग्लो छ । सगरमाथा ८,८४८ मिटर उच्च छ र यसको दूरी १५० कि.मी. छ । हावापानीको अवस्था समशितोष्ण देखि उत्तर ध्रुवियसम्मको छ ।

५. नेपालसंग कम विकसित देशका विशेषताहरू छन्, जस्तो कि नेपालमा २.३६ प्रतिशत जनसंख्या वृद्धि दर रहेको छ र विश्वको सबैभन्दा कम प्रतिव्यक्ति आय हुने देशहरूमध्ये पर्दछ । अर्थतन्त्रमा कृषिको आधिपत्यता र उद्योगको सानो हिस्सा छ । अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान ४० प्रतिशत, गैर-कृषि क्षेत्रको ६० प्रतिशत, उद्योगको मात्र १० प्रतिशत भएकोले कृषि क्षेत्रको भूमिका घट्ने क्रममा छ । गैर-कृषि क्षेत्रको भूमिका ६० प्रतिशत भएपनि कृषिमा भरपर्ने जनसंख्याको अनुपात अझै धेरै माथि छ ।

> अहिले रणनीतिक उद्देश्य वा नयाँ जनवादी क्रान्तिको लागि जनसंघर्षलाई निरन्तरता दिनुको साथै २००६ को अप्रिल आन्दोलनका उपलब्धिलाई सुदृढ गर्नु मुख्य कर्त्तव्य हुन्छ ।

६. नेपाल आधारभूत रूपमा श्रम-बचत अर्थतन्त्र भएको देश हो । प्रत्येक वर्ष ३ लाख मानिस विश्वको श्रम बजारमा प्रवेश गर्दछन् । विद्यमान श्रम शक्तिलाई एकातिर रोजगारको अभाव र अर्कोतिर श्रम बजारमा तिनको प्रत्येक वर्षको प्रवेशले रोजगार योजनालाई गम्भीर चुनौती खडा गरेको छ । नवौं योजनाले गरिबी घटाउने आफ्नो प्रमुख उद्देश्यलाई हृदयंगम गरी गरिबी र बेरोजगारी बीचको उच्च आपसी सम्बन्धलाई सम्बोधन गर्ने उद्देश्य राखेको छ । देशमा रहेको बेरोजगारीको स्थितिलाई हेर्दा नेपाली र गैर-नेपाली श्रमशक्तिको वर्तमान अवस्था पहिचान गर्न विस्तृत अध्ययन गर्नु आवश्यक छ ।

७. नेपालमा गरिबीले व्यापक रूपमा जरा गाडेको छ । यो ऐतिहासिक रूपमा निर्धारित स्रोतहरूमा खास रूपमा जमीन, एक समूहका जनतालाई अर्को समूहका जनता विरुद्ध भेदभाव गर्ने सामाजिक बनोट र राज्यको निस्कृयताको परिणाम हो । करिब ५० प्रतिशत किसान परिवार संग खोतियोग्य जमीनको ०.५ हेक्टरभन्दा कम जमीन छ । गरिबीको असर देशका विभिन्न समूहका मानिसहरूमा समान रूपमा छैन । यो क्षेत्रीय, लैंगिक र जातीय आधारमा फैलिएको छ । गरिबीको असर दुर्गम पहाड र हिमालमा बस्ने मानिसहरूको बीचमा बढी छ । गाउँले क्षेत्रमा गरिबी अनियन्त्रित रूपमा फैलिएको तथा शहरी क्षेत्र र यसको वरिपरिको क्षेत्रभन्दा दोब्बर जति असर देखिन्छ । दलित समुदायका मानिसहरू मूलत: अधिकांश नै गरिब छन् । महिलाहरू कुनै पनि सुविधा प्राप्त गर्न नसकेको अवस्थामा छन् ।

८. शिक्षाले एकातर्फ देशभक्ति, अनुशासित र उत्पादनशील मानव स्रोतको विकास गर्न र अर्कोतर्फ लोकतन्त्रका संस्थाहरू र नागरिक समाजलाई सवल बनाउन प्राथमिक महत्वको भूमिका खेल्दछ । नेपालको सन्दर्भमा हामी जहाँ छौं,

त्यहाँ आउन लामो बाटो पार गरेका छौं । ऐतिहासिक दृष्टिकोणले नेपालको शैक्षिक परिदृश्य धेरै नै चाखलाग्दो छ। राणाकालमा (१८५६-१९५०) शैक्षिक संस्थाहरू प्राय: नभएकोले शैक्षिक संस्थामा जनताको पहुँच रहेको थिएन । उच्च जातिका व्यक्तिहरू र आर्थिक रूपले सम्पन्न व्यक्तिहरूको शताब्दियौ देखि शिक्षामा विशेष अधिकार सहितको पहुँच थियो ।

९. राणा शासनकालको अन्तपछि शिक्षण संस्थाहरूको स्थापनालाई प्रोत्साहित गरियो । यद्यपि उच्च शिक्षाका संस्थाहरू भारतीय विश्वविद्यालय र कलेजसंग सम्बन्धन प्राप्त गरेका थिए । तर त्रिभुवन विश्वविद्यालय कानून १९५९ अनुसार त्रिभुवन विश्वविद्यालयको स्थापनापछि यसले १९६० देखि आफ्ना परीक्षाहरू सञ्चालन गर्न शुरू गऱ्यो र देशको परिस्थिति र आवश्यकता अनुसार आफ्नो पाठ्यक्रम निर्धारण गऱ्यो । त्रि.वि.बाट सम्बन्धन प्राप्त गरेका धेरै कलेजहरू अधिराज्यका विभिन्न ठाउँमा स्थापना गरिए । त्यसपछि त्रि.वि.ले नेपालको शिक्षाको विकासमा महत्वपूर्ण भूमिका खोलिरहेको छ । समय वित्दै गएपछि आज त्रिभूवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालय नामका पाँचवटा विश्वविद्यालयहरू छन् ।

१०. द्वितीय विश्वयुद्धपछि र विश्वव्यापी क्रान्तिकारी उभारपछि मात्र नेपालमा राणा परिवारको शासनको अन्त्य भयो । १९४९ को अप्रिल महिनामा नेपाली कांग्रेस पार्टी र नेपाल कम्युनिष्ट पार्टी नामका दुईवटा दल स्थापना भए । १९५१ को राणा परिवार र दिल्ली बीचको त्रिपक्षीय समझौताको रूपमा चिनिने समझदारीपछि पुर्खौली प्रधानमन्त्रित्व समाप्त भयो । १९६०मा संसदीय चुनाव भयो, ने.क.पा.ले जम्मा चार सिट जित्यो र ने.का.ले सरकार बनायो, त्यो सरकार १८ महिना मात्र रह्यो । १९६० मा राजाले संसदीय व्यवस्थालाई खारेज गरी आफ्नो एकल प्रत्यक्ष शासन वा पञ्चायती व्यवस्था नामक अधिनायकवादी व्यवस्था स्थापना गरे । १९९० मा प्रजातन्त्र पुनर्स्थापनाको लागि कांग्रेस र वामपन्थी पार्टीहरू त्यो व्यवस्थाको विरोधमा संयुक्त आन्दोलन मार्फत सफलतापूर्वक लडे । तर २००५ मा फेरि राजाले संसदलाई खारेज गरी एकतन्त्री शासन लागू गरे । जसलाई वामपन्थी र गैरवामपन्थी दलहरू र संगठनहरूको संयुक्त आन्दोलनले २००६ मा फ्याँकिदियो ।

**(ख)**

११. आज देश धेरै नै कठिन, अनिश्चित र जटिल अवस्थामा छ । मार्क्सवादी-लेनिनवादी सिद्धान्त अनुसार प्रत्येक ऐतिहासिक अवस्थामा लिइने नीति र कार्यक्रम देशको ठोस परि स्थितिलाई ध्यानमा राखेर निर्धारण गरिनुपर्छ । यसकारण यो स्पष्ट छ कि अहिले रणनीतिक उद्देश्य वा नयाँ जनवादी क्रान्तिको लागि जनसंघर्षलाई निरन्तरता दिनुको साथै २००६ को अप्रिल आन्दोलनका उपलब्धिलाई सुदृढ गर्नु मुख्य कर्त्तव्य हुन्छ। त्यो आन्दोलन वामपन्थी र गैरवामपन्थी दलहरूको तत्कालिन राजाले नेतृत्व गरिएको प्रतिगमनका विरूद्धको संयुक्त आन्दोलन थियो। संयुक्त आन्दोलन र जनताको ठूलो समर्थनको तागतमा त्यो आन्दोलनले देशमा राजतन्त्रको अन्त्य गर्न र गणतन्त्र स्थापना गर्न सफल भएको थियो। नेपाली जनताहरू करिब ६ दशक देखि संविधानसभाको चुनावको लागि कठिन संघर्ष गर्दै आएका थिए । अप्रिल आन्दोलनको सफलताले संविधानसभाको चुनावको लागि बाटो खुला गऱ्यो । संविधानसभाको प्रथम महत्वपूर्ण कर्त्तव्य संविधान निर्माण गर्नु हो, जुन संविधानले अप्रिल आन्दोलनका उपलब्धिहरूलाई संरक्षण गर्नेछ र गणतन्त्रलाई संस्थागत गर्नेछ ।

१२. संविधान निर्माणको लागि निश्चित गरिएको २ वर्षमा संविधान निर्माण गर्न सकिएन। त्यसपछि सो उद्देश्यको निम्ति २८ जुन २०१० मा एक वर्षको अवधि थपिएको छ। तर अहिलेसम्म व्यवस्थापिका संसदले सातौं पटकको चुनावसम्म पनि प्रधानमन्त्री छान्न सकेको छैन । अन्तरिम संविधान अनुसार व्यवस्थापिका संसदले नै संविधानसभाको काम पनि संगसंगै गर्छ । दुई उम्मेदवारहरू एनेकपा (माओवादी)का प्रचण्ड र अर्को ने.का.का रामचन्द्र पौडेल चुनावी मैदानमा छन्। तर अहिले तिनीहरू मध्ये कुनैले पनि संसदको बहुमत प्राप्त गर्न सकेका छैनन् । त्यसकारण तिनीहरू मध्ये कुनै पनि त्यो पदको निम्ति निर्वाचित भएका छैनन् । वास्तवमा चुनाव निष्कर्षमा पुग्न पूर्ण असफल हुने परिस्थिति सिर्जना गरिएको छ । संविधान बनाउनको लागि दिइएको एक वर्षमा साढे तीन महिना बितिसकेको छ । यस्तो अवस्थामा बाँकी साढेआठ महिनामा संविधान निर्माण हुनेछ वा छैन ? शंकाको घेरामा छ । बताइरहनु आवश्यक छैन कि संविधानको निर्माण बाँकी रहेको केही महिनामा हुन सकेन भने देशमा राजनीतिक संकट आउने छ ।

१३. प्रधानमन्त्रीको चुनावको लागि निर्धातिर गरिएको नियम अनुसार प्रधानमन्त्रीको उमेदवारले कम्तिमा पनि संसदको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्नुपर्छ । तर एमालेले चुनावमा मतदान नगर्ने भएको छ भने मधेशवादी भनिने तराईका राजनीतिक समूहहरूले त्यस्तै बाटो समातेका छन् र चुनावबाट पछि हटेका छन् । यस किसिमले कुनै पनि उम्मेदवारलाई बहुमत प्राप्त गर्न र निर्वाचित हुन सम्भव छैन । यसैकारण संसदले सातौं पटकको चुनावपछि पनि प्रधानमन्त्री छान्न सकेको छैन। संविधानले निर्धारण गरेको कानून अनुसार संसदको बहुमतले प्रधानमन्त्री नचुनिए अनिश्चित कालसम्म चुनाव दोहोराइरहनु पर्दछ । अब अर्कोपटकको चुनाव सेप्टेम्बर २६ लाई निश्चित गरिएको छ ।

१४. एमालेले प्रधानमन्त्रीको चुनाव सर्वसम्मत रूपमा हुनुपर्छ भन्ने कुरामा अडान लिएको छ । तिनीहरू यो हदसम्म पुगेका छन् कि संविधान संशोधन गरेर बहुमतीय प्रणालीबाट प्रधानमन्त्री छान्ने व्यवस्था पूर्ण रूपमा हटाइनु पर्छ । एमालेका अध्यक्ष झलनाथ खनाल आफै प्रधानमन्त्रीका उम्मेदवार थिए र संसदको अत्यधिक बहुमतले उनीप्रति समर्थन जनाएका थिए। तर यसको बाबजुद उनको

संगठनले उनलाई उम्मेदवार बन्न दिएको थिएन । किनकि तिनीहरूले प्रधानमन्त्री चुन्ने बहुमतीय प्रणालीबाट पछि हट्ने निर्णय गरेका थिए । यहाँ यो बताउँन आवश्यक छ कि पहिले प्रचण्ड आफै पनि बहुमतीय प्रणालीबाट प्रधानमन्त्री छान्ने कुराको विरूद्धमा थिए । तर पछि उनी पनि बहुमतीय प्रणालीबाट प्रधानमन्त्री छान्ने दौडमा सामेल भए र अहिले प्रचण्ड र रामचन्द्र पौडेल दुईजना उम्मेदवार मात्र बाँकी रहेका छन् ।

१५. हाम्रो मत छ कि एमालेको बहुमतीय प्रणालीलाई पूर्णरूपमा नकार्ने विचार सैद्धान्तिक रूपमा र व्यवहारिक रूपमा पनि गलत छ । सहमतीय प्रणाली प्रशंसनीय छ, तर यसका सीमाहरू छन् । जब यस्तो तरिका असफल हुन्छ तब मतदानमा यो कुरालाई लैजानुको विकल्प अरू केही छैन । यही नै तरिका हो जुन विश्वभरीका संसदीय प्रणालीमा मात्र होइन कम्युनिष्ट पार्टीहरूमा पनि लागू गरिन्छ । यस्तो अवस्थामा एमालेले लिएको बाटो गलत र आधारभूत रूपले नै गलत ठाउँमा पुऱ्याउने किसिमको छ ।

१६. प्रधानमन्त्रीको चुनावमा एमालेले लिएको यस्तो अडान माओवादीबाट अगाडि सारिएको गलत धारणामा आधारित छ । पहिले प्रचण्ड बहुमतबाट प्रधानमन्त्री चुनिएका थिए । उनले राजिनामा गरेपछि एमालेका नेता माधव नेपाल बहुमतबाट चुनिएका थिए । माओवादीको माधव नेपालको सरकारलाई अविश्वासको मतबाट हटाउने आफ्नो निर्णयको पक्षमा बहुमतको समर्थन पाउन नसकेपछि असफल भयो । त्यसपछि तिनीहरूले यो विचार अघि सारे कि बहुमतीय प्रणाली पूर्ण रूपमा त्यागिनुपर्छ र सहमतीय प्रणाली लागू गरिनु पर्छ । केही महिना माधव नेपालले राजिनामा गरेपछि पार्टीहरूको बीचमा र मुख्य तीन ठूला पार्टीहरू र संगठनहरूको बीचमा धेरै बैठकहरू भए । तर माओवादी, एमाले र कंग्रेस प्रधानमन्त्री छान्ने कुनै समझदारिमा पुग्न सकेका छैनन् । माओवादीहरूको दृढ अडान छ कि अरू सबै दलहरू तिनीहरूको नेतृत्वमा सरकार गठन गर्न सहमत हुनुपर्छ । माओवादीहरूले जोड दिएका छन् कि तिनीहरूको दल संसदमा सबभन्दा ठूलो दल भएकोले यस्तो दावी गर्नु तिनीहरूको अधिकार हो । तर अन्तरिम संविधानमा उल्लेख गरिए अनुसार कुनै पनि दल वा संगठनले संविधानसभाका सदस्यहरूको बहुमत सदस्यहरूको समर्थन पाउनु पर्छ । नियममा स्पष्ट छ कि सरकारको नेतृत्व गर्नको निमित्त सबभन्दा ठूलो संगठन भएर पुग्दैन । तर बहुमतको समर्थन हुनुपर्छ । यसकारण माओवादीको दावीलाई अरू दल र संगठनद्वारा स्वीकार गरिएन र सर्वसम्मत रूपमा प्रधानमन्त्री छान्ने प्रयास असफल भयो । प्रचण्डले आफ्नो दलका अरू कुनै वरिष्ट नेताहरूलाई संभावित साझा उम्मेदवारको रूपमा स्वीकार गरेनन् ।

> अन्तरिम संविधानमा उल्लेख छ कि यदि सर्वसम्मत रूपमा प्रधानमन्त्री छान्ने काम असफल हुन्छ भने बहुमतबाट छानिनु पर्छ । यस अनुसार राष्ट्रपतिले सर्वसम्मत रूपमा प्रधानमन्त्री छान्न दुईपटक आह्वान गरेका थिए । यस्तो प्रयास विफल भएपछि उनले दलहरूलाई बहुमतीय प्रणालीबाट प्रधानमन्त्रीको निर्वाचन गर्न आह्वान गरेका थिए ।

१७. अन्तरिम संविधानमा उल्लेख छ कि यदि सर्वसम्मत रूपमा प्रधानमन्त्री छान्ने काम असफल हुन्छ भने बहुमतबाट छानिनु पर्छ । यस अनुसार राष्ट्रपतिले सर्वसम्मत रूपमा प्रधानमन्त्री छान्न दुईपटक आह्वान गरेका थिए । यस्तो प्रयास विफल भएपछि उनले दलहरूलाई बहुमतीय प्रणालीबाट प्रधानमन्त्रीको निर्वाचन गर्न आह्वान गरेका थिए । यही समयमा एमालेको केन्द्रिय कमिटिले अध्यक्ष झलनाथ खनाललाई प्रधानमन्त्रीको लागि आफ्नो उम्मेदवारको रूपमा अगाडि सार्‍यो । यसै समयमा तिनीहरूले चुनाव सुरू हुनुभन्दा अगाडि दुईतिहाईको समर्थन प्राप्त गर्न नसकेमा उम्मेदवारी फिर्ता लिइने छ भन्ने निर्णय गरे । उनले ३९१ संसद सदस्यहरूको समर्थन प्राप्त गरे, जुन साधारण बहुमतभन्दा ९० मत बढी थियो । तर यो दुईतिहाईभन्दा १० मत कम भएकोले चुनावभन्दा अगाडि उनको उम्मेदवारी फिर्ता लिइयो । त्यसपछि तिनीहरूले चुनावबाट पूर्ण रूपमा पछि हट्ने निर्णय गरे । एमालेको यस्तो भूमिकाले गर्दा सातौं पटकसम्म पनि संसदले प्रधानमन्त्री छान्न सकेको छैन ।

१८. तराईका राजनीतिक समूहहरूले तिनीहरूका एक मधेश प्रदेश, आत्मनिर्णयको अधिकार, मधेशका विभिन्न सशस्त्र समूहका सशस्त्र शक्तिहरूलाई नेपाली सेनामा सामुहिक प्रवेश गर्ने आदि जस्ता मागहरूलाई स्वीकार नगरेसम्म कुनै पनि उम्मेदवारलाई मतदान नगर्ने र मतदान प्रक्रियाबाट पछि हट्ने अडान लिएका छन् । तिनीहरूले आफ्नो मागहरू स्वीकार गर्ने दल वा संगठनहरूलाई मतदान गर्नेछन् । एमाले र तराईका समूहहरूको यस्तो भूमिकाले गर्दा प्रधानमन्त्रीको निर्वाचनमा गत्यावरोधको स्थिति सिर्जना भएको छ । प्रधानमन्त्रीको चुनाव र सरकार गठनको ढिलाईबाट संविधान निर्माण रोकिने छ र यस्तो परिस्थितिले देशलाई दुर्घटना र घोर संकट तिर लैजाने छ ।

१९. देशका प्रतिगामी र राजावादी शक्तिहरूले राजतन्त्रको पुनर्स्थापनाको लागि लगातार आवाज उठाइरहेका छन् । जब संविधानसभाले तोकिएको २ वर्षमा संविधान निर्माण गर्न सकेन र यसको निम्ति १ वर्षको समय थप गर्ने प्रस्ताव अगाडि सारियो, तिनीहरूले सशक्तरूपमा यसको विरोध गरे र यसको विपक्षमा मतदान गरे । अहिले तिनीहरूले देशव्यापी रूपमा संविधानसभालाई खारेज गरिनुपर्छ भनेर आन्दोलन चलाई राखेका छन् । किनभने संविधान निर्माण गर्न निर्धारित गरिएको दुईवर्ष बितिसकेकोले यसले वैधानिक अधिकार गुमाइसक्यो । यस्तो अवस्थामा गणतन्त्रलाई संस्थागत गर्ने छैन र यसले प्रतिगमनकारी शक्तिहरूलाई अगाडि

आउने अवसर दिनेछ । यो परिस्थितिमा जब संविधान सभा वा संसदले प्रधानमन्त्री चुन्न पनि सकेको छैन, संविधान निर्माणको त कुरै नगरौं । राजावादी शक्तिहरू बढीभन्दा बढी उत्साहित भएर आफ्ना क्रियाकलापहरू संविधानसभाको खारेजी र राजतन्त्रको पुनर्स्थापनाको पक्षमा अगाडि बढाइरहेका छन् ।

२०. यस सम्बन्धमा एउटा निकै गम्भीर र खतरनाक कुरा के छ भने माओवादीको नेतृत्वको एउटा पक्षले छद्मरूपमा एक वा अर्को प्रकारको राजतन्त्रको पुनर्स्थापनाको पक्षमा राजावादीहरूको पक्ष लिइरहेको छ । रा.प्र.पा. नेपालका नेताहरूले वरिष्ट नेताहरू सार्वजनिक रूपमा नै घोषणा गरिरहेका छन् कि माओवादीहरूका उच्च नेताहरूले तिनीहरूसितको व्यक्तिगत भेटघाटमा राजालाई "सांस्कृतिक राजा"को रूपमा पुनर्स्थापना गर्न स्वीकार गरेका छन् । माओवादी नेताहरूले अहिलेसम्म उनीहरूको भनाईको खण्डन गरेका छैनन् । तथापि तिनीहरूले सार्वजनिक रूपमै उनीहरूसंग संयुक्त मोर्चा गर्न सकिने सम्भावनालाई नकार्न नसकिने विचार अगाडि सारेका छन् । यसको बाबजुद सार्वजनिक रूपमै यस्तो घोषणा गर्नबाट पछि हटेका छन् । राजावादीहरूको नेतृत्वले प्रकट गरेका विचारहरू सत्यको नजिक भएको देखाउने धेरै लक्षणहरू पाइन्छन् ।

२१. गतकालमा माओवादीहरूको, तिनीहरू आफैले सार्वजनिक रूपमै स्वीकार गरेजस्तो स्व. राजा वीरेन्द्रसंग "अघोषित कार्यगत एकता" थियो । यो सर्वविदित छ कि स्व. राजा वीरेन्द्रले तात्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई माओवादी विरूद्ध सैनिक प्रयोग गर्न विभिन्न समयमा अनुमती दिएका थिएनन् । पूर्व राजा ज्ञानेन्द्रले पनि माओवादीलाई रोल्पामा घेरा हालेको समयमा सेनालाई फिर्ता हुन आदेश दिएका थिए । जब अरू दलहरू र संगठनहरू प्रतिगमन विरूद्ध संयुक्त आन्दोलन चलाइरहेका थिए, माओवादीहरूले वक्तव्य दिइरहेका थिए कि तिनीहरूले "मालिक" (राजा) संग मात्र वार्तामा बस्नेछन् न कि "नोकर" (राजनीतिक पार्टीहरू) संग । तिनीहरूले बताइरहेका थिए कि बहुदलीय व्यवस्थालाई समर्थन गर्ने पार्टीहरू वा संगठनहरू कित माओवादी कित्तामा कि राजाको कित्तामा समावेश हुनुको विकल्प छैन । देशमा गणतान्त्रिक व्यवस्थाको स्थापनापछि पनि राजावादी बढीभन्दा बढी संख्यामा माओवादी संगठनमा प्रवेश गरिरहेका छन् । प्रचण्ड आफैले घोषणा गरे कि राजाको वरिपरि रहेका "सच्चा राष्ट्रवादी" संग तिनीहरू संगसंगै काम गर्नेछन् । प्रधानमन्त्रीको चुनावमा राजावादीहरू प्रचण्डलाई समर्थन गर्नेहरूको अग्रपंक्तिमा थिए । सामान्यतया माओवादीहरू, खास प्रचण्डको नेतृत्व रहेको एउटा पक्ष, बढी भन्दा बढी राजावादी तर्फ झुकाव राख्दछन् । माओवादीहरूको यस्तो भूमिकाले राजावादीहरूमा उत्साह थपेको छ । यस्तो पृष्ठभूमिमा पूर्व राजा ज्ञानेन्द्रले राजतन्त्र संधैको लागि बितेको तथ्यको रूपमा लिइनु हुन्न यो फेरि पनि आउन सक्छ भन्ने विचार प्रकट गर्न सुरू गरेका छन् । पूर्व राजकुमारले घमण्डका साथ भनेका छन् कि राजतन्त्र पुनर्स्थापना गर्ने अभियानमा तिनीहरू एक्लै छैनन् र माओवादी पनि उनीहरूको साथमा छन् ।

**(ग)**

२२. नेपालको राजनीतिक परिस्थिति खास गरेर प्रधानमन्त्रीको चुनावको प्रश्नमा रहेको गत्यावरोध अनिश्चित कालसम्म रहन सक्ने छैन र एक वा अर्को प्रकारले एउटा बाटोलिनु अनिवार्य छ । तर अहिले देशको राजनीतिक परिस्थितिले कुन बाटो लिने हो भविष्यवाणी गर्न कठिन छ । तत्कालको लागि प्रधानमन्त्रीको चुनावमा भएको गत्यावरोध नै महत्वपूर्ण सवाल भएको छ । यस अतिरिक्त अरू पनि धेरै छलफल गर्नुपर्ने विषयहरू छन् जो लामो अपेक्षाकृति-दीर्घकालीन समयलाग्ने प्रकृतिका छन् । तिनीहरू मध्ये मुख्य गणतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा र संघीयताको विरोधसंग सम्बन्धित विषयहरू हुन् ।

२३. देशमा गणतन्त्र स्थापना गरिएको छ । तर पहिले बताइए जस्तै यसलाई सुदृढ र संस्थागत गर्ने काम बाँकी छन् । राजतन्त्रको पुनर्स्थापनाको खतरा अहिले पनि छ । मध्यकालीन सामन्त वर्गीय सम्बन्धहरू र संस्कृतिले तिनीहरूको पुनरागमनलाई टेवा दिन सशक्त भूमिका खेल्न सक्छन् । गणतान्त्रिक व्यवस्था र संविधानसभालाई समर्थन गर्ने राजनीतिक शक्तिहरूको कमजोरी वा अवसरवाद र गणतन्त्रलाई सुदृढ गर्ने काममा भएको कमजोरीले एक वा अर्को प्रकारले प्रतिगामी शक्तिहरूको नैतिक शाहसलाई बढाएको छ । यसकारण हाम्रो मत छ कि राजतन्त्र विरूद्धको संघर्ष बितेको समयको विषय होइन र यसलाई अझै गम्भीर रूपमा लिइनुपर्छ ।

२४. देशको राष्ट्रियताको अगाडिको खतरा झन्भन्दा झन् बढिरहेको छ । साम्राज्यवादी र विस्तारवादीहरूबाट हुने खतरा स्थायी प्रकारको हो । भूमण्डलीकरण र विश्व व्यापार संगठनको वर्तमान सन्दर्भमा तिनीहरूबाट कैयौं गुना खतरा बढेर गएको छ । तर देशको भू-राजनीतिक परिस्थितिलाई ध्यान दिने हो भने भारतीय विस्तारवादबाट पैदा भएको खतरा नै सबभन्दा बढी खतरनाक रूपमा रहेको छ । भारतले ब्रिटिस शासन खतम भएदेखि नै नेपाललाई आफ्नो आधिपत्यमा ल्याउने कोशिस गरिरहेको छ र नेपाली जनताहरू पनि यसका विरूद्ध छ दशक अगाडिदेखि निरन्तर संघर्ष गरिरहेका छन् । तर हामीले अहिले यहाँ तिनीहरूको लामो र गौरवमय इतिहास बारे चर्चा गर्दैनौं ।

२५. नेपालको अहिलेको राजनीतिक परिस्थितिमा अनमिनको भूमिका बारे बताउन आवश्यक छ । सातदलको गठबन्धन र माओवादी सम्मिलित अन्तरिम सरकारले शान्ति प्रक्रिया र संविधानसभाको चुनावलाई मद्दत गर्न अनमिनलाई आमन्त्रण गरेका थिए । तर जहाँसम्म हाम्रो पार्टीको मत छ; शुरू देखि नै हामीले यसको नेपाल प्रवेशलाई विरोध गरिरहेका छौं र सकेसम्म चाँडो फिर्ता गर्न माग गरिरहेका छौं । अहिले यो विषय देशमा बढी विवादास्पद रूपमा उठिरहेको छ । सरकार र करिब-करिब सबैजस्ता

राजनीतिक दलहरू वा संगठनहरू यसको अवधि बढाइने कुराको विरोधमा छन् जब कि माओवादीहरूले देशमा यसको भूमिका रहिरहनु पर्छ भनेर निकै जोड गरिरहेका छन् । यो थाहा भएको कुरा हो कि यो विवाद संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा पनि पुगेको छ । अन्त्यमा दुवै पक्षहरूले सहमति गरे कि अन्तिम पटकका लागि चार महिनाको लागि अनमिनको अवधि बढाइने छ । यो सहमति दुवै पक्षहरूबाट संयुक्त राष्ट्रसंघमा पठाइएको थियो । तर माओवादीहरूले त्यो सहमतिको प्रति सं.रा.सं.मा पठाउने बेलामा "अन्तिम पटकको लागि" भन्ने शब्द हटाएर पठाएका थिए । जसको मतलब हुन्थ्यो कि तिनीहरू अनमिनलाई नेपालमा अनिश्चित कालसम्म राख्ने पक्षमा छन् । जेहोस्, सं.रा.सं.ले अनमिनको अवधि अन्तिम पटक चार महिना थप्ने निर्णय गर्‍यो ।

२६. राजतन्त्रको अन्त्य, गणतन्त्रको स्थापना, संविधानसभाको चुनावपछि पनि भारतीय विस्तारवादले महान अप्रिल आन्दोलनपछि नेपालमा भएका सबै राजनीतिक परिवर्तनहरू वा संविधानसभा स्वयंलाई, देशमा सत्तामा रहेका वा महत्वपूर्ण पार्टीहरूलाई उपयोग गरेर प्रभाव पारेर, दवाव दिएर वा आफ्नो विस्तारवादी स्वार्थको निम्ति काम गर्ने बनाउन तिनीहरूमा घुसपैठ गरेर, आफ्नो विस्तारवादी उद्देश्यहरूको पक्षमा बदल्न षडयन्त्र गरिरहेको छ । भारतको यस्तो नीति अनुसार संविधानसभाको सार्वभौम अधिकारलाई यसको जन्म अगाडि नै खोसेर संशोधन गरेर अन्तरिम संविधानमा संघीयता समावेश गरियो । जन्मको आधारमा नागरिकताको अधिकार स्वीकार गरिएको नागरिकता ऐनले लाखौं भारतीय नागरिकहरूलाई नेपालको नागरिक बन्ने अवसर प्रदान गर्‍यो । सम्पूर्ण तराई संघीय प्रणाली अन्तर्गत एक प्रदेश हुनुपर्छ भन्ने माग, आत्मनिर्णयको अधिकार सहितको एक मधेश-एक प्रदेशको आन्दोलन नेपालको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको निम्ति ठूलो चुनौती हो । माओवादी, एमाले, कांग्रेस आदि धेरैजसो दलहरूले "एक मधेश, एक प्रदेश"को नारालाई सैद्धान्तिक रूपमा विरोध गरिरहेका छन् । तर तिनीहरूले कि त भारतीय विस्तारवादको दवावमा वा तराईका राजनीतिक संगठनहरूको सरकार बनाउन समर्थन प्राप्त गर्न उनीहरूका मागहरूसंग सम्झौता गरेका छन् । यही पृष्ठभूमिमा "मधेश-प्रदेश"लाई स्वीकार गरिएको आठ बुँदे समझदारी एकातर्फ माओवादी, एमाले र कांग्रेस, अर्कोतर्फ तराईका राजनीतिक दलहरूको बीचमा गरियो । यहाँ दिइएका यी केही उदाहरणहरू नै काफी छन्, जसले भारतीय विस्तारवादबाट नेपालको राष्ट्रियतामा पैदा भएको खतराको गम्भीरतालाई संकेत गर्दछ ।

**संविधानसभा र गणतन्त्रलाई समर्थन गर्ने दलहरूको संविधान निर्माण र गणतन्त्र सुदृढ गर्ने काममा असफलताले राजावादीहरूलाई एक वा अर्को प्रकारले देशलाई प्रतिगमनतिर लैजान मद्दत गर्नेछ । यस्तो राजनीतिक पृष्ठभूमिलाई विचार गरी ने.क.पा. (मसाल)ले सक्रियतापूर्वक र लगातार रूपमा गणतन्त्र सुदृढ गर्न, गणतन्त्रलाई संरक्षण गर्न र संघीयताको विरोध गर्न जोड दिइरहेको छ ।**

२७. संघीयता अहिले नेपालमा महत्वपूर्ण राजनीतिक छलफलको विषय बनेको छ । संविधान सभाका सबै दलहरू र संगठनहरू संघीयताको पक्षमा छन् । राष्ट्रिय जनमोर्चा (राजमो) एउटा मात्र दल हो जस्ले त्यसको विपक्षमा दृढ अडान लिइरहेको छ । हामीले सुरू देखि नै यो मत राखेका छौं कि हाम्रो जस्तो सानो, अविकसित, आर्थिक रूपले कमजोर र तीनतिरबाट भारतीय विस्तारवादले घेरेको मुलुकमा संघीयता उपयुक्त छैन । संघीयतालाई समर्थन गर्ने दलहरू र संगठनहरू यसको संरचनाको बारेमा विभाजित छन् । तिनीहरू मध्ये केहीले आत्मनिर्णयको अधिकार सहितको जातीय राज्यहरूको संघीयतामा जोड दिइरहेका छन् भने केहीले यसको विरोध गरिरहेका छन् । संघीयताको निर्माणले जातीयताको आधारमा होस् वा आत्मनिर्णयको अधिकार सहितको होस्, जातीय वा क्षेत्रीय द्वन्द्वलाई प्रोत्साहित गर्छ र देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतालाई खतरामा पार्दछ । नेपालमा १०० भन्दा बढी जाति वा जनजातिहरू छन् । अहिलेसम्म जातीय संघीयताका पक्षपातिहरूले करिब एक दर्जन जातीय राज्यहरूको प्रस्ताव गरेका छन् । त्यो निर्णय लागू भएपनि तीभन्दा कैयौं गुणा बढी जातिहरू र जनजातिहरू आफ्नो राज्यविहीन अवस्थामा रहने छन् । यसले जातीय द्वन्द्व कैयौं गुणा बढाउने छ र अरू जातिहरूले आफ्नो राज्यको माग गर्नेछन् र यस्तो लक्षण देशमा देखिइसकेको छ । अहिले नै कोही-कोही जनजातीय जनताहरू आफ्नो स्वतन्त्र राज्यको माग गर्न सुरू गरेका छन् ।

२८. माओवादीहरू आत्मनिर्णयको अधिकार सहितको जातीय राज्यमा आधारित संघीयताको नारा दिनेमा सबभन्दा अगाडि छन् । तिनीहरूले जातीय स्वतन्त्रता र अलग हुनपाउने अधिकार सहितको आत्मनिर्णयको अधिकारमा पनि जोड दिने गरेका छन् । हामीले यो विचार राखिरहेका छौं कि नेपालजस्तो अर्धसामन्ती र अर्धऔपनिवेशिक देशमा आत्मनिर्णयको अधिकारको सिद्धान्त ठीक छैन । एमालेले यस सवालमा आफ्ना विचारहरू बदलिरहेको छ र संघीयता, जातीय राज्यहरू वा आत्मनिर्णयको अधिकारको बारेमा स्पष्ट विचार लिएको छैन । अर्को शब्दमा, संगठन यो विषयमा विभाजित छ । कांग्रेस, राप्रपा (राजावादी) जस्ता दक्षिणपन्थी संगठनहरू वा मजदुर किसान पार्टीहरूले संघीय व्यवस्थालाई समर्थन गर्छन्, जातीय राज्य र आत्मनिर्णयको अधिकारको दृढतापूर्वक विरोध गर्छन् ।

२९. पहिले नै उल्लेख गरिसकिएको छ कि तराईका संगठनहरू एक मधेश-एक प्रदेशको पक्षमा दृढ रूपमा

रहेका छन् । तर तराईको एकदम पुरानो र निकै बाहुल्यता भएको जाति थारूहरू, सशक्त रूपमा त्यसको (एक मधेश-एक प्रदेश) को विपक्षमा छन् र एक मधेश-एक प्रदेशको मागको विरूद्धमा तराईव्यापी आन्दोलन सञ्चालन गरेका छन् । मधेश प्रदेशका समर्थकहरूले चुनौती दिइरहेका छन्, यदि तिनीहरूको एक मधेश-एक प्रदेशको माग पूरा नगरेमा तिनीहरूले एक नेपाल पनि रहन दिने छैनन् । अर्कोतर्फ थारूहरूले पनि वकालत गरिरहेका छन्, कुनै पनि रूपमा एक मधेश-एक प्रदेशको माग पूरा गरिएमा तिनीहरूले समानान्तर सरकार निर्माण गर्नेछन् ।

३०. संघीयतालाई समर्थन गर्ने दलहरू वा संगठनहरूमा यी सबै विभिन्नताले संघीय संरचनाको सम्बन्धमा एकरूपता आउन निकै कठिन छ । संघीय संरचनाको विषयमा नै कायम भएको विवादले गर्दा संघीयताको समग्र पक्षले सिर्जना गर्ने खतराको कुरै नगरौं, संविधान निर्माणलाई पनि एकातिर पन्छाएको छ ।

३१. अन्त्यमा हामीले दुईवटा कुराहरू स्पष्ट गर्न चाहन्छौं : प्रथम, देशको वर्तमान राजनीतिक परिस्थितिको वैचारिक पक्ष र द्वितीय, ने.क.पा. (मसाल)को देशको राजनीतिमा भूमिका । तत्कालको महत्वपूर्ण काम संविधानको निर्माण गर्नु वा गणतन्त्रको सुदृढीकरण गर्नु दुवै पूँजीवादी सीमा भित्रकै कुरा हुन् । निश्चित रूपले यो शंका छैन कि तिनीहरूमा क्रान्तिकारी चरित्र हुँदैन । तर यसको मतलब यो होइन कि ती कार्यहरूको कुनै प्रगतिशील महत्व छैन र देशका मार्क्सवादी-लेनिनवादीहरूले तिनीहरूलाई पूर्ण रूपमा इन्कार गर्नुपर्दछ । मालेमाका प्रवर्तकहरूले प्रतिपादन गरेको सिद्धान्त अनुसार सामन्ती, राजतन्त्रात्मक वा फासिवादी व्यवस्थाको तुलनामा बुर्जुवा किसिमको गणतान्त्रिक व्यवस्था वा संविधान पनि प्रगतिशील हुन्छ र यसकारण यस क्षेत्रमा जे प्राप्त भएको छ त्यसलाई प्राप्त गर्न, संरक्षण गर्न र सुदृढ गर्न सक्दो प्रयास गरिनु पर्दछ । यदि तिनीहरूलाई संरक्षण गर्ने प्रयास असफल भयो भने प्रतिगामी शक्तिहरू अगाडि आउने छन् र देशलाई दशकौं पछाडि धकेल्नेछन् । त्यसपछि हामी र आउँदो पुस्ता पनि सामान्यत: नेपाली जनताको करिब आठ दशकको प्रजातान्त्रिक आन्दोलन र खास रूपमा अप्रिल आन्दोलनले ल्याएका उपलब्धीहरूलाई पुन: प्राप्त गर्न आन्दोलन शुरू गर्नुपर्नेछ । अर्को शब्दमा, हामीहरूले आधा शताब्दी भन्दा बढी समय अगाडिको अवस्थाबाट संघर्ष सुरू गर्नुपर्नेछ । कुनै पनि प्रकारको उच्च क्रान्तिकारी लक्ष्यको नाममा अहिले हाम्रा अगाडि भएका राजनीतिक कार्यहरूलाई न्यूनीकरण गर्नु वा एकातिर पन्छाउनु ठूलो गल्ति हुनेछ ।

३२. अप्रिल आन्दोलन कम्युनिष्ट र गैर-कम्युनिष्टहरूको संयुक्त कार्यद्वारा सफल भएको हो । आन्दोलनका उपलब्धिहरूलाई अझै सुदृढ गरि नुपर्नेछ, किनभने राजावादी शक्तिहरू राजतन्त्रको पुनर्स्थापनाको सकेसम्म कोशिस गरिरहेका छन् । यसकारण, यदि अप्रिल आन्दोलनको एकता भङ्ग भयो भने वा प्रतिगमन र राजतन्त्रको विकल्पको संघर्षमा संगै आएका शक्तिहरू विभाजित भए भने, यो निश्चित छ कि यसले राजावादीहरूलाई सेवा गर्नेछ । यसकारण हामीले लगातार रूपमा यो कुरामा जोड दिइरहेका छौं कि एकातिर, गणतन्त्रलाई संस्थागत र सुदृढ गर्न र अर्कोतर्फ राजावादीहरूको राजतन्त्र पुनर्स्थापना गर्ने र देशलाई प्रतिगमनतिर लैजाने प्रयासलाई रोक्नका लागि अप्रिल आन्दोलनको एकतामा जोड दिनुपर्छ ।

३३. ने.क.पा. (मसाल)ले देशको ठोस वस्तुगत परिस्थितिलाई ध्यानमा राखेर समग्रमा देशको संविधान निर्माणमा जोड दिंदै, गणतन्त्रको सुदृढीकरण, राष्ट्रियता, सार्वभौमिकता, अखण्डताको रक्षामा र संघीयताको विरोध गर्ने नीति लिइरहेको छ । यी नीतिहरूलाई जोड दिनको लागि हाम्रो पार्टीले देशव्यापी आमसभा, जनप्रदर्शन, गोष्ठिहरू, देशव्यापी आमहडताल, क्षेत्रगत रूपमा आमहताल, काठमाडौं केन्द्रित आन्दोलन आदि संघर्षका कार्यक्रमहरू गरिरहेको छ । हामीले संघीयताको विरोधमा रहेका देशभरका शक्तिहरूलाई एकत्रित गर्न 'संघीयताको विरूद्धमा राष्ट्रिय अभियान' नामको संयुक्त मोर्चा निर्माण गरेका छौं ।

३४. अहिले देशको राजनीतिक परिस्थिति निकै अस्थिर र अनिश्चित छ । सातौं पटकको चुनावपछि पनि संसदले प्रधानमन्त्री छान्न असमर्थ भएको छ । यसैबेला माओवादीको तर्फबाट प्रधानमन्त्रीको उम्मेदवार प्रचण्डले एमालेको नेतृत्वसंग छलफल गरी प्रधानमन्त्रीबाट आफ्नो उम्मेदवारी फिर्ता गर्ने निर्णय गरेका छन् । अहिले माओवादीको तर्फबाट चालिएको यस्तो कदमले राजनीतिक परिस्थितिलाई निकास दिने र संविधान निर्माण र गणतन्त्रलाई संस्थागत गर्न बाटो खुलाउने छ वा देशमा बढी जटिलता थप्ने र पछाडि धकेल्ने काम गर्नेछ हामीले अझै हेर्नु छ । माओवादी र एमालेको बीचमा भएको सहमतिले बताउँछ कि प्रचण्डले राष्ट्रिय सहमतिका आधारमा प्रधानमन्त्री छान्नको निम्ति पुन: प्रक्रिया सुरू गर्नलाई मात्र यो दौडबाट फिर्ता भएका हुन् । तर प्रश्न अझै बाँकी छ कि यदि देशका महत्वपूर्ण दल र संगठनहरू प्रधानमन्त्री सर्वसम्मत रूपमा छान्न सहमतीमा पुग्न पुन: असफल भए भने के हुनेछ ? यही समयमा बहुमतीय प्रणालीलाई पूर्ण रूपमा निषेध गर्नु र सहमतिलाई एक पक्षीय रूपमा जोड दिनु आधारभूत रूपमा गलत नीति हो । यसको अर्को पक्ष यो हो कि राजावादीहरूले संविधानसभालाई खारेज गरिनुपर्छ भनेर आफ्ना गतिविधिहरू बढाइरहेका छन् र राजतन्त्र पुनर्स्थापनाको लागि आफ्नो आवाज उठाइरहेका छन् । बताइरहनुपर्ने आवश्यकता छैन कि संविधानसभा र गणतन्त्रलाई समर्थन गर्ने दलहरूको संविधान निर्माण र गणतन्त्र सुदृढ गर्ने काममा असफलताले राजावादीहरूलाई एक वा अर्को प्रकारले देशलाई प्रतिगमनतिर लैजान मद्दत गर्नेछ । यस्तो राजनीतिक पृष्ठभूमिलाई विचार गरी ने.क.पा. (मसाल)ले सक्रियतापूर्वक र लगातार रूपमा गणतन्त्र सुदृढ गर्न, गणतन्त्रलाई संरक्षण गर्न र संघीयताको विरोध गर्न जोड दिइरहेको छ । हामी पूर्ण विस्वस्त छौं कि देश पछाडि जाने र असफल राष्ट्रमा परिणत हुने खतराबाट बचाउने यो मात्र एउटा उपाय हो । •

# मोर्चा तथा जनवर्गीय संगठनका गतिविधिहरू

## वातावरणीय संकटका विरूद्ध विचारगोष्ठी सम्पन्न

वातावरणमाथिको हस्तक्षेप र पृथ्वीमा आएको संकटबारे पूँजीवादी शक्तिहरू मौन रहेका बेला वातावरणीय संरक्षणको दायित्व पनि आफ्नै काँधमा आएको महशुस गर्दै विश्वभरीका मार्क्सवादी, लेनिनवादी पार्टी र संगठनहरूको साझा संगठन क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रियको-अर्डिनेशन (आइ.सी.ओ. आर.) ले विश्वभरि नै ४ डिसेम्बरका दिन "प्राकृतिक वातावरणको रक्षाका लागि संघर्ष गर्न अन्तर्राष्ट्रिय दिवश" मनाउने ठेगान गरे अनुरूप नेकपा (मसाल) ले पनि १८ मंसिरमा सो अन्तर्राष्ट्रिय दिवश मनाउने ठेगान गरेको थियो । त्यस सिलसिलामा राष्ट्रिय जनमोर्चाले मंसिर १८ गते काठमाडौंमा "वातावरणीय समस्या र मानवजातिको रक्षाको प्रश्न" विषयक बृहत विचारगोष्ठी सम्पन्न गरेको छ ।

उक्त विचारगोष्ठीमा कार्यपत्र प्रस्तुत गर्दै राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा सभासद् चित्रबहादुर के.सी.ले जलवायु परिवर्तनको महासंकटको स्रोत पहिचान गर्ने र त्यसलाई जरैदेखि समाप्त पार्ने काम विश्वव्यापी रूपमा सर्वहारावादी संगठनहरू तथा पूँजीवाद विरोधी शक्तिहरूले मात्र गर्न सक्ने बताउनुभयो । नेता के.सी.ले प्राकृतिक स्रोत र साधनहरूमा सामन्त र साम्राज्यवादीहरूको आधिपत्य रहेको बताउँदै पूंजीवादी देशहरूले अपनाइरहेको औद्योगिक प्रविधिलाई प्रकृतिको नियम अनुसार ढाल्नु पर्नेमा जोड दिनु भयो ।

विचारगोष्ठीमा बुद्धिजीवी डा. श्रीधर गौतमले पनि "वातावरणको संरक्षण र हाम्रो कर्तव्य" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यस्तै वातावरणविद् डा. केदार रिजालले पनि अर्को कार्यपत्र प्रस्तुत गर्दै वातावरणको समस्या भनेको मानव सिर्जित समस्या भएकाले मानिसले चाहने हो भने यसलाई समाधान गर्न सकिने बताउनु भयो ।

टिप्पणीकार एवं वक्ताहरू सम्पूर्णले वातावरणीय समस्या दिनप्रतिदिन गम्भीर हुँदै गएको बताउँदै राष्ट्रिय जनमोर्चाले वातावरणीय समस्याका विरूद्धमा शुरू गरेको आन्दोलनको सह्राना गरेका थिए । राज्यले वातावरणविद् हरूसँग कुनै सरसहयोग र सल्लाह नलिने गरेको गुनासो पोख्दै उनीहरूले नयाँ संविधान निर्माणका बेलामा वातावरणीय समस्यालाई गम्भीर रूपमा उठाउन राष्ट्रिय जनमोर्चासँग अनुरोध पनि गरेका थिए । गोष्ठी सफलताका लागि नेकपा (मसाल) का महामन्त्री मोहनविक्रम सिंहले शुभकामना पठाउनु भएको थियो ।

राष्ट्रिय जनमोर्चा केन्द्रीय समितिको आयोजनामा सम्पन्न उक्त विचार गोष्ठीको अध्यक्षता राजमोकी केन्द्रीय सदस्य दुर्गा पौड्यालले र संचालन आनन्द शर्माले गर्नु भएको थियो ।

## राष्ट्रिय जनअभियान कार्यक्रम माथि आक्रमण

"गणतन्त्र, राष्ट्रियता, शान्तिको पक्षमा तथा संघीयताका विरूद्ध राष्ट्रिय अभियान" भन्ने मूल नाराका साथ राष्ट्रिय जनमोर्चाले ०६७ पौष १० गते देखि चारवटा टोली निर्माण गरी देशव्यापी रूपमा एक महिने जनअभियान कार्यक्रम सञ्चालन गरेको छ । उक्त अभियान देशका विभिन्न जिल्लाहरूमा सानदार रूपमा अघि बढिरहेका छन् । सोही क्रममा केही जातीय फासीवादी तत्वहरूद्वारा पूर्वाञ्चलको अभियानमाथि आक्रमण गर्ने काम भएको छ । २०६७ पौष १४ गते झापाको विर्तामोडमा राष्ट्रिय जनमोर्चाको राष्ट्रिय जनअभियानको कार्यक्रमका सिलसिलामा संघीय राज्य परिषद् (सञ्जुहाङ समूह) का कार्यकर्ताहरूले आक्रमण गरेर रा.ज.मो.का केन्द्रिय उपाध्यक्ष का. वीरबहादुर गोलेलाई अपहरण गरी केही समयपछि कुटपिट गरी छाडेका छन् । उनीहरूको त्यस प्रकारको शान्तिपूर्ण कार्यक्रममाथि गरिएको हिंसात्मक आक्रमणले देशमा जातीय फासिवादी प्रवृत्ति बढ्दै गएको कुरालाई बताउँछ र त्यो गम्भीर प्रकारको आपत्तिजनक कार्य हो । त्यसका विरूद्ध आवश्यक सुरक्षा दिन नसकेकोको कुराले सरकार र स्थानीय प्रशासन समेतको असक्षमता तथा देशमा बढ्दै गएको दण्डहीनताको स्थितिलाई बताउँछ ।

## अन्तर्राष्ट्रिय नेपाली एकता समाजको भेला सम्पन्न

विभिन्न पेशा तथा रोजगारका लागि विश्वका विभिन्न मुलुकहरूमा गएका नेपालीहरूको साझा संगठन अन्तर्राष्ट्रिय नेपाली एकता समाजको तेस्रो अन्तर्राष्ट्रिय भेला २०६७ कार्तिक ८ गतेका दिन काठमाडौंमा सम्पन्न भएको छ । सो भेलाको उद्घाटन प्रमुख अतिथि राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा सभासद् का. चित्रबहादुर के.सी. ले गर्नुभयो । भेलाको उद्घाटन गर्दै का. के.सी.ले भन्नुभयो, "भारतमा ७ जनाबाट शुरूवात भएको संगठन अखिल भारत नेपाली एकता समाज अहिले भारतव्यापी भएको छ । अहिले खाडी मुलुक, यूरोप, एसिया, अमेरिका लगायतका महादेशहरूका करिव डेढ दर्जन मुलूकहरूमा स्थापना भएका र हुन लागेका नेपालीहरूको संगठनलाई पनि यो भेलाबाट त्यसैगरी संगठन विस्तार गर्नमा मद्दत पुग्नेछ ।"

कतार एकता समाजका प्रतिनिधि अर्जुन थापाको स्वागत तथा अखिल

मलेसिया नेपाली एकता समाजका पूर्व अध्यक्ष आनन्द शर्माद्वारा संचालन गरिएको सो समारोहको सभापतित्व अन्तर्राष्ट्रिय नेपाली एकता समाजका सभापति दुर्गबहादुर के.सी. ले गर्नु भएको थियो ।

भेलाले मित्रलाल शर्मा (भारत) अध्यक्ष रहेको १९ जनाको समिति तथा ३ सदस्यीय सल्लाहकार गरी २२ सदस्यीय नवनिर्वाचित कार्य समितिको चयन गरेको छ । जसमा उपाध्यक्ष मानबहादुर थापा (युएई), महासचिव राजेन्द्र श्रेष्ठ (कतार), सचिव रामबहादुर बस्याल( साउदी अरब), कोषाध्यक्ष दलबहादुर गाहा (बहराइन) रहनु भएको छ । कार्य समितिको बैठकले ३ सदस्यीय सचिवालय पनि गठन गरेको छ ।

## रक्तिमको राष्ट्रिय प्रशिक्षण र भेला सम्पन्न

रक्तिम सांस्कृतिक अभियानको राष्ट्रिय भेला तथा प्रशिक्षण कार्यक्रम बुटवलमा सम्पन्न भएको छ । यही मंसीर १५ देखि २८ सम्म प्रशिक्षण र २९ देखि पौष १ गते राष्ट्रिय भेला गरिएको थियो । समयमै संविधान निर्माणका लागि सांस्कृतिक आन्दोलनको मैदानबाट पार्टीहरूलाई दबाब दिन तथा गणतन्त्रको सुदृढीकरण राष्ट्रियताको रक्षा र संघीयताको विरूद्धमा जनचेतना जगाउने उद्देश्यलाई केन्द्रमा राखेर शुरू गरिएको भेलाले जीवन शर्माको अध्यक्षतामा १७ सदस्सीय नयाँ समिति चयनगरेको छ, जसमा रेम राना महासचिव, दलबहादुर वि.क. उपाध्यक्ष, नारायण शर्मा कोषाध्यक्ष र मानबहादुर भण्डारी सचिव रहनुभएको छ ।

रक्तिम सांस्कृतिक अभियान केन्द्रीय समितिले केन्द्रीय समितिको मातहतमा रहने गरी ७३ सदस्यीय केन्द्रीय सांस्कृतिक सभाको पनि गठन गरेको छ । सम्मेलनले यही पौष १० गतेदेखि देशव्यापी रूपमा सांस्कृतिक अभियान सञ्चालन गर्ने निर्णय अनुसार दुईवटा टोली गठन गर्नुको साथै माघ १५ पछि क्षेत्रीय स्तरका प्रशिक्षण शिविर सञ्चालन गर्ने, नयाँ गीति एल्बम र साहित्यिक त्रैमासिक "रातो लालटिन" निकाल्ने ठेगान गरेको छ ।

## अखिल नेपाल शिक्षक संघको विधिवत स्थापना

हालै सम्पन्न अखिल नेपाल शिक्षक संघको राष्ट्रिय भेलाले २३ सदस्यीय केन्द्रीय समितिको चयन गरेको छ । जसको अध्यक्षमा नरेन्द्रबहादुर थापा चयन हुनु भएको छ भने वरिष्ठ उपाध्यक्षमा सानुभाई कार्की र महिला उपाध्यक्षमा हरि आचार्य चयन हुनुभएको छ ।

उक्त भेलालाई सम्बोधन गर्दै विशिष्ट अतिथि राजमो अध्यक्ष चित्रबहादुर के.सी.ले गणतन्त्रलाई सुदृढ पार्न र संघीय प्रणालीलाई खारेज गराउन अघि बढ्न खुट्टा कमाउन नहुने भन्दै आफू पनि शिक्षण पेशाबाटै राजनीतिमा आएको स्मरण गराउँदै नेपाली जनतालाई संगठित र आन्दोलित पार्नमा शिक्षकहरूको महत्वपूर्ण हात रहेको बताउनुभयो । उहाँले देश विस्तारै सुडानीकरणको दिशा तर्फ लम्किरहेको र संघीय प्रणालीकै कारण देश रहन्छ कि रहँदैन भन्ने स्थिति सिर्जना भएको बताउनु भयो ।

अहिले अखिल नेपाल शिक्षक संघको स्थापना गर्नुभएका शिक्षकहरूले यस अघि नेपाल राष्ट्रिय शिक्षक संगठनमा रहेर पेशागत हकहितको पक्षमा अविरल संघर्ष गर्दै आउनु भएको थियो । गतसालको वैशाखमा सम्पन्न संगठनको दशौं राष्ट्रिय महाधिवेशनसम्म आइपुग्दा संस्थापन पक्षले विधानको प्रस्तावनामा उल्लेखित मान्यता विपरीत नेपाल राष्ट्रिय शिक्षक संगठनलाई एमालेको भातृ संगठनको रूपमा अगाडि बढाउन खोजेपछि उहाँहरूले उक्त दशौं राष्ट्रिय अधिवेशनलाई बहिष्कार गर्दै पत्रकार सम्मेलन मार्फत आफ्ना १७ बुँदे असहमतिहरू सार्वजनिक गर्नु भएको थियो । तत्पश्चात् अखिल नेपाल शिक्षक संघको विधिवत स्थापनाका लागि उहाँहरू जुट्नु भएको थियो । यतिखेर अखिल नेपाल शिक्षक संघ ट्रेड युनियन ऐन अनुसार श्रम मन्त्रालयमा विधिवत दर्ता भैसकेको छ । देशभरीका ५ हजार ४ सय ४४ शिक्षकहरूको माग बमोजिम २०६७ असार ३१ गते मन्त्रालयले अखिल नेपाल शिक्षक संघलाई राष्ट्रिय स्तरको ट्रेड युनियनको मान्यता दिँदै दर्ता गरेको थियो । यही कार्तिक १३ र १४ गते बुटवलमा सम्पन्न केन्द्रीय समितिको बैठकको निर्णय अनुसार "सर्वसुलभ, गुणस्तरीय र व्यवहारिक शिक्षा नेपाली बालबालिकाको आजको आवश्यकता" भन्ने मूल नाराका साथ आगामी पौष १६ र १७ गते बुटवलमा प्रथम महाधिवेशन सम्पन्न गर्न गइरहेको छ ।

## भारतमा संघीयताका विरूद्ध मोर्चा गठन

नेपाली जनताको चाहना विपरीत लाद्न खोजिएको संघीय प्रणालीका विरूद्धमा प्रवासी नेपालीहरूले पनि संगठित रूपमा आवाज उठाउन थालेका छन् । भारतमा रहेका प्रवासी नेपालीहरूले २० जुन २०१० का दिन नयाँ दिल्लीको गान्धी मेमोरियल हलमा मित्रलाल शर्माको अध्यक्षतामा "संघीयता विरोधी मञ्चको" गठन गरेका छन् । यही मञ्चको आयोजनामा २५ जुलाईका दिन दिल्लीमा 'नेपालमा संघीयता' विषयक विचार गोष्ठी सम्पन्न भएको छ । उक्त विचार गोष्ठीमा प्रमुख अतिथि क. चित्रबहादुर केसीले "संघीयता चाहिँदैन, देश टुक्रउन पाईंदैन" भन्ने नाराको शुरूवात मात्रै, हामीले गरेका हौं । तर आज यो नारा सिंगो राष्ट्रको भएको छ । जुन व्यक्ति तथा पार्टीहरूले संघीयताको समर्थन गरेका छन्, केवल आधा मनले मात्रै गरेका छन्, भन्नुभएको थियो । संघीयताले राष्ट्र विखण्डन हुने चिन्ता प्रकट गर्दै आम नेपालीहरूलाई संघीयता विरूद्धको आन्दोलनमा आवद्ध हुन आव्हान गर्नुभयो । का. केसीले अगाडि भन्नु भयो- नेपाली जनताले संघीयतालाई खारेज गर्न सकेन्न भने, संघीयताले नै नेपाललाई खारेज गरिदिने छ ।

यस कार्यक्रमा मूल प्रवाह अखिल भारत नेपाली एकता समाजका केन्द्रीय सल्लाहकार तथा संघीयता विरोधी मञ्चका अध्यक्ष मित्रलाल शर्माले मञ्चको तर्फबाट अवधारणा-पत्र प्रस्तुत गर्नुभएको थियो ।

## सीमानामा हुने लुटपाट विरूद्ध एकता समाजद्वारा विरोध

नेपाल-भारत सीमानामा हुने लुटपाटका विरूद्ध तथा भारतका विभिन्न राज्य सरकारहरूद्वारा नेपालीहरूमाथि गरिने भेदभावजन्य कार्यहरू तथा विभिन्न प्रकारका समस्याहरूलाई लिएर मूल प्रवाह अखिल भारत नेपाली एकता समाजको आयोजनामा उत्तर प्रदेशको राजधानी लखनउस्थित युपी प्रेसक्लवमा यही अक्टुबर ८ तारिकका दिन भव्य पत्रकार सम्मेलन सम्पन्न भएको छ । व्यापक पत्रकारहरूको सहभागिता रहेको सो सम्मेलनमा प्रमुख अथिति राष्ट्रिय जनमोर्चाका केन्द्रीय उपाध्यक्ष तथा संविधानसभाका सदस्य सन्तबहादुर नेपाली हुनुहुनथ्यो। उक्त पत्रकार सम्मेलन पश्चात मूल प्रवाह अखिल भारत नेपाली एकता समाजको आयोजनामा उत्तर प्रदेशको राजधानी लखनउमा वृहद जुलुस प्रदर्शन भएको थियो । जुलुस लक्ष्मण पार्कदेखि शुरूभई शहिद स्मारक पार्कमा पुगि सभामा परिणत भएको थियो । प्रदर्शनकारीहरूले सीमानामा हुने लुटपाट तत्काल रोकिनु पर्ने, भारतमा नेपालीहरूलाई १९५० को मैत्री तथा शान्ति सन्धिद्वारा प्रदत्त अधिकार पाउनु पर्ने जस्ता मागहरूमा जोड दिँदै एस.डी.एम. मार्फत मुख्यमन्त्री युपी सरकारलाई ज्ञापनपत्र बुझाएका थिए ।

## रूपन्देही जिल्ला अधिकारीलाई ज्ञापन

मूल प्रवाह अखिल भारत नेपाली एकता समाजले नेपाल-भारत सीमानामा हुने लुटपाटका विरूद्ध तथा तत्काल सरकारले भारत सरकारसँग कुटनैतिक पहल गर्दै समस्याको समाधान गर्नुपर्ने कुरामा जोड दिँदै रूपन्देही जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री माधव कुमार नेपाललाई ज्ञापनपत्र बुझाएको छ । समाजका महासचिव कृष्ण के.सी.को नेतृत्वमा गएका समाजका प्रतिनिधि मण्डलले ज्ञापनपत्र बुझाएको थियो । त्यस दौरानमा उक्त टोलीले कपिलवस्तुको कृष्णनगर र चन्द्रौटामा पनि कोणसभा सम्पन्न गरेको थियो ।

## अर्घामा राजमोको विशाल सभा

अर्घाखाँचीको अर्घा रानीगैरामा दशैं पूर्णिमाको दिन राष्ट्रिय जनमोर्चाले विशाल सभा सम्पन्न गरेको छ । सो सभालाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै राष्ट्रिय जनमोर्चाका अध्यक्ष तथा सभासद् चित्रबहादुर के.सी.ले नेपालमा जातीय राज्य भयो भने यो देश नरहने दावी गर्नुभयो। उहाँले भन्नुभयो-"मुलुक यदि जातीय आधारमा संघीयतामा गयो भने नाइजेरिया हुनेछ, मुलुक सुडान हुनेछ, मुलुक इथोपिया हुने छ । यदि नेपालमा जातीय राज्य भयो भने यो देश रहने छैन ।" उहाँले अगाडि भन्नुभयो-"संघीयता विरूद्धको आन्दोलनमा राजमो एक्लो छैन कांग्रेस, एमाले र माओवादीभित्रका हजारौं मान्छेहरूले राजमोले ल्याएको 'संघीयता चाहिँदैन, देश टुक्राउन पाइँदैन" भन्ने नारा ठीक छ भनिरहेका छन् ।"

झण्डै पचास हजारको संख्यामा उपस्थित विशाल जनसमूहलाई सम्बोधन गर्दै प्रमुख अतिथि के.सी.ले देशको वर्तमान लथालिंग स्थितिको चर्चा गर्दै यसमा कांग्रेस, एमालेका पनि कमजोरीहरू छन् तर मुख्य रूपमा माओवादीको कमजोरी छ भन्दै एकअर्को प्रसंगमा अध्यक्ष के.सी.ले नेता नभई नीतिको पछि लाग्नु पर्ने बताउनुभयो ।

राजमो अर्घाखाँचीको आयोजनामा राजमोका केन्द्रीय सल्लाहकार शेरबहादुर वि.सी.को अध्यक्षता र झवि थापाको सञ्चालनमा भएको सो विशाल सभामा रक्तिम सांस्कृतिक अभियानको केन्द्रीय टोलीले आफ्नो सांस्कृतिक प्रस्तुति पनि दिएको थियो ।

### पूजाकाण्डको खारेजी जनताको जीत

प्यूठानको पूजाकाण्डको झुट्टा मुद्दा खारेज भएपछि गत असाढ १० गते स्थानीय महेन्द्र विद्यालयमा भव्य अभिनन्दन कार्यक्रम सम्पन्न भएको छ। २०४७ चैत्र १ गतेको पूजाकाण्डको निहुँमा तत्कालीन कांग्रेसी सरकारले नेकपा (मसाल)का समर्थकहरूलाई दमन गर्ने अभियान नै चलाएको थियो। त्यस काण्डमा करिब एक सय जनालाई झुट्टा मुद्दा लगाइएको थियो ।

झुट्टा मुद्दाबाट मुक्त हुने व्यक्तिहरूलाई फूलमाला लगाइदिएर अभिनन्दन गरिएको थियो । पूजा, खुङ्ग, नारिकोट, तुषारा, ओखरकोट, अर्खा लगायतका गाविसहरूबाट बाजा गाजा र जुलुश सहित राष्ट्रिय जनमोर्चाका कार्यकर्ता तथा जनसमुहहरू त्यस कार्यक्रममा सहभागी भएका थिए। कार्यक्रमका प्रमुख अतिथि बोमबहादुर खत्रीले अभिनन्दन कार्यक्रममा बोल्दै पूजाकाण्डको खारेजीले जनताको जीत भएको बताउनु भयो । मुक्त हुने साथीहरूको तर्फबाट राजमो प्यूठानका भरतबहादुर के.सी. ले पूजा काण्डको घटना विवरण सुनाउदै भन्नु भयो : "गौमुखी मावि ठूलाबेशीको निम्ति अर्खा, रजवरा, खुंग, पूजा, नारिकोट पाँच गाविसका जनताले प्रतिरोपनीका दरले रकम संकलन गर्ने काम भएको थियो। त्यो रकम पूजा गाउँ पंचायतका पूर्व प्रधानपंच शम्शेरबहादुर खत्रीले हिनामिना गरेका थिए। हामीले त्यो रकम माग्न जाँदा त्यो रकम दिन अस्वीकार गर्दै उल्टो डबलसिं के.सी.लाई चक्कु हानेर भागेका थिए । त्यसरी भाग्ने क्रममा उनी भीरबाट हामफालेर मरेका थिए । वास्तविक घटना यही थियो। अनाहकमा हामीलाई दोषी ठहराइयो र दु:ख दिइयो । अब हामीलाई राज्यले नै निर्दोष सावित गरेको छ।"

राष्ट्रिय जनमोर्चा प्यूठानको आयोजनामा सम्पन्न उक्त अभिनन्दन कार्यक्रमको अध्यक्षता राजमो प्यूठानका अध्यक्ष कृष्ण खड्का र संचालन राजमो ठूलाबेसी एरिया सल्लाहकार ज्ञामुराम न्यौपानेले गर्नुभएको थियो ।

## विद्यार्थी जागरण अभियान सम्पन्न

अनेरास्ववियु (छैठौं)ले देशव्यापी रूपमा संचालन गरेको 'विजा' अभियान सम्पन्न भएको छ। यस अन्तर्गत संगठन निर्माण, युनियनको नीति तथा कार्यक्रम र वर्तमान राजनीतिक परिस्थितिबारे विद्यार्थीलाई परिचालन गर्ने कार्य अगाडि

बढाइएको थियो । उक्त कार्यक्रम प्यूठान, बाग्लुङ्ग, अर्घाखाँची, गुल्मी, कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा, काठमाडौं, पाल्पा, रूपन्देही, कपिलवस्तु जिल्लाहरूमा सम्पन्न भएको छ । विजा अभियानको समयमै अग्रगामी संविधान निर्माणका लागि दलहरूलाई दबाब सृजना गर्ने, देशमा अहिले टड्कारो समस्याको रूपमा देखा परेको संघीयतालाई खारेज गराउन जनमत सिर्जना गर्ने र शैक्षिक सामुदायिकीकरण र निजिकरणलाई रोक्नका लागी विद्यार्थी शिक्षक र अभिभावकहरूलाई सचेत गर्ने उदेश्य रहेको थियो ।

अनेरास्ववियु (छैठौं)को राष्ट्रिय परिषद्को बैठक पुस १ गतेदेखि ४ गतेसम्म कैलालीको धनगढीमा सम्पन्न भएको छ । "परिषद् बैठकको उद्घाटन युनियनका अध्यक्ष दुर्गा शर्माले गर्नुभयो । उपाध्यक्ष लक्षीराम आचार्यको अध्यक्षता र महासचिव डेमलाल घिमिरेको सञ्चालनमा उक्त उद्घाटन कार्यक्रम सम्पन्न भयो । उद्घाटनपछि २ दिनसम्म प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । उक्त प्रशिक्षण कार्यक्रममा दर्शन, समसामयिक राजनीति, अखिल (छैठौं) र नेकपा (मसाल) को संक्षिप्त इतिहास, शैक्षिक अवस्था, संघीयता, संगठन निर्माणका विषयमा प्रशिक्षण दिने काम भएको थियो ।

परिषद् बैठकले नयाँ संविधान निर्माण र संघीयताको खारेजीको लागि व्यापक जनदबाब सिर्जना गर्न, देशव्यापी संगठन परिचालन गर्ने ठेगान गरेको छ । यस सन्दर्भमा संगठन निर्माण, जनभेटघाट, अन्तरक्रिया, सभा, प्रचारप्रसार, तथ्यांक संकलन, सदस्यता वितरण लगायतका कार्यहरू हुनेछन् । बैठकले पौष १५ देखि माघ १० गतेसम्म गणतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा, संघीयताको खारेजी र नयाँ संविधानको निम्ति राष्ट्रिय जनमोर्चाले सञ्चालन गरेको जनअभियानमा सहभागी बन्ने निर्णय गरेको छ ।

## राजमोको 'राष्ट्रिय जनअभियान' चल्दै

शान्ति, संविधान, गणतन्त्र र राष्ट्रियताको पक्षमा तथा संघीयताका विरूद्ध जनमत निर्माण गर्ने उद्देश्यले राष्ट्रिय जनमोर्चाले "राष्ट्रिय जनअभियान" संचालन गरेको छ । पौष १० देखि माघ १० सम्म संचालन गरिने एक महिने सो जनअभियानको कार्यक्रमलाई सफल पार्न राजमोले अध्यक्ष चित्रबहादुर के.सी.को संयोजकत्वमा एक व्यवस्थापन समिति पनि गठन गरेको छ ।

सो जनअभियानको कार्यक्रम अनुसार पूर्वदेखि पश्चिमसम्मका सबै जिल्लाहरूको कार्यक्रमलाई ४ भागमा बाँडिएको छ । यही पौष १० गते उद्घाटन गरी एकैसाथ चारवटै क्षेत्रहरूमा चारवटा टोलीहरूले कार्यक्रम शुरू गरेका छन् । पूर्वाञ्चलको विराटनगरमा सुरेन्द्र भण्डारीको सभापतित्वमा सभालाई सम्बोधन गर्दै प्रमुख अतिथि वीरबहादुर गोलेले उद्घाटन गर्नुभयो ।

त्यसैगरी कपिलवस्तुमा मुक्तिराम न्यौपानेको अध्यक्षता, माधव वि.सी.को उद्घोषणमा सञ्चालित सभालाई सभासद् रश्मीराज नेपालीले उद्घाटन गर्नुभयो । त्यसैगरी कञ्चनपुरमा रामबहादुर कार्कीको उद्घोषण र लोकेन्द्र लम्सालको अध्यक्षता रहेको सभालाई सम्बोधन गर्दै प्रमुख अतिथि चन्द्रबहादुर के.सी.ले अभियानको उद्घाटन गर्नुभयो ।

त्यसैगरी वाग्मती क्षेत्रको अभियान ललितपुरको लगनखेलामा भरत श्रेष्ठको उद्घोषण र निलगोविन्द महर्जनको अध्यक्षतामा सम्पन्न सभालाई सम्बोधन गर्दै प्रमुख अतिथि सभासद् सन्तबहादुर नेपालीले उद्घाटन गर्नुभयो ।

## जातीय समता समाजको गतिविधि

राष्ट्रिय भेलापछि बुटवलमा बसेको जातीय समता समाज केन्द्रीय समितिको बैठकले देशव्यापी रूपमा संगठन सुदृढीकरण, भेला, सम्मेलन र प्रशिक्षणहरू गर्ने निर्णय गरे अनुसार बग्लुङ गल्कोटमा पाँचदिने प्रशिक्षण सम्पन्न भयो । त्यसैगरी तंग्राममा दुईदिने प्रशिक्षण र असोज २२/२३ मा एकदिने प्रशिक्षण सहित सदरमुकाम बाग्लुङ बजारमा जिल्ला भेला र प्रशिक्षण सम्पन्न भएका छन् । त्यसैगरी पाल्पा, रूपन्देही र स्याङ्जामा जिल्ला भेला सम्पन्न भएका छन् भन्ने प्यूठानमा मंसिर २४ र २५ गते दुई दिने जिल्ला स्तरीय प्रशिक्षण भेला सम्पन्न भएको छ । यसका साथै विभिन्न जिल्लाहरूमा सदस्यता वितरण, गठन, पुर्नसगठन अभियान सञ्चालन भएका छन् ।

## अखिल नेपाल जनजाति सम्मेलनको गतिविधि

अखिल नेपाल जनजाति सम्मेलनले क्षेत्रीय र जिल्लास्तरमा भेला, सम्मेलन र अन्तरक्रियाहरू सम्पन्न गरेको छ । जसमा ०६७ जेष्ठ २८ र २९ मा बाग्मती क्षेत्रस्तरीय प्रशिक्षण र भेला सम्पन्न गरेको छ । त्यसैगरी सुर्खेत, उदयपुर, ललितपुर, बैतडी, गुल्मीमा जिल्लास्तरीय प्रशिक्षण र भेला सम्पन्न भएका छन् भने सुनसरीको इटहरी, उदयपुरको गाईघाट, सिन्धुपाल्चोकको चौतारा र धनकुटामा "संविधान निर्माण जनजातिहरूको अधिकार र संघीयताको प्रश्न" विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

## अखिल नेपाल युवक संघको गतिविधि

अखिल नेपाल युवक संघको ०६७ असार २९-३१ गते बसेको केन्द्रीय समितिको पूर्ण बैठकले देशव्यापी रूपमा "आधारभूत संगठन निर्माण अभियान" गर्ने निर्णय गरे अनुसार देशव्यापी रूपमा क्षेत्रीय तथा जिल्लास्तरका भेलाहरू सम्पन्न भएका छन् । यसै क्रममा ०६७ जेष्ठ ११ र १२ गते राप्ति, लुम्बिनी क्षेत्रको बुटवलमा, १४ र १५ गते भेरी-कर्णाली क्षेत्रको सुर्खेतमा, श्रावण ३० र ३१ गते गण्डकी धौलागिरी क्षेत्रको पोखरामा र असोज १५ र १६ गते बाग्मती क्षेत्रको काठमाडौंमा क्षेत्रीय स्तरका भेलाहरू सम्पन्न भएका छन् । त्यसैगरी बाग्लुङ, प्यूठान, अर्घाखाँची, गुल्मी र कपिलवस्तु लगायतका जिल्लाहरूमा जिल्ला र एरिया स्तरसम्मका भेला र सदस्यता अभियान कार्यक्रमहरू सम्पन्न भएका छन् । •

# नेपाल कम्युनिष्ट पार्टी (मसाल)का महामन्त्री का. मोहनविक्रम सिंहद्वारा जारी

# वक्तव्यहरू

**२०६७/०३/०३**

ने.क.पा. (मसाल) को केन्द्रीय कमिटीको पूर्ण बैठक यही २०६७ आषाढ १, २ र ३ गते बस्यो । बैठकले पार्टीको संगठन र अनुशासन सम्बन्धी प्रश्नहरूमा कतिपय महत्वपूर्ण निर्णयहरू गर्नुका साथै देशका तात्कालिक समस्याहरू बारे पनि आफ्नो दृष्टिकोण स्पष्ट गरेको छ । देशको तात्कालिक समस्याहरूबारे के.स.को बैठकले पारित गरेको दृष्टिकोण बारे जानकारी गराउनका लागि यो वक्तव्य जारी गरिएको छ ।

जेष्ठ १४ गते संविधानको निर्माणका लागि एक वर्षको अवधि बढाउने निर्णयपछि पनि संविधान बन्ने कुरामा अनिश्चयताको स्थिति कायम छ । तीन बुँदे सहमतिको दोस्रो बुँदा, संविधानसभाको म्याद थप्ने सहमति बाहेक अन्य बुँदालाई कार्यान्वयन गरिएन । शान्ति, संविधान र राष्ट्रिय सहमतिको सरकार बारे सहमति हुन सकेको छैन । त्यसले गर्दा संविधानको निर्माणको कार्यमा पुनः अन्योलको अवस्था उत्पन्न भएको छ ।

उपरोक्त प्रकारको अवस्थामा हाम्रो पार्टीले शान्ति, संविधान र राष्ट्रिय सहमतिको सरकार कायम गर्दै तोकिएको समयभित्र संविधानको निर्माण गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ । खास गरेर माओवादी, एमाले, ने.का.का बीचको सहमतिका आधारमा राष्ट्रिय सरकारको निर्माण अहिलेको अवस्थामा सबैभन्दा उत्तम विकल्प हो र त्यसले संविधानको निर्माणमा समेत सकारात्मक योगदान दिनेछ भन्ने हाम्रो विश्वास छ । निश्चय नै त्यस प्रकारको सरकारको नेतृत्वको प्रश्न पारस्परिक सहमतिको आधारमा टुंगिनु नै प्रजातान्त्रिक प्रक्रिया हुनेछ । त्यसका साथै हाम्रो यो पनि स्पष्ट मत छ कि त्यसरी सहमतिका आधारमा सरकारको निर्माण हुन नसकेको अवस्थामा बहुमतका आधारमा नै त्यसबारे निर्णय गर्नुको अन्य कुनै विकल्प छैन । कुनै राजनीतिक दल सरकारमा सामेल हुन नचाहेमा प्रतिपक्षमा बसेर भएपनि तोकिएको समयभित्र संविधानको निर्माणका लागि सकारात्मक सहयोग गर्ने नीति अपनाउनु पर्दछ ।

हाम्रो पार्टीको यो पनि मत रहेको छ कि प्रधानमन्त्रीको राजिनामा अहिलेको मुख्य समस्या होइन । पहिले शान्ति, संविधान र राष्ट्रिय सरकारबारे समझदारी नबनेमा प्रधानमन्त्रीको राजिनामाले थप समस्या, जटिलता र अन्यौलको अवस्थाको सिर्जना गर्नेछ र त्यसबाट संविधानको निर्माणमा समेत बाधा पुग्ने सम्भावना रहने छ । त्यसैले हाम्रो पार्टीले प्रधानमन्त्रीको राजिनामाभन्दा पहिले शान्ति, संविधान र राष्ट्रिय सहमतिको सरकारबारे सहमति कायम गर्नु पर्ने आवश्यकतामा जोड दिन्छ ।

संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूका बीचमा अहिले देशका प्रमुख राष्ट्रिय समस्या र संविधानको निर्माणबारे समेत सहमति कायम हुन नसक्दा ०६२/६३ को आन्दोलनको उपलब्धि र गणतन्त्र समेतमा आँच पुग्ने खतरा बढ्दै गइरहेको छ । अहिले पूर्व राजा र राजावादीहरूका गतिविधिहरू बढेर गएका छन् । उनीहरूले खास गरेर हिन्दूत्व र हिन्दू राज्यको प्रश्नलाई आधार बनाएर आफ्ना गतिविधिहरू बढाएर लगेका छन् । त्यस प्रकारको पृष्ठभूमिमा राजावादी खतराका विरूद्ध संविधानसभा र गणतन्त्र पक्षधर शक्तिहरूले बलियो सहमति र एकता कायम गर्नुपर्ने तथा उच्च प्रकारको सतर्कता अपनाउनु पर्ने आवश्यकता छ ।

संविधानको निर्माणमा जोड दिनुका साथै संघीयताका विरूद्धको संघर्षमा पनि लगातार जोड दिनुपर्ने आवश्यकता छ । संघीयता, जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश तथा बहुराष्ट्रिय राज्य आदि अवधारणाहरू वा तिनीहरूका आधारमा संविधान बनेमा त्यसका कैयौं घातक परिणामहरू हुनेछन् । त्यसकारण एकातिर, संविधानको निर्माणमा जोड दिनुका साथै संविधानमा संघीयता र त्यससित जोडिएका सबै गलत अवधारणाहरूलाई सामेल हुन नदिन संविधानसभाभित्र र बाहिर पनि लगातार र दृढतापूर्वक आवाज उठाउनु पर्ने र संघर्ष गर्नुपर्ने आवश्यकता छ । त्यसका साथै अहिले देशमा बढिरहेको अपहरण, हत्या, हिंसा, महंगी, दण्डहीनता वा विदेशी शक्तिहरूको चलखेल र हस्तक्षेप आदिले पनि जनजीवन र राष्ट्रियता समेतमाथि गम्भीर आँच पुऱ्याउने काम गरिरहेका छन् ।

अहिले तत्काल शान्ति, संविधान र राष्ट्रिय सहमतिको सरकार बारे सहमति बन्ने हो वा होइन र त्यसरी संविधानको निर्माण बारे मार्ग प्रसस्त हुने हो वा होइन ? त्यो स्पष्ट गर्नका लागि अरू केही समय लाग्नेछ । त्यो स्पष्ट भएपछि त्यस अनुसार हामीले आफ्नो नीति र संघर्षको कार्यक्रम निश्चित गर्दै जानु पर्नेछ । तर अहिलेको देशको राजनीतिक अवस्था अनिश्चित र अन्यौलपूर्ण भएपनि तलको विषयहरूका आधारमा हामीले जनताका बीचमा प्रचारात्मक, जनजागरण, अन्तरक्रिया आदि कार्यक्रमहरू सञ्चालन गर्दै जानु पर्दछ । तत्काल मुख्यतः निम्नलिखित विषयहरूका आधारमा उपरोक्त कार्यक्रम सञ्चालन गर्दै जानु पर्नेछ ।

१. शान्ति, संविधान र राष्ट्रिय सहमतिको सरकार बारे शीघ्र सहमति कायम हुनुपर्दछ ।

२. उपरोक्त सहमति कायम भएपछि वर्तमान सरकारले राजिनामा दिएर सहमति वा त्यो सम्भव नभएमा बहुमतका आधारमा राष्ट्रिय सरकार बन्नु पर्दछ ।

३. संघीयता वा त्यस सम्बन्धी जातीय राज्य, आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रिय राज्य आदि अवधारणाहरूलाई संविधानमा सामेल गर्न नदिन आन्दोलन र जनदवावको सिर्जना गर्नुपर्दछ ।

४. अपहरण, हत्या, हिंसा, महंगी आदिको अन्त हुनुपर्दछ ।

५. देशमा बढिरहेको विदेशी चलखेल र हस्तक्षेपको अन्त हुनुपर्दछ ।

**२०६७/०३/१६**

ने.क.पा. (मसाल)को आजै बसेको पी.वी.को बैठकले माधव नेपालको प्रधानमन्त्री पदबाट राजीनामा दिएपछिको स्थितिको मूल्यांकन गर्दै निम्न लिखित वक्तव्य जारी गरेको छ ।

तीनबुँदे सहमतिमा राष्ट्रिय सहमतिको आधारमा सरकारको गठन र प्रधानमन्त्रीको राजीनामाको उल्लेख गरिएको छ । हाम्रो पार्टीले प्रधानमन्त्रीको राजीनामा भन्दा पहिले शान्ति, संविधान र राष्ट्रिय सहमतिको सरकार बारे सहमति हुनुपर्ने आवश्यकतामा जोड दिँदै आएको थियो । तर उक्त सहमति नभइकन प्रधानमन्त्रीले राजीनामा दिएपछि राजनीतिक अवस्थामा नयाँ प्रकारको जटिलता उत्पन्न हुने छ भन्ने हाम्रो मत छ ।

हाम्रो पार्टीले प्रधानमन्त्रीको राजीनामापछि नयाँ सरकारको गठनभन्दा पहिले शान्ति, संविधान र राष्ट्रिय सहमतिको सरकार बारे छिटोभन्दा छिटो सहमति कायम हुनुपर्ने आवश्यकतामा जोड दिन्छ । त्यसरी नै संविधानसभाको थपिएको एकवर्षको बाँकी रहेको समयमा शान्ति प्रक्रिया र संविधानको निर्माणका कार्यहरू सफल हुन सक्नेछन् ।

शान्ति, संविधान र सरकारको गठनसित सम्बन्धित केही पक्ष बारे पनि हाम्रो पार्टीले सम्बन्धित सबै पक्षको ध्यान आकर्षित गर्न चाहन्छ । सामान्यत: संविधानसभा र गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूका बीचमा र मुख्यत: माओवादी, एमाले र ने.का.का बीचमा सहमति नभइकन शान्ति प्रक्रिया र संविधानको निर्माणका कार्यहरू सफल हुने छैनन् । त्यसकारण उक्त प्रश्नहरूमा त्यस प्रकारको सहमति अनिवार्य छ । तर सरकारको निर्माण बारे संवैधानिक र राजनीतिक दृष्टिकोणले पनि स्थिति केही भिन्न छ । सरकारको निर्माणको सन्दर्भमा सम्भव भएसम्म सहमतिका आधारमा र सहमति हुन नसकेमा सदनको बहुमतका आधारमा सरकारको निर्माण गरिनु पर्दछ र अनिश्चित समयसम्मका लागि सरकार विहीनताको अवस्था रहन दिनु सही हुने छैन । त्यो क्रममा कुनै राजनीतिक शक्ति सरकारमा सामेल नभएर प्रतिपक्षमा बसेपनि शान्ति प्रक्रिया र संविधानको निर्माणमा सकारात्मक योगदान दिने सबैको दायित्व हुनुपर्दछ ।

यदि अहिलेको स्थितिमा पुन: शान्ति र संविधानको निर्माण बारे सहमति कायम नभइकन सरकारको निर्माणको प्रश्नलाई नै प्रमुखता दिइन्छ भने त्यसले पुन: स्थितिलाई अरू जटिल बनाउने छ र थप अन्यौल तथा अनिश्चियताको स्थिति उत्पन्न हुनेछ । त्यो अवस्थामा शान्ति प्रक्रिया तथा संविधानको कार्य अवरूद्ध हुने तथा गणतन्त्रलाई संस्थागत गर्ने कार्यमा पनि बाधा पुग्ने सम्भावना रहनेछ । त्यसैले हाम्रो पार्टीले तीन बुँदे सहमतिमा उल्लेख गरिए झै तत्काल शान्ति र संविधान बारे सहमति कायम गर्ने प्रश्नमा ध्यान केन्द्रित गर्नका लागि तथा सहमति वा बहुमतका आधारमा छिटोभन्दा छिटो सरकारको गठनमा जोड दिन्छ ।

---

**२०६७/०३/२७**

हिजो २०६७ आषाढ २६ गते बसेको ने.कपा. (मसाल) को पी.वी.को बैठकले हाम्रो पार्टीका दुई पूर्व पी.वी.एम. का. डिलाराम आचार्य र का. गिरिधारीलाल न्यौपानेलाई अनिश्चितकालका लागि पार्टी सदस्यताबाट निस्काशित गर्ने निर्णय गरेको छ । सर्वप्रथम न्यौपानेले प्रवासमा र नेपालमा समेत व्यापक रूपले लुजटक र व्याकवाइटिङ गरेको रिपोट छानवीनद्वारा प्रमाणित भएपछि र स्वयं उहाँले पनि त्यस प्रकारका सबै गतिविधिहरू गरेको स्वीकार गरेपछि केन्द्रीय समितिको २०६६/१०/२३ मा उहाँलाई पी.वी. तथा प्रवासका जिम्मेवारीहरूबाट हटाई केन्द्रीय समितिको सदस्यता कायम राख्ने निर्णय गरेको थियो । त्यसपछि आचार्य र न्यौपाने दुवै जनाले पार्टी अनुशासनको उल्लंघन र गुटवन्दी समेत गरेका रिपोर्टहरू आएपछि व्यापक छानविनपछि उक्त आरोपहरू प्रमाणित भएपछि २०६७ आषाढ १-३ सम्म बसेको केन्द्रीय समितिको बैठकले उहाँहरू दुवैजनालाई उहाँहरूसित सम्बन्धित पार्टी, मोर्चा वा जनवर्गीय संगठनहरूका सबै पद र जिम्मेवारीहरूबाट हटाइ पार्टी सदस्यताबाट पनि ६ महिनाका लागि निलम्बन गरेको थियो । यहाँ यो उल्लेखनीय छ कि आषाढको केन्द्रीय समितिको बैठकभन्दा पहिले बसेको पी.वी.को बैठकमा आचार्यले उहाँले उहाँहरू माथिका सबै आरोपहरू सहित गुटबन्दी समेत गरेको स्वीकार गरी अब उहाँका विरूद्ध कारवाहीको कुनै विकल्प छैन भनेर स्वयं बताउनु भएको थियो । त्यसपछि नै पी.वी.मा उहाँ समेतको सहमतिमा उहाँमाथि माथि लेखिए अनुसारको कारवाही गर्ने निर्णय भएको थियो । त्यो निर्णयमा उहाँले पनि हस्ताक्षर गर्नुभएको थियो र त्यो निर्णयमा उहाँले कुनै मतभेद प्रकट गर्ने वा 'नोटआफ डिसेन्ट' लेख्ने काम गर्नुभएको थिएन । केन्द्रीय समितिको बैठकमा न्यौपानेले पनि आचार्यका सबै विचार र गतिविधिहरूसित आफ्नो सहमति भएको बताउनु भएको थियो । त्यसपछि के.स.मा पनि उहाँहरू समेतको सहमतिले उहाँहरूका विरूद्ध माथि लेखिए अनुसारको कारवाही गर्ने निर्णय भएको थियो । तर त्यो कारवाही पछि उहाँहरूले आफ्ना अनुशासनविहीन र गुटवन्दीका कारवाहीहरू सार्वजनिक रूपले नै लगातार अगाडि बढाए पछि केन्द्रीय कार्यालयको ०६७ आषाढ १० मा बसेको बैठकले वहाँहरू दुवैजनालाई एक वर्षका लागि पार्टी सदस्यताबाट निष्काशित गर्ने निर्णय गरेको थियो । त्यसपछि पनि वहाँहरूले विभिन्न सञ्चार माध्यमहरू वा पत्रकार सम्मेलनद्वारा खुला रूपले नै गुटवन्दी र अनुशासनविहीन कारवाहीहरू बढाउँदै लगेको तथा समानान्तर संगठनको निर्माणका लागि पहलकदमी समेत गर्न थालेको देखिएकाले हिजो असार २६ गते बसेको पी.वी.को वैठकले वहाँहरू दुवैजनालाई अनिश्चितकालका लागि पार्टी सदस्यताबाट निस्काशित गर्ने निर्णय गरेको छ ।

यस सन्दर्भमा हामीले सुरूमा नै एउटा कुरा स्पष्ट गर्न चाहन्छौं । सामान्यत: पार्टीको कुनै सदस्यका विरूद्ध कुनै कारवाही गर्दा वास्तविक नाम वा कारवाहीलाई सार्वजनिक गर्ने प्रचलन हुन्न । कुनै पार्टी सदस्यका बाहिर गएका पार्टी नीतिका विरूद्धका विचारहरूलाई सार्वजनिक रूपले आलोचना गर्ने गरिन्छ । तर त्यसो गर्दा वास्तविक नाम खुला गर्ने गरिन्न । त्यही नियम अनुसार पहिले उहाँहरूको वास्तविक नाम नखोलिकन दुवै जनाको भिन्न मत सम्बन्धि प्रस्तावमा उल्लेखित पार्टीका नीतिहरूसित मेल नखाने विचारहरूको सार्वजनकि रूपले आलोचना गरिएको थियो । त्यसो गर्दा वहाँहरूका विरूद्ध कारवाही भएको कुरा समेत सार्वजनिक गरिएको थिएन । तर यही असार १८ गते सम्पन्न एउटा पत्रकार सम्मेलनमा आचार्यले र अन्य कतिपय संचार माध्यमहरूलाई

दिएका अन्तरवार्ताहरूमा दुवै जनाले आफूहरू मसालको पी.वी. वा केन्द्रीय समितिमा रहेको तथा दुवैजनामाथि भएका कारवाहीहरूलाई सार्वजनिक गर्ने काम गरेकाले वहाँहरूको वास्तविक नामको उल्लेख गरेर वहाँहरूका विरूद्धको कारवाहीलाई गोप्य राख्नु आवश्यक देखिएन । त्यसैले पी.वी.ले वहाँहरूको वास्तविक नाम र कारवाहीलाई समेत सार्वजनिक गर्ने निर्णय गरेको छ ।

हाम्रो पार्टीमा पार्टी सदस्यहरूलाई आफ्ना मतभेदलाई प्रकट गर्ने वा अन्तरसंघर्ष संचालन गर्ने अधिकार हुन्छ । तर त्यो कार्य पार्टीका संगठनात्मक सिद्धान्त, विधान र नियमहरूद्वारा निर्धारित प्रक्रिया वा विधिअनुसार हुनुपर्दछ । तर आचार्य र न्यौपानेले निर्धारित प्रक्रिया र विधिको उल्लंघन गरेर पटक पटकको चेतावनी वा कारवाही पछि पनि अनियन्त्रित र खुला प्रकारले आफ्ना मतभेद वा गुटवन्दी गर्ने कार्य बढाउँदै लगेकाले वहाँहरूलाई अनिश्चित कालका लागि पार्टी सदस्यताबाट निस्काशित गर्नु अनिवार्य हुन गयो ।

माओवादीहरूले लामो समयदेखि देशव्यापी रूपमा र खुला रूपले नै वहाँहरू दुवै जना आफ्नो संगठनमा सामेल हुने कुरा प्रचार गर्दै आएका छन् । तर उनीहरूद्वारा (माओवादीहरूद्वारा) गरिएको त्यसप्रकारको प्रचारका लागि उहाँहरूलाई दोषि वा जिम्मेवार ठहराउने, उहाँहरूबाट कुनै स्पष्टिकरण लिने वा कारवाही गर्ने कार्य गरिएको थिएन । तर उहाँहरूले पार्टीको निर्धारित प्रक्रिया र विधिको उल्लंघन गरेर आफ्ना भिन्न मत आफ्नो सम्बन्धित समितिभन्दा तलसम्म वा सार्वजनिक रूपले नै तलसम्म लैजान थालेकाले तथा गुटवन्दी गर्न थालेकाले उहाँहरूबाट स्पष्टिकरण लिने र कारवाही गर्ने प्रक्रिया अगाडि बढाउँदै लैजानु आवश्यक हुन गयो । आचार्य र न्यौपानेले पार्टीका स्वीकृत नीतिहरूको विरोध गर्दै गएको कुरा आम रूपमा थाहा भएको कुरा हो । त्यो क्रममा उहाँहरूद्वारा माओवादीहरूका सामाजिक फासिवादी प्रकारको गतिविधिहरू र स्वयं हाम्रा समर्थकहरू माथिका उनीहरूका हिंसात्मक आक्रमणका विरूद्धका हाम्रा भण्डाफोर र संघर्षका नीतिको विरोध गर्ने तथा पार्टीको संघीयताका विरूद्धको संघर्षको नीतिको विरोध गर्ने समेत कामहरू भएका छन् । त्यस सिलसिलामा उहाँहरूका विचारहरूमा कति छिटो-छिटो परिवर्तन हुने गरेको छ ? त्यो कुरा संघीयताका सन्दर्भमा आचार्यले प्रकट गरेका विचारहरूबाट कुनै शंका रहन्न । उहाँहरू दुवै जनाको भिन्नमत सम्बन्धि प्रस्ताव पार्टी अनुशासन र गोप्यताको उल्लंघन गरेर उहाँहरूले वितरण गर्ने काम गर्नुभएको थियो पछि त्यो प्रस्ताव सञ्चार माध्यमद्वारा पहिले नै सार्वजनिक पनि भएको थियो । त्यसपछि त्यसलाई गोप्य राख्नु आवश्यक रहेको थिएन र हाम्रो पार्टीले समेत त्यसलाई सार्वजनिक गर्दै खुला रूपले त्यसको आलोचना पनि गरेको थियो । त्यो भिन्नमत सम्बन्धित प्रस्तावमा लेखिएको छ : "हामीले आफ्ना दस्तावेजहरूमा संघीयता सिधै राष्ट्रियतासित जोडिएको बताउँदै त्यसलाई लागू गरिएमा देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डता समेत खण्डित हुने बताउँदै आएका छौं ।" त्यस सिलसिलामा पार्टी नेतृत्वको आलोचना गर्दै त्यसमा लेखिएको छ, "०६५ असोज १२ र २०६६ बैशाख ५ देखि १५ गतेसम्मको काठमाडौं केन्द्रित आन्दोलनले तयार पारेको आधारमाथि टेकेर हामी निर्णायक संघर्षको दिशातिर अगाडि बढेका छैनौं ।" त्यसपछि संघीयताका विरूद्धको आन्दोलनलाई उँचाई उठाउनुपर्ने आवश्यकतामा जोड दिंदै त्यसमा अगाडि लेखिएको छ "आगामी दिनमा संघीयता विरोधी आन्दोलाई उँचाईमा उठाउन प्रयत्न गरिनुपर्दछ ।" त्यो प्रस्तावमा संघीयताको विरूद्धको आन्(दोलनलाई उँचाईमा उठाउनु पर्ने आवश्यकतामा त्यति धेरै जोड दिइएको भएपनि आषाढ १८ गतेको पत्रकार सम्मेलनमा प्रस्तुत गरिएको प्रेस विज्ञप्तिमा संघीयताको विरोधको विचारलाई पूरै हटाइएको छ । पछि एउटा साप्ताहिकलाई दिइएको अन्तरवार्तामा संघीयता सम्बन्धी उहाँको विचारमा गुणात्मक फड्को आएको छ । त्यसमा भनिएको छ : "संघीयतालाई तिलाञ्जली दिएर अगाडि बढ्न सम्भव छैन ।... संघीयता हुँदै राष्ट्रियता खतरामा पर्छ भन्ने कुराको आधारमा संघीयताको विपक्षमा उभिनु गलत छ ।....... त्यसैले अहिलेको सन्दर्भमा संघीयतामा जानु हुँदैन भन्नेमा हामी छैनौं ।" (जनएकता साप्ताहिक, असार २१-२७ गते) यो शोचाइ पहिलेको पार्टीको मात्र होइन, स्वयं आचार्यको शोचाइमा पनि भएको आकाश(पातालको उलटफेर भएको कुरामा कुनै शंका रहन्न । त्यसबाट दुईवटा कुरा प्रष्ट हुन्छ : प्रथम, उहाँहरूले माओवादीको संघीयता सम्बन्धी नीतिअनुरूप आफ्ना सोंचाईहरूलाई ढाल्न नै आफ्ना पूर्व विचारहरूमा आमूल परिवर्तन गर्नुभएको छ । द्वितीय, उहाँहरूको सम्पूर्ण सोंचाई कुनै सिद्धान्त वा नीतिमाथि आधारित छैन र त्यो सम्पूर्ण रूपले अवसरवादी प्रकारको छ । त्यसबारे का. न्यौपानेलाई सम्पर्क गर्दा उहाँले आचार्यको सबै शोचाइ र गतिविधिसित आफ्नो पूर्ण सहमति भएको कुरा बताउनु भएको छ ।

आचार्य र न्यौपाने दुवै जनाले उहाँहरू भिन्नमत राखेकोले उहाँहरूमाथि कारवाही गरिएको र उहाँहरूलाई अन्यायपूर्वक पार्टीबाट हटाइएको भनेर व्यापक प्रचार गरिरहनु भएको छ । तर त्यस सन्दर्भमा उहाँहरूले पार्टीका संगठनात्मक सिद्धान्त, विधान वा नियमहरूको व्यापकरूपले उल्लंघन गरेको, गुटबन्दी गरेको तथा स्वयं उहाँहरू समेतको स्वीकारोक्तिका आधारमा उहाँहरूमाथि कारवाही गरिएको कुरालाई प्रकाशमा ल्याउने गर्नुभएको छैन । तर पार्टीको संगठनात्मक प्रणाली र अनुशासनबारे सामान्य पनि जानकारी भएको व्यक्तिबाट यो लुकेको कुरा होइन कि उहाँहरूले जुनप्रकारको गुटबन्दी र अनुशासनविहीन कारवाही गर्नुभयो, त्यो अवस्थामा उहाँहरू माथि जुन कारवाही गरियो त्यो स्वभाविक र न्यायपूर्ण कुरा हो ।

उहाँहरूले आफ्ना साथमा हजारौं कार्यकर्ताहरू भएको प्रचार गरिरहनु भएको छ । तर वास्तविकता यो हो कि पार्टीको केन्द्रीय समितिमा उहाँहरूलाई अन्य एकजना पनि केन्द्रीय सदस्यको समर्थन छैन, पार्टी, वैधानिक मोर्चा वा जनवर्गीय संगठनहरूको कुनै एउटा जिल्लासमितिको पनि उहाँहरूलाई समर्थन प्राप्त छैन र मोर्चा वा जनवर्गीय संगठनहरूका कुनै पनि केन्द्रीय समितिहरूले उहाँहरूका अनुशासनविहीन गतिविधिहरूको पूरै विरोध गरेका छन् । त्यसरी उहाँहरूले उहाँसित हजारौं कार्यकर्ताको समर्थन भएको कुराको जुन प्रचार गरिरहनुभएको छ, त्यो खालि मित्थ्या प्रचार मात्र हो ।

उहाँहरूका गुटबन्दी, अनुशासनविहीन वा फुटपरस्त सोंचाई वा गतिविधिका पछाडि कुन कारणले काम गरेको छ ?

त्यसबारे कुनै चर्चागर्नेपट्टि हामी लाग्दैनौं । माओवादीहरूले, जस्तो कि माथि पनि उल्लेख गरियो, उहाँहरू दुवैजनाले त्यो संगठनभित्र सामेल हुने कुराको व्यापक प्रचार गरिरहेका छन् । तर आफ्नो भिन्नमत सम्बन्धि प्रस्तावमा माओवादीले "तीव्र गतिमा दक्षिणपन्थी दिशामा छलांग" लगाइरहेको विचार प्रकट गरेकाले उहाँहरूले त्यो संगठनमा सामेल हुने कुराले उहाँहरूका त्यो विचारसित मेल खान्न । तर संघीयताको प्रश्नमा समेत उहाँहरूको विचारमा भएको उलटफेरमाथि विचार गर्दा उहाँहरूको त्यो सोंचाईमा पनि आफूल परिवर्तन हुने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न । तर अन्तमा उहाँहरूको गुटबन्दी, अनुशासनविहीन तथा फुटपरस्त सोंचाई र गतिविधिको वास्तविक कारण के थियो र त्यसको के परिणाम हुनेछ ? आगामी दिनमा त्यो कुरा प्रष्ट हुँदै जानेछ । जेहोस्, उहाँहरूका गुटबन्दी, अनुशासनविहीन तथा फुटपरस्त सोंचाई र गतिविधिहरूमाथि समयमा नै नियन्त्रण गरेर पार्टीले पार्टीको एकता, अनुशासन तथा पार्टीको सही सिद्धान्त र नीति माथि आधारित राजनीतिक भूमिकालाई कायम राख्न महत्वपूर्ण मद्दत पुगेको छ । अन्तमा पार्टी वा पार्टीका नजिकका मोर्चा वा जनवर्गीय संगठनहरूका नेता, कार्यकर्ता र समर्थकहरूको उच्चप्रकारको सतर्कता तथा सैद्धान्तिक र राजनीतिक चेतनाका आधारमा नै त्यस प्रकारको सफलता प्राप्त भएको कुरा पनि हामीले स्पष्ट गर्न चाहन्छौं ।

---

**२०६७/०४/२५**

देशको तात्कालिक राजनीतिक परिस्थिति बारे ने.क.पा. (मसाल)ले निम्नलिखित नीतिहरू अपनाउनु पर्ने आवश्यकतामा जोड दिन्छ ।

हाम्रो पार्टीले माधव नेपालले प्रधानमन्त्री पदबाट राजिनामा दिनुभन्दा पहिले शान्ति, संविधान र राष्ट्रिय सहमतिको सरकार बारे सहमति कायम हुनुपर्ने कुरामा जोड दिंदै त्यसो नभए देशमा पुन: अन्यौल र अनिश्चयताको अवस्था उत्पन्न हुनेछ र शान्ति, संविधान र सरकारको गठनको कार्यमा समेत बाधा पुग्ने छ भनेर बारम्बार जोड दिने गरेको थियो । तर त्यस प्रकारको पूर्व सहमति नभइकन सरकारले राजिनामा दिएपछि जुनप्रकारको स्थिति कायम भएको छ त्यसबाट हाम्रो पार्टीले जोड दिंदै आएको नीति सही भएको कुरालाई व्यवहारले नै प्रमाणित गरेको छ ।

प्रधानमन्त्रीको चुनावका सन्दर्भमा सहमतिका लागि गरिएको प्रयत्न असफल भएपछि बहुमतिय आधारमा प्रधानमन्त्रीको चुनावको प्रक्रिया शुरू भइसकेपछि पनि सहमतियको सरकारको कुरा उठाएर चुनावमा बाधा पुऱ्याउने जुन प्रयत्न भइरहेको छ, त्यसलाई हाम्रो पार्टीले अत्यन्त गम्भीर रूपमा लिन्छ र गलत मान्दछ । खास गरेर एमाले र मधेशवादी दलहरूका गलत प्रकारका अडानका कारणले त्यस प्रकारको स्थितिको सृजना भएको छ । एमालेले सहमतिय आधारमा सरकारको गठनका लागि सहमति नहुँदासम्म मतदानमा भाग नलिने अडान लिएको छ भने मधेशवादी दलहरू एक मधेश, एक प्रदेश, मधेशवादी समूदायहरूका लडाकूहरूको नेपाली सेनामा सामूहिक प्रवेश, राज्य पुनर्संरचना आयोगको गठनको विरोध आदि शर्तहरू प्रस्तुत गरेर मतदानबाट अलग बसेकाले प्रधानमन्त्रीको चुनावमा गत्यावरोधको स्थिति पैदा भएको छ । त्यो अवस्थामा हाम्रो पार्टीले सम्बन्धित सबै पक्षहरूसित त्यस प्रकारका नीति वा अडानबारे पुर्नविचार गरेर सरकारको निर्माणको कार्यमा सकारात्मक दृष्टिकोण अपनाउन अनुरोध गर्दछ ।

अहिले प्रधानमन्त्रीको चुनावमा भएको गत्यावरोध तथा देशमा कायम भएको अन्यौल, अनिश्चयता र राजनीतिक अस्थिरताको अवस्थाबाट फाइदा उठाएर, एकातिर, राजावादी र, अर्कातिर, विदेशी शक्तिहरूले आफ्ना अवान्छित प्रकारका गतिविधिहरू बढाएर लगेका छन् । त्यस प्रकारका गतिविधिहरूबाट देशमा कायम भएको गणतन्त्र समाप्त हुने वा देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा मै गम्भीर आँच पुग्ने समेत खतरा उत्पन्न भएको छ । त्यसकारण हाम्रो पार्टीले संविधानसभा, गणतन्त्र र राष्ट्रियता पक्षधर सबै शक्तिहरूसित आपसका विभिन्न राजनीतिक अन्तरविरोध वा मतभेदहरूलाई सुरक्षित राख्दै वा बेग्ला-बेग्लै प्रकारले सञ्चालन गर्दै संविधानको निर्माण, गणतन्त्रको सुदृढीकरण तथा राष्ट्रियताको रक्षा समेतका तात्कालिक कार्यहरूमा आपसमा सहमति कायम गरेर काम गर्नका लागि अनुरोध गर्दछौं । हाम्रो के कुरामा जोड छ भने प्रधानमन्त्रीको चुनावमा कुनै पक्ष विजयी वा पराजित जे भएपनि आपसमा सहमति कायम गरेर देशका अगाडि उपस्थित उपरोक्त राष्ट्रिय र ऐतिहासिक महत्वका जिम्मेवारीहरू पूरा गर्न सबैले सकारात्मक योगदान दिने नीति अपनाउनु पर्दछ ।

अहिलेको राजनीतिक स्थितिमा कुन प्रकारको नीति अपनाउने ? त्यसबारे वामपन्थी शक्तिहरूले पनि स्पष्ट नीति अपनाउनुपर्ने आवश्यकता छ । अहिलेको अवस्थामा वामपन्थीहरूले पनि २०६२-६३ को आन्दोलनका उपलब्धिहरूको रक्षा र सुदृढीकरण गर्न नै मुख्य जोड दिनुपर्दछ । २०६२-६३ को आन्दोलन सबै वामपन्थी वा गैर-वामपन्थी शक्तिका बीचको एकताका आधारमा नै सफल भएको थियो र त्यही आधारमा नै संविधानको चुनाव र गणतन्त्रको स्थापनाका ऐतिहासिक कार्यहरू पूरा भएका थिए । संविधानको निर्माण र गणतन्त्रलाई संस्थागत गर्ने कार्यहरू पनि त्यही आन्दोलनको नै निरन्तरता हुन् । त्यसकारण अहिले हाम्रा अगाडि भएका राष्ट्रिय जिम्मेवारीहरू पूरा गर्नका लागि पनि ०६२-६३को आन्दोलनका पक्षधर राजनीतिक शक्तिहरूका बीचको एकताको निरन्तरताले निर्णयात्मक महत्व राख्दछ । ती बेग्ला-बेग्लै शक्तिहरूसित हाम्रा गम्भीर प्रकारका अन्तरविरोधहरू भएता पनि अहिले हाम्रा अगाडि भएका जिम्मेवारीहरू पूरा गर्ने सिलसिलामा ती शक्तिहरूका बीचमा फुट वा विभाजन ल्याउने नीतिले प्रतिगमन वा विदेशी शक्तिहरूलाई नै मद्दत पुऱ्याउने छ । सरकारको निर्माणका सन्दर्भमा पनि हाम्रो पार्टीको यो स्पष्ट मत रहेको छ कि अहिलेको अवस्थामा ०६२-६३ को आन्दोलनका पक्षधर राजनीतिक शक्तिहरूका बीचबाट नै सहमति वा बहुमतीय आधारमा सरकारको गठन हुनुपर्दछ । अहिलेको हाम्रो तात्कालिक कार्यक्रमको चरित्र वामपन्थी नभएकाले तत्कालको अवस्थामा वामपन्थीहरूका बीचमा एकता कायम गरेर संविधानको निर्माण, गणतन्त्रको सुदृढीकरण वा सरकारको गठन गर्ने नीतिले ०६२-६३ को आन्दोलनका पक्षधर शक्तिहरूका बीचमा विभाजन ल्याउने छ र त्यसबाट अहिले हाम्रा अगाडि भएका जिम्मेवारीहरू पूरा गर्न बाधा पुग्नेछ । त्यसैले वामपन्थी शक्तिहरूले आफ्ना उच्च र क्रान्तिकारी उद्देश्यका

पक्षमा आफ्ना प्रचारात्मक वा आन्दोलनात्मक कारवाहीहरूलाई कायम राख्दै देशका अगाडि भएका तात्कालिक जिम्मेवारी पूरा गर्न तात्कालिक रूपमा मुख्य जोड दिनुपर्दछ । त्यस अनुसार संविधानको निर्माण, गणतन्त्रको सुदृढीकरण तथा उक्त कार्यहरूका पक्षमा भएका शक्तिहरूसित एकताको नीतिमा नै जोड दिनुपर्दछ । त्यसरी नै हामीले आज हाम्रा अगाडि भएका जिम्मेवारीहरू पूरा गर्न सक्ने छौं र त्यसका लागि वामपन्थी वा वामपन्थी पक्षधर सबै शक्तिहरूसंग ने.क.पा.(मसाल)ले अपील गर्दछ ।

---

**२०६७/०५/०८**

प्रधानमन्त्रीको चुनावको सन्दर्भमा देखापरेको अन्यौलको स्थिति र देशमा देखापरेका अन्य कैयौं राजनीतिक प्रश्नहरूबारे ने.क.पा. (मसाल) को दृष्टिकोण स्पष्ट गर्न यो वक्तव्य जारी गरिएको छ ।

पाँचौपल्ट पनि प्रधानमन्त्री निर्वाचित हुन नसक्नु गम्भीर चिन्ताको कुरा हो । हाम्रो यो स्पष्ट मत छ कि सामान्यत: मधेशवादी दलहरू र मुख्यत: एमालेको गलत र असंवैधानिक अडानको कारणले नै यो स्थिति उत्पन्न भएको छ । संसदीय प्रणालीमा राजनीतिक दलहरूले सही भूमिका खेल्न सकेनन् भने सम्पूर्ण प्रणालीमा आघात पुग्न सक्दछ । त्यसैले सम्बन्धित दलहरूले आफ्नो त्यस प्रकारको गलत अडान बारे पुनर्विचार गर्नुपर्ने आवश्यकता छ ।

एमालेको पोलिटब्यूरोद्वारा जारी गरिएको "शान्ति र संविधानका लागि राष्ट्रिय सहमतिको आधारपत्र" प्रति पनि हाम्रो पार्टीको ध्यान आकर्षित भएको छ । त्यसमा शान्ति र नयाँ संविधानको निर्माणका लागि राष्ट्रिय सहमतिको आवश्यकतामा जुन जोड दिइएको छ, त्यसप्रति हाम्रो पार्टीको समर्थन छ । तर त्यसमा सरकारको नेतृत्वको टुंगो राजनीतिक सहमतिको आधारमा लगाउने जुन अवधारणा अगाडि ल्याइएको छ, त्यसले स्वयं उनीहरूले प्रस्तुत गरेको अवधारणाको स्पिरिटसित मेल खान्न । उनीहरूको प्रस्तावमा प्रारम्भमा नै नयाँ लोकतान्त्रिक संविधानका सम्बन्धमा "बाह्र बुँदे सम्झदारी, विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान २०६३ मा व्यक्त गरिएको प्रतिवद्धता"लाई समर्थन गरिएको छ । तर अन्तरिम संविधानमा सहमतिको आधारमा प्रधानमन्त्रीको चुनाव हुन नसकेको अवस्थामा बहुमतीय प्रणालीका आधारमा प्रधानमन्त्रीलाई चुन्ने व्यवस्था गरिएको छ । त्यो अवस्थामा प्रतिस्पर्धाका आधारमा प्रधानमन्त्री बारे निर्णय हुन नसकेकाले पुन: सरकारको नेतृत्वको राजनीतिक सहमतिका आधारमा टुंगो लगाउने र बहुमतीय प्रणालीलाई पूरै निषेध गर्ने भन्ने मतले स्वयं उनीहरूले अन्तरिम संविधानप्रति प्रकट गरेको प्रतिवद्धतासित मेल नखाने कुरा प्रष्ट छ । त्यस प्रकारको सोंचाईका आधारमा प्रधानमन्त्रीको चुनावमा बाधा हाल्ने उनीहरूको कार्यपद्धतिले पनि उनीहरूको अवधारणापत्रको स्पिरिटसित मेल खान्न ।

त्यो प्रस्तावमा उनीहरूले माओवादी र ने.का.का प्रधानमन्त्रीका उमेदवारहरूले उमेदवारी फिर्ता लिई राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने कुरामा जोड दिइएको छ । तर त्यसरी उमेदवारी फिर्ता लिएपछि पनि राष्ट्रिय सहमतिको आधारमा सरकारको निर्माण हुने कुराको कुनै ग्यारेन्टी छैन । त्यसैले वर्तमान गत्यावरोधबाट निकास निकाल्न सहमतिको आधारमा सरकारको निर्माण गर्न दुवै उमेदवारहरूले आफ्नो उम्मेदवारी फिर्ता गर्ने कुरामा सहमति भएपनि त्यसभन्दा पहिले राष्ट्रिय सहमतिका आधारमा सरकारको निर्माण बारे पूर्व सहमति बन्नु आवश्यक छ । नत्र दुवै उमेदवारहरूले उम्मेदवारी फिर्ता लिएपछि पहिलेको जस्तो सहमतिको असफलताको कथा दोहरिने छ र पुन: अन्यौलको अवस्था दोहरिने छ । यसबारे हाम्रो यो स्पष्ट मत छ, सरकारको निर्माणबारे सहमति कायम हुन नसकेर बहुमतीय प्रणालीका आधारमा सरकारको गठन भएपनि सत्ता वा प्रतिपक्षमा भएका दलहरूले शान्ति र संविधानबारे राष्ट्रिय सहमति कायम गर्ने नीति अपनाउनु पर्दछ ।

अहिले अनमिनको अवधि समाप्त भएपछि पुन: त्यसको अवधि बढाउने वा नबढाउने बारे बेग्ला-बेग्लै मतहरू देखापरिरहेका छन् । हाम्रो पार्टीले प्रारम्भ देखि नै नेपालमा अनमिनलाई प्रवेश गराउने कुराको विरोध गर्दै आएको थियो र बारम्बार त्यसको अवधि बढाउने कुराको विरोध गर्दै आएको छ । वास्तवमा अनमिनले संसारको जुनसुकै देशमा गएपनि त्यहाँ पुन: अशान्तिको अवस्था पैदा गर्ने र आफ्नो अवधि लगातार बढाउने काम गर्दै आएको छ । त्यसकारण त्यसद्वारा देशमा शान्तिको उद्देश्य पूरा हुन नसक्ने कुरा प्रष्ट छ । त्यसैले हाम्रो पार्टीले अनमिनको अवधि थप्ने काम नगरेर देशभित्र पारस्परिक सहमतिका आधारमा शान्ति कायम गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ । त्यही नै देशमा शान्तिको स्थापनाका लागि सर्वोत्तम कुरा हुनेछ ।

देशमा प्रधानमन्त्रीको चुनावले पैदा गरेको अन्योलको स्थितिले संविधानको निर्माणको कार्यलाई समेत अनिश्चित बनाउँदै लगेको छ । त्यसबाट प्रतिगामी शक्तिहरू उत्साहित बन्दै गएका छन् र राजतन्त्रको पुनर्स्थापनाका लागि आफ्नो गठबन्धनको प्रक्रियालाई बढाउँदै लैजान थालेका छन् । संविधानसभा र गणतन्त्र पक्षधर शक्तिका गलत प्रकारका नीति वा गतिविधिहरूबाट उनीहरूलाई बल पुगिरहेको छ । उनीहरूले आफ्ना नीति र गतिविधिमा सुधार गरेर देशमा शान्ति प्रक्रिया र संविधान निर्माणको प्रक्रियालाई सफल पार्न नसकेमा प्रतिगमनको खतरा सहित कैयौं गम्भीर दुष्परिणामहरू हुन सक्नेछन् । त्यसैले ने.क.पा. (मसाल)ले संविधानसभा र गणतन्त्र पक्षधर शक्तिहरूको संविधानसभा र गणतन्त्र पक्षधर शक्तिहरूसित आफ्ना गलत नीति र कार्यप्रणालीहरूका सुधार गरेर शान्ति प्रक्रिया र संविधानको निर्माण प्रति गम्भीर ध्यान आकर्षित गर्न चाहन्छ ।

माओवादी अध्यक्ष प्रचण्डले संसदीय व्यवस्था नै असफल भएको विचार प्रकट गरेका छन् । यो कुरा लुकेको छैन कि उनी बहुमतीय प्रतिस्पर्धाद्वारा बारम्बार प्रधानमन्त्रीमा निर्वाचन हुन नसकेका कारणले नै त्यस प्रकारको अभिव्यक्ति दिएका हुन् । तर आफू प्रधानमन्त्रीमा निर्वाचित हुन नपाएकाले नै संसदीय प्रणालीलाई असफल घोषित गर्नु वास्तवमा कुनै पनि सिद्धान्त वा व्यवस्थालाई व्यक्तिगत लाभ हानीका आधारमा मूल्यांकन गर्ने चरम प्रकारको व्यक्तिवादी र पदलोलुप सोंचाई नै हो । त्यस सन्दर्भमा त्यो भन्दा गम्भीर प्रश्न यो हो : संसदीय व्यवस्था असफल भएमा त्यसको विकल्प के हो वा के हुनुपर्दछ ? वर्तमान अन्तर्राष्ट्रिय वा राष्ट्रिय परिस्थितिमा तत्काल नयाँ जनवादी व्यवस्था सम्भव छैन । त्यो अवस्थामा संसदीय प्रणालीलाई असफल घोषित गर्नुको अर्थ कहीं

प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रतिगमनका लागि मार्ग प्रसस्त गर्ने आधार तयार पार्नु त होइन ? उनीहरूको त्यस्तो नीयत नभएपनि वर्तमान अवस्थामा संसदीय व्यवस्थालाई असफल घोषित गर्नु वा त्यसमाथि आक्रमण गर्ने नीतिबाट प्रतिगमनलाई नै मद्दत पुग्ने छ । उनीहरूको, मुख्यत: उनीहरूको नेतृत्व पंक्तिको राजावादीहरूसितको साँठगाँठको इतिहास र अहिले पनि उनीहरूको राजावादीहरू प्रतिको सम्झौतापरस्त दृष्टिकोणको पृष्ठभूमिमा त्यस प्रकारको प्रश्न उठाउनका लागि ठाउँ छ । जेहोस्, माओवादी नेतृत्वको संसदीय प्रणालीलाई असफल घोषित गर्ने नीतिलाई सामान्य अर्थमा नलिएर त्यसलाई गम्भीर रूपमा लिनुपर्ने आवश्यकता छ । त्यसबारे गणतन्त्र र बहुदलीय व्यवस्था पक्षधर सबै राजनीतिक शक्तिहरू र स्वयं माओवादी भित्रका पनि गणतन्त्र पक्षधर, इमान्दार नेता र कार्यकर्ताहरूको ध्यान जानुपर्ने आवश्यकता छ । त्यसरी नै संसदीय प्रणालीलाई असफल घोषित गर्ने तथा त्यस प्रकारको नीतिबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपले प्रतिगमनलाई मद्दत पुऱ्याउने नीतिको सामना गरेर गणतन्त्रलाई सुदृढ र संस्थागत गर्नु सम्भव हुनेछ र गर्नुपनि पर्दछ ।

### २०६७/०७/१५

ने.क.पा. (मसाल) को पी.वी.को बैठक हालै सम्पन्न भयो । देशका कतिपय राष्ट्रिय प्रश्नहरूबारे बैठकले निश्चित गरेका निर्णयहरूबारे जानकारी दिनका लागि यो वक्तव्य जारी गरिएको छ ।

अहिले बजेटको प्रश्न राष्ट्रिय विवादको प्रश्न बनेको छ । बजेट पारित नहुँदा प्रशासन, विकास कार्यक्रमहरू र जनजीवनमा समेत गम्भीर प्रकारको नकारात्मक असर पर्ने र त्यसबाट देशमा गम्भीर प्रकारको आर्थिक तथा राजनीतिक संकट पनि उत्पन्न हुने कुरा प्रष्ट छ । त्यसकारण अहिलेको सरकार काम चलाउ सरकार भएपनि त्यसले व्यवस्थापिका संसदमा बजेट प्रस्तुत गर्नुपर्दछ र बहुमतद्वारा त्यसलाई पारित गर्नुपर्दछ भन्ने हाम्रो मत छ ।

प्रधानमन्त्रीको चुनावमा देखापरेको अन्यौल र अनिश्चयताले देशको सम्पूर्ण राजनीति र संविधानको निर्माणको कार्यक्रममा समेत गम्भीर असर पर्नेछ । हामीले पहिले नयाँ सरकार, संविधान र शान्ति निर्माणको कार्यहरूमा समेत पूर्व सहमति नभैकन माधव नेपालको सरकारले राजीनामा दिंदा पुन: अन्यौलपूर्ण राजनीतिक स्थिति तयार हुनेछ भनेका थियौं । आखिर व्यवहारमा त्यही भयो । त्यसैगरी हामीले माओवादी अध्यक्ष प्रचण्ड र ने.का.का नेता रामचन्द्र पौडेल दुवैजना उम्मेदवारहरू भएका बेलामा उनीहरूले उम्मेदवारी पि(र्ता लिएपछि पुन: अन्यौपूर्ण राजनीतिक स्थिति पैदा हुन नदिन प्रधानमन्त्री वा नयाँ सरकारबारे पूर्व समझदारी आवश्यक छ भन्ने मत प्रकट गरेका थियौं । अहिले पनि हाम्रो त्यही मत छ ।

सहमतीय प्रणालीमा एकतर्फी रूपमा जोड दिएर बहुमतीय प्रणालीलाई पूरै निषेध गर्ने सोचाई नीतिगत र व्यवहारिक दुवै दृष्टिले गलत छ । सहमतीय प्रणाली असफल भएको अवस्थामा बहुमतीय प्रणालीमा जानका लागि सधैं विकल्प खुला राख्नु पर्दछ । अहिले प्रधानमन्त्रीको चुनावमा देखापरेको अवांछित प्रकारको स्थिति एमालेको बहुमतीय प्रणालीलाई पूरै निषेध गरेर दुईतिहाई वा सहमतीय प्रणालीमा एकतर्फी रूपमा जोड दिने र त्यस प्रकारको स्थिति तयार नहुँदासम्म प्रधानमन्त्रीको चुनावमा भाग नलिने नीतिको परिणाम हो र त्यो गलत नीतिले देशलाई अराजकता र राजनीतिक अनिश्चयताको दिशामा लैजाने छ ।

नेपाल, चीन र भारतका बीचको त्रिपक्षीय सहमतिको आधारमा देशका समस्याहरूलाई समाधान गर्न जोड दिने प्रचण्डको सोचाई अत्यन्त गलत हो । नेपालमा सरकारको गठन संविधानको निर्माण वा शान्ति प्रक्रियालाई देशभित्र नै हल गर्ने प्रयत्न गर्नु पर्दछ । प्रचण्डको सोचाईले खुलारूपले विदेशी हस्तक्षेपलाई निमन्त्रणा दिनेछ र हाम्रो पार्टीले उनको त्यो सोंचाईलाई गलत मान्दछ र विरोध गर्दछ ।

राष्ट्रिय पहिचान पत्रका सन्दर्भमा हाम्रो पार्टीको यो निश्चित मत छ कि खालि नागरिकता प्राप्त व्यक्तिलाई मात्र त्यस प्रकारको पहिचानपत्र प्रदान गरिनु पर्दछ । जन्मका आधारमा नागरिकता दिने नागरिकता ऐनका कारणले ठूलो संख्यामा विदेशीहरू नेपालका नागरिक बन्न पुगेका छन् । अब गैर-नागरिकहरूलाई समेत राष्ट्रिय पहिचान पत्र दिने काम गरियो भने देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा नै गम्भीर खतरा उत्पन्न हुनेछ र नेपाल फिजी हुने खतरा हुनेछ ।

देशमा बढिरहेको महंगी र दण्डहीनता माथि नियन्त्रण गर्न प्रभावशाली कदम उठाउन हाम्रो पार्टीले सरकारसित विशेष माग गर्दछ ।

### २०६७/०७/१८

निर्वाचन आयोगले नागरिकता बाहेक विभिन्न संघ-संस्था, शैक्षिक प्रमाणपत्र, गा.वि.स. र नगरपालिकाका सिफारिस आदिका आधारमा पनि मतदाता नामावलीमा नाम समावेश गर्न पाउने जुन निर्णय गरेको छ, त्यो राष्ट्रघाति कदम हो ।

मधेशवादी दलहरूको दवावमा आएर नै सरकारले अन्तरिम संविधानमा संघीयतालाई सामेल गर्ने, जन्मका आधारमा नागरिकता दिने वा जनसंख्याका आधारमा मात्र निर्वाचन क्षेत्रहरूको पुनर्गठनजस्ता निर्णयहरू गर्दै आएको छ । त्यही क्रममा अहिले पनि मधेशवादी दलहरूको दवावमा आएर नै निर्वाचन आयोगले मतदाता सुची बारे त्यस प्रकारको आपत्तिजनक निर्णय गरेको छ । त्यसबाट ठूलो संख्यामा गैर-नागरिकहरूको नाम मतदाता सुचीमा सामेल हुने र त्यसरी नेपाल फिजी हुने गम्भीर खतरा रहने छ ।

देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा आँच पुग्ने निर्वाचन आयोगको त्यस प्रकारको निर्णयको ने.क.पा. (मसाल)ले कडा शब्दमा भर्त्सना गर्दछ । त्यस प्रकारको निर्णयद्वारा निर्वाचन आयोगको निष्पक्षता र नीयतमा पनि शंका उत्पन्न भएको छ । त्यसकारण हाम्रो पार्टीले निर्वाचन आयोगको त्यो निर्णयका विरूद्ध तथा त्यसलाई फिर्ता लिनका लागि देशव्यापी रूपमा आवाज उठाउन सम्पूर्ण देशभक्त जनता, राष्ट्रियता पक्षधर सबै राजनीतिक शक्ति, संघ-संस्था, बुद्धिजीवी, सञ्चार माध्यम तथा हाम्रो पार्टीका सबै मोर्चा, नजिकका जनवर्गीय संगठन, पार्टी समिति, पार्टी सदस्य वा समर्थकहरू समेतसित समेत अपील गर्दछ ।

### २०६७/०८/०४

२०६७ मंसिर ३ गते व्यवस्थापिका संसदमा अर्थमन्त्रीले बजेट प्रस्तुत गर्दा भएको अशोभनीय प्रकारको व्यवहार प्रति

ने.क.पा. (मसाल)को गम्भीर ध्यान आकर्षित भएको छ । हाम्रो पार्टीले बजेट प्रस्तुत र पारित नहुँदा देशको अर्थतन्त्र नै अस्तव्यस्त हुने र त्यसरी देशको प्रशासन, विकास कार्यक्रम र जनजीवनमा समेत गम्भीर प्रकारले प्रभावित हुने कुराको उल्लेख गर्दै राजनीतिक दलहरूका बीचमा सहमति वा संसदको बहुमतद्वारा भएपनि बजेट पारित हुनुपर्ने कुरामा जोड दिँदै आएको थियो । त्यस सन्दर्भमा तीन प्रमुख राजनीतिक दलहरूका बीचमा सहमति भएर बजेट प्रस्तुत गर्ने टुंगो लागेपछि हामीले त्यसलाई स्वागत गरेका थियौं ।

मंसिर ३ गते अर्थमन्त्रीले संसदमा बजेट प्रस्तुत गर्दा माओवादीहरूले बजेटको सुटकेशलाई तोडफोड गर्ने तथा कुटपिट समेत गर्ने व्यवहारलाई हाम्रो पार्टीले तीव्र शब्दमा भर्त्सना गर्दछ । बजेट प्रस्तुत गर्न नदिने तथा संसदमा प्रदर्शन गरेको त्यस प्रकारको व्यवहारबाट खालि अर्थतन्त्रमा संघातिक आघात पुराउने मात्र होइन, आजका देशका तात्कालिक प्रमुख कार्यहरू सरकारको गठन, संविधानको निर्माणका लागि सहमतिको वातावरणको निर्माणमा समेत बाधा पुग्ने सम्भावना रहने छ । त्यो स्थितिबाट ०६२/६३ को आन्दोलनका उपलब्धिहरूको रक्षा, गणतन्त्रको सुदृढीकरणमा बाधा पुग्ने तथा पुनरूत्थानवादी शक्तिहरूलाई मद्दत पुग्ने नै सम्भावना रहने छ । माओवादीहरूको अहिलेसम्मको सम्पूर्ण गतिविधिहरू माथि ध्यान दिंदा यो प्रश्न पनि नउठाइकन रहन सकिन्न : कही ती प्रतिगामी उद्देश्यहरूलाई बल पुऱ्याउन नै उनीहरूले बजेट प्रस्तुत हुन नदिने र त्यहाँ त्यस प्रकारको अवांछित व्यवहार गरेका ता होइनन् ? उनीहरूको नीयत त्यस्तो नभएपनि उनीहरूको त्यस प्रकारको अवांछित व्यवहारको परिणाम त्यही नै हुनेछ ।

हाम्रो पार्टीले प्रारम्भ देखि नै बजेट संसदमा नै प्रस्तुत भएर पारित हुनुपर्ने कुरामा जोड दिँदै आएको थियो । तर माओवादीहरूको उपरोक्त प्रकारको व्यवहारले सिर्जना गरेको अवस्थामा सरकारले अत्यादेशद्वारा बजेट प्रस्तुत गर्नु त्यसको वाध्यता हो । त्यस प्रकारको परिस्थितिमा अध्यादेशद्वारा भएपनि बजेट प्रस्तुत गरेर सरकारले सही कार्य गरेको छ र हाम्रो पार्टीले त्यसलाई समर्थन गर्दछ ।

**२०६७/०८/०७**

तपाईहरूलाई यो बताउँदा हामीलाई खुसी लागिरहेको छ कि गत २०१० अक्टोबर ६ का दिन "क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-अर्डिनेशन" (International Coordination of Revolutionary Parties and Organizations-ICOR) को गठन भयो । यूरोपको कुनै देशमा भूमिगत रूपले सम्पन्न आई.सी.ओ.आर.को स्थापना सम्मेलनमा त्यो संगठनको निर्माण भएको थियो । त्यो सम्मेलनमा नेपाल, भारत, बंगलादेश, टर्की, कंगो, बोलेभिया, पनामा, चिले, डोमिनेकिन रिपब्लिक, यू.एस.ए., मेक्सिको, जर्मनी, लक्जम्वर्ग, इटाली, यूनान, बल्गेरिया, युक्रेन, वेलारूस, चेकोस्लोभाकीया, स्लोभाकीया, स्वीटरजलैण्ड र उरोग्वेका मार्क्सवादी-लेनिनवादी पार्टी र संगठनहरूका प्रतिनिधिहरू सामेल थिए । त्यो सम्मेलनमा ने.क.पा. (मसाल)को तर्फबाट मोहनविक्रम सिंह सहभागि हुनुहुन्थ्यो । त्यो सम्मेलनको सफलताका लागि नेपालबाट ने.क.पा.(माओवादी), ने.क.पा. (एमाले)ले पनि शुभकामना पठाएका थिए ।

आई.सी.ओ.आर.को गठन अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको नै ऐतिहासिक महत्वको कार्य थियो । त्यसको उद्देश्य ६७ वर्ष पहिले विघटन भएको कम्युनिष्ट इन्टरनेशनल (कमिन्टर्न)को कमीलाई पूरा गर्नु नै हो । तर त्यसका लागि लामो गृहकार्य, सैद्धान्तिक र संगठनात्मक कार्य गर्नुपर्ने आवश्यकता माथि ध्यान दिँदै तत्काल त्यसका लागि त्यसलाई "अन्तर्राष्ट्रिय को-आर्डिनेशन"को रूपमा मात्र प्रारम्भ गर्ने ठेगान भएको छ र त्यो स्वतन्त्र संगठनहरूको को-अर्डिनेशन हुनेछ ।

सर्वप्रथम सम्मेलनको उद्‌घाटन कार्यक्रम सम्पन्न भयो । जर्मनीको मार्क्सवादी-लेनिनवादी पार्टी, एम.एल.पी.डी., का अध्यक्ष तथा अन्तर्राष्ट्रिय सम्मेलन तयारी ग्रुपका प्रमुख का. स्टिफेन एंगेल्सले परिचयात्मक वक्तव्य दिनुभयो । उहाँले आफ्नो वक्त( व्यमा सर्वप्रथम विश्वको अन्तर्राष्ट्रिय र आर्थिक अवस्था, विश्व कम्युनिष्ट आन्दोलनको अवस्थाबारे प्रकाश हाल्नुभयो । उहाँले आफ्नो वक्तव्यमा भन्नु भयो : "यो सम्मेलनको उद्देश्य गत कालका शिक्षा, ठोस स्थिति र वर्तमान र भविष्यको कार्यहरू माथि ध्यान दिँदै अन्तर्राष्ट्रिय क्रान्तिकारी र मजदुर वर्गको आन्दोलनको पुन: संगठनमा योगदान दिनु नै हो । आई.सी.ओ.आर.को स्थापना अन्तर्राष्ट्रिय क्रान्तिकारी र मजदुर आन्दोलनको एकीकरणका लागि जग बन्नु पर्दछ ।"

उहाँले आफ्नो वक्तव्यमा यो बताउनु भयो कि अगस्त २००७ मा २१ देशका संगठनहरूले त्यस प्रकारको अन्तर्राष्ट्रिय संगठनको निर्माण गर्ने निर्णय गरेका थिए । ती संगठनहरूमा ने.क.पा. (मसाल) पनि उपस्थिति थियो । त्यो निर्णयको तयारीका सिलसिलामा एशिया, अफ्रिका, अमेरिकामा र यूरोपका महाद्वीपहरूमा महाद्वीप स्तरीय सम्मेलनहरू भएका थिए । त्यस सिलसिलामा एशियाको दोस्रो सम्मेलन ने.क.पा. (मसाल) को आयोजनामा काठमाडौंमा भएको थियो । ती सबै महाद्वीपहरूका सम्मेलनहरूमा ७० वटाभन्दा बढी संगठनहरूको सहभागिता थियो । त्यस प्रकारको विश्वव्यापी तयारी पछि नै आई.सी.ओ.आर.को स्थापना सम्मेलन भएको थियो ।

का. स्टिफेनको परिचयात्मक वक्तव्यपछि विभिन्न देशहरूका पार्टी वा संगठनहरूका प्रतिनिधिहरूले शुभकामना दिनुभएको थियो । त्यो कार्यक्रममा ने.क.पा. (मसाल)का तर्फबाट मोहनविक्रम सिंहले आफ्नो शुभकामना दिनुभएको थियो । उद्‌घाटन कार्यक्रम पछि संगठनको विधान, नियम र प्रस्तावहरू माथि छलफल गर्ने कार्य भयो । संगठनको नाम सर्वसम्मतले क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तर्राष्ट्रिय को-आर्डिनेशन राख्ने निर्णय भयो । त्यसको प्रत्येक तीन वर्षमा अन्तर्राष्ट्रिय सम्मेलन हुनेछ । त्यसका अफ्रिका, अमेरिका, एशिया (अष्ट्रेलिया सहित) र यूरोपका महाद्वीप सम्मेलनहरू हुनेछन् । संगठनको एउटा अन्तर्राष्ट्रिय को-अर्डिनेशन समिति (आई.सी.सी.) र बेग्लाबेग्लै महाद्वीपहरूका महाद्वीपीय को-अर्डिनेशन समिति हुनेछन् ।

अन्तर्राष्ट्रिय को-अर्डिनेशनमा सदस्यताका लागि यस प्रकारका नियमहरू निर्धारित गरिएका छन् : क्रान्तिकारी परिवर्तन र सर्वहारा वर्गको अधिनायकत्वलाई समर्थन; संशोधनवाद, ट्राटस्कीवाद, अराजकतावादका साथै कथित "स्टालिनवाद" वा "माओवाद" र सर्वहारा वर्गको अधिनायकत्वप्रति शत्रुतापूर्ण आक्रमण र बुर्जुवा घृणित अभियानबाट स्पष्ट सम्बन्ध विच्छेद आदि । त्यस प्रकारका

शर्तहरूलाई स्वीकार गर्ने संगठनहरूलाई संगठनमा सामेल हुने अधिकार हुनेछ । संगठनहरूका अधिकार र कर्त्तव्य तथा अनुशासन सम्बन्धी नियमहरू निर्धारित गरिएका छन् ।

सम्मेलनले कतिपय प्रस्तावहरू पारित गरेको छ, जसमध्ये अन्तर्राष्ट्रिय आर्थिक संकट र साम्राज्यवादका विरूद्धको संघर्ष तथा वातावरण सम्बन्धी प्रस्तावहरू मुख्य छन् । आर्थिक संकटका कारणले साम्राज्यवादको अवस्था कमजोर भएर क्रान्तिका लागि वस्तुगत अवस्था तयार भएको छ, तर आत्मगत परिस्थिति कमजोर छ । त्यसलेगर्दा तत्काल विश्वस्तरमा क्रान्ति सफल पार्नसक्ने अवस्था छैन । तैपनि साम्राज्यवादको विरूद्ध विश्वव्यापी रूपमा आन्दोलन उठ्दै गएका छन् र तिनीहरूलाई अगाडि बढाउन पहल गर्नुपर्ने आवश्यकता छ । साम्राज्यवादका कारणले विश्व वातावरणमा पनि धेरै क्षति पुगेको छ र त्यसबाट सम्पूर्ण मानवजातिका अगाडि गम्भीर खतरा उत्पन्न भएको छ । त्यसकारण साम्राज्यवादका विरूद्धको संघर्षका रूपमा वातावरणको रक्षाका लागि संघर्ष गर्ने निर्णय पनि सम्मेलनले गरेको छ । त्यस अनुसार आगामी डिसम्बर ४ अर्थात् यही मंसिर १८ गतेलाई विश्व वातावरण दिवसका रूपमा मनाउने निर्णय भएको छ । त्यस सिलसिलामा ने.क.पा. (मसाल)ले पनि नेपालमा विभिन्न कार्यक्रमहरू सहित त्यो दिवसलाई देशव्यापी रूपमा मनाउने निर्णय गरेको छ ।

हाम्रो पार्टीको मुखपत्र, मसाल,को आगामी अंक "अन्तर्राष्ट्रिय सम्मेलन विशेषांक"का रूपमा प्रकाशित हुने र त्यसमा आई.सी.ओ.आर.का दस्तावेज तथा निर्णयहरू विस्तारपूर्वक दिइने छन् ।

---

**२०६७/०८/०९**

निर्वाचन आयोगको नागरिकता प्रमाणपत्र बाहेकका अन्य कतिपय प्रमाणपत्र वा नगरपालिका, गा.वि.स., वार्डका सिफारिसबाट मतदाता सूचीमा नाम समावेश गर्ने गरेको निर्णयबाट नेपालीहरूभन्दा विदेशीहरूको बहुमत हुने र त्यसरी देशमा फिजीकरणको संकट देखापर्ने सम्भावना छ । त्यसबारे हाम्रो पार्टीले विभिन्न स्तरमा विरोध गर्दै आएको छ ।

उक्त निर्णयबाट देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डता माथि आँच पुग्ने कुरा माथि ध्यान दिंदै हाम्रो पार्टीले त्यसका विरूद्ध देशव्यापी रूपमा आवाज उठाउन, आन्दोलन संगठित गर्न तथा जनमत तयार पार्नुपर्ने आवश्यकतामा जोड दिन्छ । त्यो निर्णयलाई फिर्ता गर्न र त्यसबाट सम्भावित दुष्परिणामहरू रोक्न व्यापक रूपले संयुक्त पहल गर्नुपर्ने आवश्यकता छ । परस्परमा द्विपक्षीय, बहुपक्षीय वार्ता, भेटघाट, वार्ता वा संयुक्त कार्यक्रमहरूको आयोजना गरेर त्यस प्रकारको संयुक्त आन्दोलनका लागि आधार तयार पार्ने प्रयत्न गर्नु पर्दछ । हाम्रो पार्टीले त्यसका लागि बढीभन्दा बढी पहल गर्ने प्रयत्न गर्नेछ र हाम्रो पार्टीले सम्बन्धित सबै राजनीतिक दल, संगठन, संघ-संस्था वा व्यक्तिहरूसित पनि त्यसका लागि अपील गर्दछ ।

---

**२०६७/०८/१४**

ने.क.पा. (मसाल) को केन्द्रीय समितिको बैठक यही २०६७ मंसिर ५ गते देखि १३ गतेसम्म सम्पन्न भयो । त्यो बैठकले देशका विभिन्न महत्वपूर्ण राजनीतिक प्रश्नहरूमा विस्तृत छलफल गरेर नीति निश्चित गर्नुको साथै आन्दोलनको आगामी कार्यक्रम पनि निर्धारित गरेको छ ।

बैठकले सबैभन्दा बढी यसका लागि चिन्ता प्रकट गरेको छ कि गत जेष्ठ १४ गते संविधान निर्माणका लागि एक वर्षको अवधि बढाएकोमा ६ महिना जति समय वितिसक्दा पनि त्यो दिशामा कुनै प्रगति भएको छैन; माधव नेपालको सरकारले राजिनामा दिएको ५ महिना पुग्नथाल्दा पनि प्रधानमन्त्रीको चुनाव र नयाँ सरकारको गठन हुन सकेको छैन र अर्थमन्त्रीले बजेट प्रस्तुत गर्दा माओवादीले गरेको कुटपिट र तोडफोडका कारवाहीपछि संसदको बैठक समेत स्थगित भएको छ । यस प्रकारको घटनाहरूको परिणाम स्वरूप देशको राजनीतिक भविष्य, ०६२-६३ को आन्दोलनका उपलब्धिहरू र गणतन्त्रको भविष्य समेत अनिश्चित बन्न पुगेका छन् ।

स्वयं एमाले र माओवादी समेतको सहमतिमा बनेको अन्तरिम संविधानमा सहमतिबाट र सहमति नबनेमा बहुमतीय आधारमा प्रधानमन्त्रीको चुनाव गर्ने संवैधानिक प्रणालीको एमालेले अतिक्रमण गरेकाले नै सरकारको गठन बारे गत्यावरोध पैदा भएको हो । बारम्बारको चुनावपछि पनि प्रधानमन्त्रीको चुनाव हुन सकेको छैन । सर्वोच्चको फैसला र संसदको बैठक स्थगित भएपछि प्रधानमन्त्रीको चुनाव बारे नयाँ विवादहरू उत्पन्न भएका छन् । ती विवादहरू टुंगाउन संविधानमा कुनै स्पष्ट व्यवस्था नभएकाले सम्बन्धित राजनीतिक दलहरूका बीचको सहमतिका आधारमा नै त्यो समस्यालाई समाधान गर्ने प्रयत्न गर्नुपर्दछ भन्ने हाम्रो मत छ । संविधानको निर्माण र सरकारको गठनबारे समेत पैदा भएको अनिश्चयताको अवस्थाबाट फाइदा उठाएर राजावादीहरूले संविधानसभाको विघटन र राजतन्त्रको पुनर्स्थापनाको माग राखेर आफ्ना गतिविधिहरू बढाएर लगिरहेका छन् । त्यस प्रतिपनि संविधानसभा र गणतन्त्र पक्षधर सबै राजनीतिक शक्तिहरूको ध्यान जानुपर्ने आवश्यकता छ ।

अहिले संविधानको निर्माण नै अनिश्चि बन्दै गएकाले संघीयताको विषय केही पछाडि परेजस्तो देखिन्छ । तर देशमा संघीयता, जातीय राज्य, आत्मनिर्णयको अधिकार, बहुराष्ट्रिय राज्य वा एक मेधश-एक प्रदेश समेतका मागहरू लिएर संविधासभाभित्र वा बाहिर लगातार प्रयत्नहरू भइरहेका छन् र त्यो क्रममा देशको राष्ट्रियता, सार्वभौमिकता, अखण्डता तथा अस्तित्वमा समेत आँच पुग्ने सम्भावनाहरू देखापरेका छन् । त्यो अवस्थामा संघीयताका विरूद्धको आन्दोलनमा पनि लगातार जोड दिनुपर्ने आवश्यकता छ ।

नागरिकता प्रमाणपत्र नभएका व्यक्तिहरूको पनि मतदाता नामावलीमा नाम समावेश गर्न पाउने निर्वाचन आयोगको निर्णयलाई स्थगित गर्न सर्वोच्च अदालतले दिएको आदेश सकारात्मक र स्वागतयोग्य कदम हो । तर त्यो अन्तिम फैसला होइन । त्यसैले निर्वाचन आयोगको अहिले स्थगित भएको निर्णय पुन: कार्यान्वित हुन नपावस् भन्नका लागि व्यापक आन्दोलन र जनमतको सिर्जना गर्नुपर्ने आवश्यकता छ । त्यसका लागि हामीले निर्वाचन आयोगको त्यो निर्णयको विरोध गर्ने सबै राजनीतिक शक्ति, संघसंस्था वा व्यक्तिहरूसित संयुक्त भएर पहल गर्न अपील गर्दछौं ।

नेपालका माओवादीहरूले भारतीय माओवादीहरूलाई तालिम दिएको भनेर कारवाही गर्न भारतीय राजदुतले गृहमन्त्रीलाई नै भेटेर उनीहरू (नेपाली माओवादीहरू)का विरूद्ध कारवाही गर्ने

माग राखेको कार्यप्रति हाम्रो पार्टीले आपत्ति प्रकट गर्दछ । प्रथम, त्यसबारे भारतीय राजदूतले परराष्ट्रमन्त्रीका ठाउँमा गृहमन्त्रीसित भेटेर त्यस प्रकारको माग गर्नु नेपालको आन्तरिक विषयमा हस्तक्षेप हो । द्वितीय, नेपालका र भारतका माओवादीहरूले आपसमा एक अर्कालाई सल्लाह वा सहयोग गरेको भएपनि त्यो संसारभर अन्य राजनीतिक शक्तिहरू वा माओवादीहरूका बीचमा पनि प्रचलित भाइचारा सम्बन्ध अन्तर्गत आउने कुरा हो । त्यसैले त्यस सम्बन्धी भारतीय राजदुतको विरोध निराधार र गलत छ ।

आज नेपालमा सामान्यत: अमेरिका, यूरोपियन यूनियन र मुख्यत: भारतीय विस्तारवादको हस्तक्षेप बढेर गएको कुरालाई हाम्रो पार्टीले गम्भीर रूपमा लिन्छ । त्यसबाट संविधानको निर्माण, शान्ति प्रक्रिया र देशको राष्ट्रियतामा समेत गम्भीर आँच पुगिरहेको छ । त्यसकारण हाम्रो पार्टीले त्यस प्रकारको विदेशी हस्तक्षेपका विरूद्ध राष्ट्रिय स्तरमा आन्दोलन संगठित गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ । तर त्यो कारणले अहिले देशका अगाडि गम्भीर रूपमा देखापरेका संविधानको निर्माण र गणतन्त्र समेतका कार्यहरूलाई उपेक्षा गर्ने वा गैण बनाउने कुनै पनि दृष्टिकोणलाई हाम्रो पार्टीले गलत मान्दछ र विरोध गर्दछ ।

अध्यादेशद्वारा बजेट ल्याउने र संसदको वर्षे अधिवेशनलाई समयभन्दा पहिले नै अन्त गर्ने कार्यबाट संसदीय व्यवस्था कमजोर हुन गएको छ । माओवादीहरूको संसदमा बजेट प्रस्तुत गर्न बाधा हाल्ने कारवाहीले पैदा गरेको वाध्यात्मक स्थितिबाट नै सरकारले अध्यादेशबाट बजेट ल्याउनु परेको हो । त्यसकारण हाम्रो पार्टीले त्यसलाई गलत मान्दैन । तैपनि अहिलेको अवस्थालाई अनिश्चित समयसम्म कायम राख्नु सही हुनेछैन । त्यसैले छिटै संसदको अधिवेशन बोलाएर संसदका कारवाही, प्रधानमन्त्रीको चुनाव र संविधानको निर्माणको कार्यलाई सम्पन्न गर्नु पर्ने आवश्यकतामा हाम्रो पार्टीले जोड दिन्छ ।

अहिलेको सरकार काम चलाउ सरकार भएकोले त्यसको अधिकार र भूमिका सीमित हुने कुरा स्वत:सिद्ध छ । तैपनि देशमा बढिरहेको भ्रष्टाचार, तस्करी, महंगी, दण्डहीनता आदि माथि नियन्त्रण गर्न प्रशासकीय रूपले त्यसले खेल्नुपर्ने भूमिका पनि खेल्न सकेको छैन । हाम्रो पार्टीले सरकारको त्यस प्रकारको कमजोर कार्यशैलीको आलोचना गर्दै त्यसमा सुधार गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ ।

बैठकमा संविधानको निर्माण, गणतन्त्रको सुदृढीकरण, राष्ट्रियताको रक्षा तथा संघीयताका विरूद्ध समेत देशव्यापी रूपमा आन्दोलन वा अभियान सञ्चालन गर्नुपर्ने निर्णय गरेको छ । बैठकमा पार्टीका संगठनात्मक प्रश्नहरूमा पनि कतिपय निर्णयहरू गरिएका छन् ।

बैठकमा हालै सम्पन्न क्रान्तिकारी पार्टी र संगठनहरूको अन्तरराष्ट्रिय को-अर्डिनेशन (आई.सी.ओ.आर) को स्थापना सम्मेलन र त्यो संगठनको गठन तथा मार्क्सवादी-लेनिनवादी पार्टी र संगठनहरूको १० औं अन्तर्राष्ट्रिय सम्मेलनबारे का. मोहनविक्रम सिंहले प्रस्तुत गरेको रिपोर्ट माथि विचार गर्दै ती दुवैलाई अनुमोदन गर्ने निर्णय गरेको छ । त्यही क्रममा आई.सी.ओ.आर.को अन्तर्राष्ट्रिय सम्मेलनले गरेको निर्णय अनुसार डिसेम्बर ४ (मंसिर १८ गते) लाई विभिन्न कार्यक्रमहरू सहित वातावरण दिवसको रूपमा बनाउने पनि बैठकले निर्णय गरेको छ ।

बैठकले का. हरि आचार्यलाई पार्टीको केन्द्रिय प्रवक्ता बनाउने निर्णय गरेको छ ।

---

**२०६७/०८/१४**

मार्क्सवादी-लेनिनवादी पार्टी र संगठनहरूको १० औं अन्तर्राष्ट्रिय सम्मेलन हालै यूरोपको कुनै भागमा भूमिगत रूपले सम्पन्न भएको छ । त्यो सम्मेलनमा नेपाल, भारत, जर्मनी, लक्जम्वर्ग, बंगलादेश, फिलिपिन्स, फ्रान्स, टर्की, अमेरिका, पनामा, बोलिभिया, अर्जेटिना, पाराग्वे, कंगो, डोमिनिकन रिपब्लिक, नेदरलैण्ड र इरानका पार्टी र संगठनहरूका प्रतिनिधिहरू सामेल भएका थिए । ने.क.पा. (मसाल) का तर्फबाट पार्टीका महामन्त्री का. मोहनविक्रम सिंहले भाग लिनुभएको थियो ।

त्यो सम्मेलनमा विस्तृत छलफल पछि मुख्यत: प्रथम, विश्वमा देखापरेको आर्थिक संकट, द्वितीय, कथित आतंकवादका विरूद्ध साम्राज्यवादी शक्तिहरूको कथित युद्ध र तृतीय, वातावरण सम्बन्धी प्रश्न र मार्क्सवादी-लेनिनवादीहरूको कर्त्तव्य सम्बन्धी प्रस्तावहरू पारित भएका थिए । सम्मेलनमा विश्वमा देखापरेको आर्थिक संकट बारे गम्भीरतापूर्वक छलफल भयो । त्यस सम्बन्धी प्रस्तावमा लेखिएको छ : आर्थिक र वित्तीय संकटले गर्दा साम्राज्यवाद अत्यन्त कमजोर भएको छ । त्यसले गर्दा वस्तुगत रूपमा क्रान्तिको आधार तयार भएको छ । तर त्यो स्थितिलाई क्रान्तिको पक्षमा उपयोग गर्नका लागि क्रान्तिको आत्मगत पक्षलाई मजबुत पार्नुपर्ने आवश्यकता छ र त्यसका लागि मार्क्सवादी-लेनिनवादीहरूले विशेष पहल गर्नुपर्ने आवश्यकता छ ।

साम्राज्यवादी शक्तिहरूले कथित आतंकवादका विरूद्ध विश्वव्यापी रूपमा युद्ध चलाउने प्रयत्न गरिरहेका छन् । तर उनीहरूको कथित आतंकवादका विरूद्धको त्यस प्रकारको युद्धको वास्तविक उद्देश्य सबै क्रान्तिकारी आन्दोलनलाई दवाउनु र त्यसरी अधिकतम नाफा कमाउनु तथा विश्वमा आफ्नो प्रभूत्व कायम गर्नु नै हो । वास्तवमा साम्राज्यवादीहरू नै विश्वका वास्तविक आतंकवादीहरू हुन् । उनीहरूका इराक वा अफनास्तिान विरूद्धको आक्रमणहरूबाट त्यो कुरामा कुनै शंका रहन्न । त्यसैले संसारका सबै मार्क्सवादी-लेनिनवादीहरूले उनीहरूका युद्ध, विभिन्न देशहरूमा गरेको कब्जा वा फासिष्ट नीतिहरूका विरूद्धको संघर्षमा जोड दिनुपर्दछ ।

सम्मेलनले वातावरणको समस्यालाई पनि गम्भीर रूपमा उठाएको छ । साम्राज्यवादीहरूको आफ्ना नाफाका लागि पृथ्वीलाई व्यापक रूपले दोहन गर्ने नीतिले विश्वव्यापी रूपमा प्रदुषण बढेर गएको छ र प्रकृति र मानवका बीचको सम्बन्धमा गम्भीर प्रकारको असन्तुलन कायम भएको छ । त्यसबाट सम्पूर्ण मानवजातिका अगाडि नै गम्भीर खतरा उत्पन्न भएको छ । त्यो अवस्थामा साम्राज्यवादका विरूद्धको संघर्षलाई सशक्त र व्यापक रूपमा उठाउँदै प्रदूषणको समस्यालाई हल गर्न मार्क्सवादीहरूले विशेष ध्यान दिनुपर्ने आवश्यकता छ ।

उक्त मुख्य प्रस्तावहरू बाहेक विभिन्न देशहरूका समस्या र आन्दोलन बारे पनि कतिपय प्रस्तावहरू पारित गरिएका थिए । •

# आ.सी.ओ.आर.मा प्रस्तुत ने.क.पा. (मसाल) को रिपोर्ट

म हाम्रो पार्टी ने.क.पा. (मसाल)को छोटो परिचयसाथ यसको योगदान सुरू गर्न चाहन्छु । यो पार्टी १५ अप्रिल १९४९ मा स्थापित भएको हो र पछि सन् १९८३ मा यसलाई ने.क.पा. (मसाल) नाम दिइयो । ६ दशकको इतिहासको क्रममा हामीले विभिन्न प्रकारका प्रतिगामी शासनको विरूद्धमा जनताको उचित मागहरूको पक्षमा, संयुक्त आन्दोलनको सञ्चालनमा र राष्ट्रि एवं अन्तर्राष्ट्रिय स्तरमा देखिने विभिन्न प्रकारका अवसरवादी विचारहरू, खास गरी उग्र"वामपन्थी", दक्षिणपन्थी र मध्यपन्थीहरूका विरूद्धको संघर्षमा थुप्रै अनुभवहरू प्राप्त गरेका छौं ।

नेपालमा राजतन्त्र समाप्त भएको छ । तापनि सामन्तवादी व्यवस्था अझै जीवित छ । नेपाल अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक देश हो । त्यसैले नयाँ जनवादी क्रान्ति एउटा ऐतिहासिक आवश्यकता हो । नयाँ जनवादको लागि हाम्रो कार्यक्रम र प्रतिवद्धता कायम राख्दै, अहिले हामी प्राप्त गणतन्त्रको सुदृढीकरणको लागि र संविधान बनाउने कामलाई तत्काल गर्नुपर्ने कामको रूपमा लिन्छौं । हामी मान्दछौं कि दीर्घकालिन जनयुद्ध नगरेसम्म विद्यमान अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक अवस्थाको अन्त्य गर्न सम्भव छैन । तर अहिले हामी देशको वस्तुगत एवं आत्मगत अवस्थालाई ध्यानमा राख्दै शान्तिपूर्ण संवैधानिक बाटो अपनाउनुलाई उचित ठान्दछौं । हाम्रो पार्टी भूमिगत रहेकाले हामी हाम्रो वैधानिक मञ्च राष्ट्रिय जनमोर्चाको माध्यमबाट जनतामाझ गई काम गर्दछौं । हाल यसका चारवटा सदस्यहरू संविधानसभामा छन् । यस बाहेक हाम्रा एक दर्जनभन्दा बढी वर्गीय एवं जनसंगठनहरू छन् । हाम्रो देश बाहेक खास गरी भारत र त्यसपछि अरेवीयन देशहरूमा पनि राम्रो संगठनात्मक अवस्था छ ।

आई.सी.ओ.आर.को स्थापनाको ऐतिहासिक महत्व भएकाले हामी यसको हार्दिक समर्थन गर्दछौं । तर यसको समर्थन गर्दागर्दै पनि हामी सैद्धान्तिक पक्षलाई विशेष महत्व दिन्छौं । हाम्रो सामु अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको पुनर्गठन गर्ने अभिभारा छ । त्यो कार्य राजनीतिक र सैद्धान्तिक नीतिप्रति स्पष्ट दृष्टिकोण र दृढ अडान भएपछि मात्र पूरा गर्न सकिन्छ । हामीले लेनिनले सैद्धान्तिक तथा राजनीतिक कार्यदिशाप्रति संधैं सम्झौतारहित दृष्टिकोण लिने गरेका तथ्यलाई विर्सनु हुँदैन । यस्तो दृष्टिकोणको लागि हामीले स्पष्ट रूपमा दक्षिणपन्थी 'वाम' विखण्डनवादी एवं मध्यपन्थी अवसरवादको विरोध गर्नुपर्छ । आई.सी.ओ.आर. एउटा क्रान्तिकारी संगठन बन्ने हो वा एउटा फितलो प्रकारको संयुक्त मोर्चा बन्ने हो भन्ने कुरा यसले कस्तो प्रकारको सैद्धान्तिक अडान लिन्छ भन्ने कुरामा निर्भर गर्दछ । अझ बढी प्रष्टरूपमा भन्दा आई.सी.ओ.आरले यदि सैद्धान्तिक मामिलामा फितलो अडान लिएको खण्डमा यो तेस्रो अन्तर्राष्ट्रियभन्दा पनि दोस्रो अन्तर्राष्ट्रियको बाटोमा जाने सम्भावना बढी छ । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन यो कुराको प्रमाण हो कि कतिपय क्रान्तिकारी संगठनहरू सही सैद्धान्तिक अडान अपनाउन नसक्दा र सही राजनीतिक दिशा लिन नसक्दा विलिन भएर गएका छन् । हामीले आई.सी.ओ.आर.लाई यस्तो हुनबाट बचाउनु पर्छ ।

वर्तमान समयमा गणतन्त्रको सुदृढीकरण र संविधान बनाउने कामहरू महत्वपूर्ण हुन् । दुवै कामहरू बुर्जुवा प्रकृतिका हुन् र क्रान्तिकारी चरित्रका होइनन् । यस्तो हुँदा हुँदै पनि हामीहरू यी कामहरू पूरा नगरी अगाडि बढ्न सक्दैनौं । तर यो थाहा भइसकेको छ कि संविधानसभाले दुईवर्ष बितिसक्दा पनि संविधान बनाउन सकेको छैन । त्यसपछि पुन: एकवर्ष त्यही कामको लागि थपियो । अर्कोतिर नवौं पटकसम्मको चुनावबाट पनि प्रधानमन्त्रीको चयन हुन सकेन । यस्तो अवस्थामा यही परिस्थिति रहेमा बाँकी समय अवधिमा पनि संविधान बन्ने कुरा निकै कठिन भएको देखापर्छ । यदि थप गरिएको एकवर्षको समय बितिसक्दा पनि देशमा संविधान नबनेमा देशमा के होला भन्ने प्रश्न गम्भीर छ ।

यही परिस्थितिको फाइदा उठाएर राजावादीहरू अगाडि आइरहेका छन् र राजतन्त्रको पुर्नस्थापना गर भन्ने नारा लगाइरहेका छन् । उनीहरूले उत्पन्न गराएको खतरालाई नजरअन्दाज गर्न सकिंदैन । साथै सामान्यता अमेरिकी साम्राज्यवादको खास गरी भारतीय विस्तारवादको कारणले गर्दा देशको अखण्डता र राष्ट्रियता नै खतरामा परेको छ । भूराजनीतिक दृष्टिकोणले गर्दा नेपालको सन्दर्भमा भारतीय विस्तारवाद नै राष्ट्रियता, सार्वभौमिकता र अखण्डताको लागि प्रमुख खतराको रूपमा रहेको छ ।

संघीयता पनि देशको लागि एउटा खतरा बनेको छ । राजनीतिक स्थिति यतिसम्म बिग्रेको छ कि केही राजनीतिक संगठनहरूले आत्मनिर्णयको अधिकार सहितका जातीय राज्यको निर्माणका लागि जोड दिएका छन् । त्यसैले संघीयताले देशलाई जातीय द्वन्द्व र विखण्डनतर्फ लगिरहेको छ ।

यस्तो अवस्थामा नेकपा (मसाल)ले देशव्यापी रूपमा सभा, सम्मेलन, नारा, जुलुस, हडताल, सेमिनार जस्ता कार्यक्रम गरी गणतन्त्रको रक्षा र राष्ट्रियताको सम्बर्धनमा जोड दिंदै संघीयताको सशक्त विरोध गरेको छ । धन्यवाद